साप्ताहिक

# श्रमिक

WORKERS Weekly

(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३२ ✪ अङ्क ५१ ✪ २२ पुस २०८२, मङ्गलबार ✪ 6 January 2026, Tuesday ✪ मूल्य रू. १०।-

## आर्थिक रूपले स्वतन्त्र नभएसम्म देश स्वतन्त्र नहुने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले प्रत्येक शैक्षिक संस्थाहरूले विद्यार्थीहरूलाई नागरिक भावना जगाई देशभक्त बनाउनुपर्ने आवश्यकता औँल्याउनुभएको छ । वागीश्वरी कलेज, वागीश्वरी मावि र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको पुस १५ गते महामञ्जुश्रीस्थित कलमसीमा भएको वार्षिक भेटघाट कार्यक्रममा उहाँले सो आवश्यकता औँल्याउनुभएको हो ।

शिक्षा क्षेत्रलाई खतम पारेपछि मात्र साम्राज्यवादीहरूले आफ्नो स्वार्थ पूरा गर्न सक्ने भएकाले पाठ्यक्रम र पाठ्यपुस्तकका अलावा विद्यार्थीहरूलाई नागरिक शिक्षा दिनुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

उदारवादको नाममा पुँजीवादीहरूले आर्थिक र सांस्कृतिक रूपमा नवउपनिवेश लादेर जनतालाई दिग्भ्रमित पार्दै व्यक्तिवादी बनाउन थालेकाले नागरिक भावना जगाई देशभक्त बनाउनुपर्ने तर्क उहाँको रहेको छ ।

पुँजीवादी शक्तिहरू विभिन्न शैलीमा अगाडि बढिरहेको बताउँदै उहाँले आर्थिक रूपले स्वतन्त्र नभएसम्म देश स्वतन्त्र नहुने स्पष्ट पार्नुभयो ।

साम्राज्यवादीहरूको नीतिअनुसार नेपालले अनिवार्य र नि:शुल्क शिक्षा नीति नलिएकै कारण अहिले शिक्षा महँगो हुन गएको उहाँले बताउनुभयो । यही कारण विद्यार्थीहरू कामदारका रूपमा बाहिर मुलुकमा जान बाध्य भएको र साम्राज्यवादीहरूले सस्तो कामदार पाइरहेको टिप्पणी उहाँको रहेको छ ।

अमेरिकी डलरको विकल्पमा चीन, रुस, भारतसहितका देश लागिपरेकाले अहिले अमेरिकालाई अप्ठ्यारो हुन थालेको र अमेरिकाले चीनलाई साम्राज्यवादी मुलुक हो भनेर अफ्रिका, दक्षिण अमेरिकालगायतका मुलुकलाई दिग्भ्रमित पार्न खोज्दा पनि सफल हुन नसकेको जानकारी उहाँले दिनुभयो ।

वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्ट व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन हरतरिकाले प्रयास भइरहेको र गुणस्तरलाई ध्यान दिइरहेको बताउनुभयो ।

भक्तपुरमा शिक्षासम्बन्धी राष्ट्रिय सम्मेलनका साथै अन्तर्राष्ट्रिय सम्मेलन पनि गर्न थालेको स्पष्ट पार्दै भक्तपुरकै

बाँकी पृष्ठ १२ मा

## जिम्मेवारीबाट भाग्नु अपराध स्विकार्नुजत्तिकै हुने
## नेपाली जनताद्वारा भेनेजुयलामाथि अमेरिकी आक्रमण निन्दा




भक्तपुर । नेपाल मजदुर किसान पार्टीको आठौँ अधिवेशनपछिको पहिलो (३७ औँ) केन्द्रीय परिषद् पुस १९ गते भक्तपुरमा सम्पन्न भयो । परिषद्मा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले स्रष्टा समाज नेपालले प्रकाशन गरेको थोमस मोरको 'कल्पनालोक' पुस्तकको भावानुवाद सार्वजनिक गर्नुभयो ।

परिषद्मा पार्टी अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "बेलायतको सामन्तवादी व्यवस्थामा पुँजीपतिवर्गले समेत टाउको उठाएर हिँड्न पाउँदैनथ्यो । सामन्तवर्गले पुँजीपतिवर्गसँग कर बढाउँदै लगेपछि पुँजीपतिवर्गले मजदुरवर्गसमेतको सहयोगमा संसारमा पहिलोपटक बेलायतको राजतन्त्रलाई समाप्त पारेको थियो । यसपछि बेलायतका सामन्त र पुँजीपतिवर्ग मिलेर मजदुरवर्गलाई दबाउन थाले । यो प्रतिक्रान्तिलाई बेलायतको गौरवपूर्ण क्रान्ति भनियो । वास्तवमा त्यो भनाइ झूटो हो ।"

पदमा बसेकाहरू जिम्मेवारी बिर्सेर भाग्नु अपराध स्वीकार गर्नुजस्तै हुनेतर्फ सचेत गराउँदै अध्यक्ष बिजुक्छेँले भेनेजुयलामाथि भएको अमेरिकी साम्राज्यवादको आक्रमणको विश्वव्यापी भर्त्सना भइरहेको छ, नेपाली जनताले पनि निन्दा गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रतिक्रियावादीहरूले कलाकार, खेलाडी, व्यवसायीसमेतलाई दूत बनाएर आफ्नो स्वार्थ पूरा गर्ने गर्छन् । विद्यार्थीलाई परीक्षाबिना उत्तीर्ण गराउने, विदेशीलाई नेपाली नागरिकता दिने, नेपालीलाई भुटानी शरणार्थी बनाएर विदेश पठाउने सरकारहरू देशद्रोही र प्रतिक्रियावादी हुन् ।"

कार्यकर्ताहरू बौद्धिकरूपमा अघि बढ्नु जरुरी रहेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले सुविधालाई होइन देश र जनतालाई प्राथमिकतामा राख्नुपर्ने र जस्तोसुकै कठिनाइ सामना गर्न पनि कार्यकर्ताहरू तयार हुनुपर्नेमा जोड दिनुभयो ।

अक्टोबर समाजवादी क्रान्तिपछि सोभियत सङ्घले रुसको तीव्र विकास गरेको उल्लेख गर्दै चीन र प्रजग कोरिया, क्युवाको साम्राज्यवादविरोधी सङ्घर्षमा ऐक्यबद्धता जनाउँदै अघि बढ्नुपर्नेमा अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

उहाँले जनतामा लडाकु भावना भएसम्म जनताको समाजवादी आन्दोलन नहार्ने उल्लेख गर्दै पार्टी कार्यकर्ताहरू देश र जनताको तत्काल र दीर्घकालको हितमा समर्पित भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "पुस्तकालयमा बस्ने कर्मचारीहरू पुस्तक अध्ययन गर्न आउनेदेखि दिक्क मान्नुहुँदैन । आफूले पनि पुस्तक अध्ययन गरेर समाजको सेवा गर्नु जरुरी छ ।"

परिषद्ले पार्टीको ५२ औँ स्थापना दिवस माघ १० गतेको अवसरमा माघ महिनाभरि क्रान्तिकारी नेताहरूको जीवनी र कृति, संसारका मुख्य मुख्य मजदुर र कम्युनिस्ट आन्दोलन तथा पार्टी प्रकाशनहरूबारे अध्ययन एवम् अन्तरक्रिया गर्ने निर्णय गऱ्यो ।

परिषद्मा फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको लागि अध्यक्ष बिजुक्छेँको अध्यक्षतामा घोषणापत्र तयारी समिति र पार्टी सचिव प्रेम सुवालको संयोजकत्वमा केन्द्रीय चुनाव प्रचारप्रसार समिति गठन गर्ने निर्णय भयो ।

बाँकी पृष्ठ १२ मा

## देशलाई उपनिवेशबाट जोगाउन व्यवसायीहरू सचेत हुन आवश्यक

भक्तपुर । भक्तपुर जिल्ला इँटा उद्योग सङ्घको तीसौँ वार्षिक साधारणसभा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा पुस १६ गते सम्पन्न भयो ।

सभाको उद्घाटन समारोहमा अतिथि सुवालले मानव समाजको विकासको सिलसिला अध्ययन गर्दा परिवार र व्यक्तिगत सम्पत्तिको बन्दोबस्तसँगै समाजमा वर्ग देखिएको चर्चा गर्दै ठूलो पुँजीले सानो पुँजीलाई खाने, विदेशी पुँजीले नेपालको पुँजीलाई खाने तथा देशलाई उपनिवेशबाट जोगाउन व्यवसायीहरू सबै सचेत हुनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हालै प्रकाशित 'विश्व असमानता प्रतिवेदन' मा संसारका ७ अर्ब मानिसमध्ये ६० हजार मानिससँग साढे तीन अर्ब जनतासँगको स्रोत-साधनको तीन गुणा भएको उल्लेख छ । प्रतिवेदनमा विस्फोटको अवस्थामा रहेको अहिलेको असमानतालाई उल्ट्याउन साझा समृद्धि ल्याउने राजनीतिक प्रतिबद्धता जरुरी भएको उल्लेख छ ।"

स्रोत-साधन भएका बुझ्ने मानिसहरूले दैनिक गुजाराको कामबाहेक शिक्षा, स्वास्थ्य क्षेत्र जस्तै पुस्तकालय, विद्यालय स्थापनामा सहयोग गर्ने काम पनि गर्नु जरुरी भएको आवश्यकता औँल्याउँदै सचिव सुवालले भन्नुभयो, "सोभियत सङ्घले सामाजिकीकरणलाई जोड दिएको थियो । रुसको निर्वाचन पर्यवेक्षणमा परेका एक सरकारी अधिकारीले रुसभन्दा नेपाल विकासमा ५ सय वर्षपछि परेको उल्लेख गरेका थिए ।"

उहाँले भन्नुभयो, "व्यवसायीहरूको सामाजिक उत्तरदायित्व पनि हुन्छ । समाजको चिन्ता लिनु सामाजिक उत्तरदायित्व लिनु हो ।"

समाजका केही व्यक्तिमात्र स्रोत-साधन सम्पन्न हुने र बाँकी जनता शिक्षा, स्वास्थ्य, रोजगारी, आवासको अभावमा बाँच्नु परेसम्म समाजमा शान्ति कायम नहुने भएकोले मानिसले जति बाँचे पनि समाज र देशको लागि काम गर्नु जरुरी भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "साझा समृद्धि नहुँदा अहिले सरकारको सार्वजनिक ऋण २८ खर्ब पुग्यो । ५ महिनायता सरकारको सार्वजनिक ऋण थप १ खर्ब बढ्यो । सरकारहरूले ऋण तिर्न ऋण थप्दै छन् । कर्मचारीको तलब र पेन्सनसमेतको लागि विदेशीसँग ऋण ल्याएका सरकारहरूले वार्षिक व्यापारघाटा १५ खर्ब पुऱ्याए ।"

उहाँले थप्नुभयो, "सन् १९५० को भारतसँगको सन्धिले नेपाललाई भारतको नवउपनिवेशजस्तै बनायो । यो सन्धि खारेज गर्नु जरुरी छ ।"

सचिव सुवालले भन्नुभयो, "सरकारहरूले आफ्ना मातहतका उद्योग-व्यापार सार्वजनिक संस्थानहरू जानाजान घाटामा पठाउने र निजीकरणको नाममा विदेशीलाई समेत बेच्ने काम गर्दै छन् । विश्व व्यापार सङ्गठन (डब्लूटीओ) को सदस्य भएपछि नेपाल विदेशी सामानको बजार बन्यो र यहाँका उद्योगीहरूसमेत विदेशी सामानको व्यापारीमा परिणत हुँदै छन् । सरकारले युवा र ऊर्जा दुवै निर्यात गर्दै छ । ती दुवै नेपालको उद्योग र व्यापार चलाउन जरुरी छ । सरकारले ऊर्जा विकास मानचित्र २०८१ मा विसं २०३५ सम्म १५ हजार मेघावाट बिजुली निर्यात गर्ने दाबी गरे । बिजुली सस्तोमा नेपालीलाई दिने र ग्यास र तेल आयात घटाउने काम हुनुपर्दछ ।"


अमेरिकी सरकारले इराक, लिबिया, सिरिया, प्यालेस्टिन, युक्रेनमा रहेको तेल र ग्यास कब्जा गर्न यहाँ हस्तक्षेप र आक्रमण गर्दै सरकारसमेत उल्टाउने काम गरेको विषयमा पनि सचेत हुनु जरुरी रहेको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "भदौ २३ र २४ गते भएको नेपालको घटनामा पनि अमेरिकी सरकारको प्रजातन्त्रको लागि राष्ट्रिय सशक्तीकरण र अन्तर्राष्ट्रिय ऐतिहासिक धरोहर तथा पूर्वाधारहरू

बाँकी पृष्ठ ११ मा

**नेमकिपाको प्रेस विज्ञप्ति**

## राष्ट्रपति मादुरो दम्पतीलाई सकुशल फिर्ता गर !
## भेनेजुयला र ल्याटिन अमेरिकामा ट्रम्प प्रशासनको आक्रमण तत्काल बन्द गर !



नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर ७

फोन : ६६१०९७४
६६१००२६
इ-मेल : nwpp@ntc.net.np
मिति: २०८२ पुस २० गते

च.नं.

प्रेस वक्तव्य

संरा अमेरिकी साम्राज्यवादले दक्षिण अमेरिकी स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति २:०० बजे) कायरतापूर्ण एवम् बर्बरतापूर्ण सैनिक हमला गरेकोमा नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ । यही पुस १८ र १९ गते सम्पन्न नेमकिपाको केन्द्रीय परिषद्ले भेनेजुयलामाथि अमेरिकी हमलाको विरोध गरी राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गऱ्यो ।

सन् १९९९ मा ह्युगो चाभेज राष्ट्रपति निर्वाचित भएयता भेनेजुयलामा बोलिभारियाली समाजवादी क्रान्ति अगाडि बढ्दै आएको हो । संसारका ठुला तेल खानीमध्ये भेनेजुयला पनि एक हो । भेनेजुयलाको तेल खानी तथा खनिज कब्जा गर्न जननिर्वाचित राष्ट्रपति निकोलस मादुरोलाई सत्ताच्युत गर्ने षड्यन्त्रमा अमेरिकी राष्ट्रपति ट्रम्प प्रशासन लागिरहेको हो ।

अमेरिकी साम्राज्यवादले सन् २०११ देखि भेनेजुयलामाथि आर्थिक तथा व्यापारिक नाकाबन्दी लगाउँदै छ । अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयाली जनतालाई खाद्यान्न तथा स्वास्थ्य उपचारबाट वञ्चित गर्ने थप कदम चलाउँदै छन् । अमेरिकी सरकारले राष्ट्रपति मादुरोमाथि लगाएको लागूपदार्थ ओसारपसारको आरोप झूटा र कपोलकल्पित हो । आफ्नो हैकम स्वीकार नगर्ने देशहरूमाथि हस्तक्षेप र आक्रमण गर्ने अमेरिकी साम्राज्यवादको नीति निन्दनीय छ । राष्ट्रपति मादुरोलाई बलपूर्वक गरिएको अपहरण अमेरिकी सरकारको मुनरो नीतिको सिलसिला हो ।

नेमकिपा भेनेजुयलाको सार्वभौमिकतामाथि हस्तक्षेप तुरुन्त बन्द गर्न ट्रम्प प्रशासनलाई सचेत गराउँदछ; राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई सकुशल फिर्ता गरी भेनेजुयाली जनताको स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न आह्वान गर्दछ ।

भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँग नेमकिपा ऐक्यबद्धता व्यक्त गर्दछ । भेनेजुयला र क्यारिबियाली क्षेत्रमा युद्ध होइन शान्ति आवश्यक भएको पार्टीको दृढ अडान पुन: दोहोऱ्याउँछ । अमेरिकी प्रशासनले संसारका अन्य देशको सार्वभौमिकता र आन्तरिक मामिलामा हस्तक्षेप गर्न अविलम्ब रोक्न जरुरी छ । भेनेजुयला र ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेप र आक्रमण तत्काल बन्द गर्न नेमकिपा अपिल गर्दछ ।

२०८२/९/२०

प्रेम सुवाल
सचिव

भक्तपुर । भेनेजयुलामाथि संरा अमेरिकाले गरेको कायरतापूर्ण हमलाको विरोध र राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गर्दै नेपाल मजदुर किसान पार्टीले पुस २० गते प्रेस विज्ञप्ति प्रकाशित गरेको छ । पार्टी सचिव प्रेम सुवालको हस्ताक्षरमा प्रकाशित विज्ञप्तिमा उल्लेख छ -

"संरा अमेरिकी साम्राज्यवादले दक्षिण अमेरिकी स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति २:०० बजे) कायरतापूर्ण एवम् बर्बरतापूर्ण सैनिक हमला गरेकोमा नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ । यही पुस १८ र १९ गते सम्पन्न नेमकिपाको केन्द्रीय परिषद्ले भेनेजुयलामाथि अमेरिकी हमलाको विरोध गरी राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गऱ्यो ।

सन् १९९९ मा ह्युगो चाभेज राष्ट्रपति निर्वाचित भएयता भेनेजुयलामा बोलिभारियाली समाजवादी क्रान्ति अगाडि बढ्दै आएको हो । संसारका ठुला तेल खानीमध्ये भेनेजुयला पनि एक हो । भेनेजुयलाको तेल खानी तथा खनिज कब्जा गर्न जननिर्वाचित राष्ट्रपति निकोलस मादुरोलाई सत्ताच्युत गर्ने षड्यन्त्रमा अमेरिकी राष्ट्रपति ट्रम्प प्रशासन लागिरहेको हो ।

अमेरिकी साम्राज्यवादले सन् २०११ देखि भेनेजुयलामाथि आर्थिक तथा व्यापारिक नाकाबन्दी लगाउँदै छ । अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयाली जनतालाई खाद्यान्न तथा स्वास्थ्य उपचारबाट वञ्चित गर्ने थप कदम चलाउँदै छन् । अमेरिकी सरकारले राष्ट्रपति मादुरोमाथि लगाएको लागूपदार्थ ओसारपसारको आरोप झूटा र कपोलकल्पित हो । आफ्नो हैकम स्वीकार नगर्ने देशहरूमाथि हस्तक्षेप र आक्रमण गर्ने अमेरिकी साम्राज्यवादको नीति निन्दनीय छ । राष्ट्रपति मादुरोलाई बलपूर्वक गरिएको अपहरण अमेरिकी सरकारको मुनरो नीतिको सिलसिला हो ।

नेमकिपा भेनेजुयलाको सार्वभौमिकतामाथि हस्तक्षेप तुरुन्त बन्द गर्न ट्रम्प प्रशासनलाई सचेत गराउँदछ; राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई सकुशल फिर्ता गरी भेनेजुयाली जनताको स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न आह्वान गर्दछ ।

भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँग नेमकिपा ऐक्यबद्धता व्यक्त गर्दछ । भेनेजुयला र क्यारिबियाली क्षेत्रमा युद्ध होइन शान्ति आवश्यक भएको पार्टीको दृढ अडान पुन: दोहोऱ्याउँछ । अमेरिकी प्रशासनले संसारका अन्य देशको सार्वभौमिकता र आन्तरिक मामिलामा हस्तक्षेप गर्न अविलम्ब रोक्न जरुरी छ । भेनेजुयला र ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेप र आक्रमण तत्काल बन्द गर्न नेमकिपा अपिल गर्दछ ।"



-किम जोङ उन

कुनै देशको सैनिक शक्तिले त्यस देशको राष्ट्रिय शक्तिको प्रतिनिधित्व गर्छ । जब कुनै देशले आफ्नो सैनिक शक्तिलाई हर तरहले बलियो बनाउन सक्छ तबमात्र त्यसले आफूलाई गौरवशाली देशको रूपमा विकास गर्न सक्छ ।

## सम्पादकीय

# आतङ्क, हत्या र लुटलाई राजनीति भनिन्न, डकैती भनिन्छ !

भेनेजुयला दक्षिण अमेरिकी महादेशको उत्तरको एक पेट्रोल र अन्य खनिजले सम्पन्न  स्वतन्त्र र सार्वभौम राज्य हो । यसको दक्षिणमा ब्राजिल, उत्तरमा क्यारेबियाली समुद्र र पूर्वमा गुयाना र पश्चिममा कोलम्बिया पर्दछ । २ करोडभन्दा बढी जनसङ्ख्या भएको यस देशको ६२ प्रतिशत जनसङ्ख्या मिश्रित आदिवासी छन् । यस देशको क्षेत्रफल ९ लाख १२ हजार वर्गमाइलभन्दा बढी छ । साथै यो देश २३ प्रान्तमा विभाजित छ । तर, जनवरी ३ का दिन संरा अमेरिकी राष्ट्रपति ट्रम्पको आदेशमा अमेरिकी सेनाले भेनेजुयलामा आक्रमण गरी राष्ट्रपति मादुरो र उनकी जहानलाई समेत अपहरणको शैलीमा अमेरिका लगे । यो कस्तो सभ्यता, संस्कृति र राजनीति हो ?! संसारका सचेत जनता चकित छन् ।

दक्षिण अमेरिका युरोपेली स्पेनियालीहरूको कब्जामा थियो । भेनेजुयलाकै काराकासमा जन्मेका सिमोन बोलिभार (१७८३-१८३०) ले स्पेनियालीहरूको विरोधमा सङ्घर्ष गरेर भेनेजुयलालाई मुक्त गरेका थिए । उनले दक्षिण अमेरिकालाई नै मुक्त गर्न अन्य देशका स्वयम्सेवक र फ्रान्सेली क्रान्तिकारीहरूको पनि सहयोग लिएर स्पेनियालीहरूलाई पराजित गरेका थिए । त्यस महादेशीय सेनामा बोलिभारले आयरल्यान्ड, बेलायत, जर्मनी, इटाली र पोल्यान्डका दृढ सङ्कल्पित ५ हजार स्वयम्सेवकहरूलाई समेत सामेल गरेर भेनेजुयलालाई स्पेनियालीहरूबाट मुक्त गरेका थिए ।

उनले एक संयुक्त गणतन्त्र स्थापना गरेर जमिनदारहरूको जमिनदारीलाई समाप्त गरे तथा शासकहरूको हैकमलाई अस्वीकार गरे । त्यसै बेला सन् १८२३ डिसेम्बरमा संरा अमेरिकाका छैटौँ राष्ट्रपति जेम्स मुनरोले एक प्रतिनिधिमण्डल पठाएर 'अमेरिका अमेरिकीहरूको हो' भन्ने सन्देश पठाए । तर, बोलिभारले त्यसको जवाफमा सन् १८२५ मा लेखे, "उत्तरी अमेरिकीहरू हाम्रो निम्ति विदेशी नै हुन् । यसकारण, हामी अमेरिकी (ल्याटिन अमेरिकीहरू) को मामिला सल्टाउन उत्तरी अमेरिकीहरू निम्त्याउने कुरा म स्विकार्न सक्दिनँ ।"

जेम्स मुनरो त्यसबेला दक्षिण अमेरिकालाई नै आफ्नो मुठीमा पार्न चाहन्थे । दक्षिण अमेरिकामा उत्तर अमेरिकामा जस्तो अङ्ग्रेजी भाषामा होइन बरु ल्याटिन भाषा सञ्चालनमा थियो । त्यसैले 'ल्याटिन अमेरिका' भन्ने चलन चलेको थियो ।

**मुनरो नीति के हो ?**

छैटौँ अमेरिकी राष्ट्रपतिको मुख्य उद्देश्य 'ल्याटिन अमेरिकालाई आफ्नै मुठीमा पार्ने' दाउ थियो -

एक, पश्चिमी गोलार्द्धमा अन्य युरोपेली शक्तिहरूलाई अब उपनिवेश कायम गर्न खुला हुनेछैन,

दुई, पश्चिमी गोलार्द्धको कुनै पनि भागमा युरोपेली शक्तिहरूले हस्तक्षेप गर्न पाउने छैनन्, त्यस्तो हस्तक्षेपलाई संरा अमेरिकाले 'शान्ति र सुरक्षा' मा खतराको रूपमा लिइनेछ,

तीन, संरा अमेरिकाले कुनै युरोपेली शक्तिको आन्तरिक मामलामा हस्तक्षेप गर्नेछैन ।

मुनरोको यही उद्देश्यलाई 'मुनरो नीति' भनिएको हो । यसको अर्थ हो - "ल्याटिन अमेरिकी देशहरू संरा अमेरिकाको करेसाबारी बनाउने हो ।"

बोलिभारले मुनरो नीतिको त्यसै बेला विरोध गरेका थिए । तर सन् १८३० मा उनी क्षयरोगको कारण ४७ वर्षको उमेरमा नै बिते । त्यसबेलादेखि ल्याटिन अमेरिकी जनताले बोलिभारलाई राष्ट्रिय वीर र विभूति मान्दै आएका हुन् । 'बोलिभिया' देशसमेत उनकै नामबाट स्थापना भएको हो र भेनेजुयलाका पछिल्ला राष्ट्रपतिहरू ह्युगो चाभेज र वर्तमान राष्ट्रपति निकोलस मादुरो पनि राष्ट्रिय वीर वा विभूति बोलिभारबाट प्रभावित छन् । त्यहाँका जनता पनि बोलिभारबाट अत्यन्त प्रभावित छन् ।

चाभेज र मादुरोको राजनैतिक दलको नाम हो - 'भेनेजुयलाको संयुक्त समाजवादी दल ।' चाभेज पहिलो चोटि सन् १९९८ मा राष्ट्रपति निर्वाचित भए । दोस्रो पटक सन् २००२ मा राष्ट्रपति भए । त्यस पार्टी र जनता पनि पेट्रोल र अन्य खनिजहरू व्यक्तिको नाममा नगरी देशकै नाममा राख्न चाहन्थे । संरा अमेरिका भेनेजुयाली पेट्रोल खानीलाई एक अमेरिकी कम्पनीको नाममा राख्न चाहन्थ्यो ।

सन् २०१३ मा चाभेजको मृत्यु भयो र त्यसको ठाउँमा वामपन्थी र समाजवादी नेता मादुरो राष्ट्रपति चुनिए । उनी पेसाले बस ड्राइभर र मजदुर युनियनका नेता हुन् । दोस्रो पटकको निर्वाचनमा पनि उनी ६ वर्षको निम्ति अर्थात् सन् २०१९- २०२५ सम्मको निम्ति राष्ट्रपति निर्वाचित भए । उनले पाएको मत हो - ५८ लाख २३ हजार ७२८ अर्थात् ६७.७ प्रतिशत हो ।

वर्तमान अमेरिकी राष्ट्रपति ट्रम्प एक उग्र दक्षिणपन्थी हुन् । उनी साह्रै विवादस्पद व्यक्ति हुन्, साथै क्यानाडा र युरोपेली देश ग्रीनल्यान्डलाई समेत सिधै अमेरिकामा मिलाउने हाकाहाकी हाँक दिन्छन् र नाटो देशका ३० वटा देशको रक्षा बजेटको २ देखि ५ प्रतिशतसम्म अमेरिकालाई तिर्न बताउँछन् - ती देशहरूलाई कम्युनिस्ट आतङ्कबाट बचाएकोमा । तर, व्यवहारमा संसारले ती सबै विचारलाई संरा अमेरिकाको आतङ्क भन्दै छ ।

# भेनेजुयलामा ट्रम्प प्रशासनको 'जङ्गली राज' !

✍ **प्रज्ज्वल**

तेल र खनिज प्रशस्त भएको दक्षिण अमेरिकी देश भेनेजुयला हो । त्यहाँका राष्ट्रपति ह्युगो चोभजले उद्योग र खनिजलाई राष्ट्रियकरण गरे । चाभेजका उत्तराधिकारी राष्ट्रपति निकोलस मादुरोले पनि उद्योग र खनिज राष्ट्रियकरणलाई चालु राखे । भनिन्छ, भेनेजुयलामा अरब देशमा भएको बराबर तेल खानी (विश्वको २० प्रतिशत) रहेको छ । भेनेजुयला विश्वको दोस्रो ठुलो सुन भण्डार भएको देश पनि हो ।

संरा अमेरिकी सरकारहरू र पश्चिमा साम्राज्यवादी देशहरू भेनेजुयलाको तेल र खनिज निजीकरण गराएर कब्जा गर्न चाहन्छन् । भेनेजुयलाका नेताहरूले आफ्ना तेल र खनिज निजीकरणका नाउँमा साम्राज्यवादीहरूको कब्जामा दिन नचाहेपछि अमेरिकी सरकारहरूले भेनेजुयलाविरुद्ध आर्थिक नाकाबन्दी गरे । अन्ततः अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयलामा सेना पठाएर राष्ट्रपति मादुरोलाई अपहरण गराई न्युयोर्कको ब्रुकलिनमा राखेको सार्वजनिक भयो ।

**ट्रम्प प्रशासनको 'जङ्गली' रूप**

अमेरिकी राष्ट्रपति ट्रम्पले शुक्रबार राति १० बजे भेनेजुयलामा आक्रमणको स्वीकृति दिए । त्यसपछि पश्चिमी गोलार्द्धका अमेरिकी सैन्य आधारमा रहेका १५० बढी सैन्य लडाकु विमान, ड्रोन, बमवर्षक विमान भेनेजुयलातर्फ उडे । राति २ बजे भेनेजुयलाको राजधानी काराकासमा ठूलो विस्फोटको आवाज सुनियो । ट्रम्पको आदेशअनुसार अमेरिकी जल र स्थल सेनाले काराकासमा 'एब्सोलुट डिजल्भ' आक्रमण सुरु गर्‍यो । ट्रम्पले वाशिङ्गटनबाट होइन फ्लोरिडाबाट आफ्ना सुरक्षा अधिकारीहरूसहित आक्रमणको निगरानी गरे । अमेरिकी लडाकु विमानबाट भेनेजुयलाको २० ओटा ठाउँमा सघन हमला भयो भने काराकसमा धुवाँको मुस्लो उडेको थियो ।

अमेरिकी सेनाले भेनेजुयलामा आक्रमण गर्नुअघि बिजुली काटिएको थियो तर कसले बिजुली काटेको सार्वजनिक भएको छैन । अमेरिकी सेनाले साइवर प्रणालीमा आक्रमण गरेको सार्वजनिक भयो । यसले अमेरिकी सेनालाई भेनेजयुला प्रवेश गर्न सहज भयो । ट्रम्पले अमेरिकी सेनाको डेल्टा फोर्सलाई अँध्यारोमा परिचालन गरेको थियो । अमेरिकी सेना मादुरोको निवासमा पसे । डेल्टा फोर्सले मादुरोलाई अपहरण गरी सुरुमा क्यारेवियाली सागरको अज्ञात स्थानमा लग्यो; त्यसपछि क्युवाको ग्वान्टानामोस्थित अमेरिकी सेनाको आधार क्षेत्रमा पुर्‍यायो र त्यहाँबाट जेट विमानमा राखी अमेरिकाको न्युयोर्क पुर्‍यायो ।

अमेरिकी सेनाले मादुरोको सुरक्षित कोठासम्म पुग्ने धातुका ढोका काट्ने ब्लोटर्च पनि बोकेको सार्वजनिक भयो । ट्रम्पले मादुरो पक्राउमा परेको खबर शनिबार बिहान ४:०० बजेमात्र विश्वलाई दिएका थिए ।

भेनेजुयाली सैनिक प्रतिरोधमा एउटा अमेरिकी विमानमा क्षति पुगेको तर फिर्ता गएको र केही अमेरिकी सैनिक पनि घाइते भएको बताइन्छ । अमेरिकी सैन्य आक्रमणमा ४० जना भेनेजुयालीको मृत्यु भएको सार्वजनिक भयो ।

ट्रम्प प्रशासनले एउटा सार्वभौम र स्वतन्त्र देश भेनेजुयलामाथि सैन्य आक्रमण गरेको र त्यहाँका राष्ट्रपति मादुरोलाई अपहरण गरी 'जङ्गलीराज' चलाएकोमा संसारका न्यायप्रेमी जनता र सरकारहरूबाट विरोध एवम् भर्त्सना भइरहेको छ ।

**संसारका न्यायप्रेमी जनताबाट आक्रमणको विरोध**

निकारागुआले ट्रम्पको कायरतापूर्ण आक्रमणको निन्दा गर्दै मादुरोलाई सकुशल फिर्ता गर्नुपर्ने आवाज राख्यो भने इरानले अमेरिकी गुन्डागर्दीको भर्त्सना गर्‍यो । कोलम्बियाले ट्रम्पको कदमबाट संरा सङ्घ बडापत्रको उल्लङ्घन भएको उल्लेख गर्दै संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को बैठक बस्न माग गर्‍यो भने भियतनामले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको उल्लङ्घन बतायो । क्युवाले अमेरिकी राज्य आतङ्कविरुद्ध रगत दिन तयार भएको स्पष्ट गर्‍यो भने क्युवाली जनता सहभागी हवानाको प्रदर्शनमा 'भेनेजुयाली जनताको निम्ति रगत दिन तयार भएको' सार्वजनिक भयो । अफ्रिकाली सङ्घले पनि सुरक्षा परिषद्को बैठक बस्न माग गर्‍यो ।

रुस र स्पेनले पनि भेनेजुयलामा ट्रम्प प्रशासनको आक्रमण न्यायसम्मत नभएको उल्लेख गर्दै मध्यस्थता गर्न तयार रहेको बताए । अर्जेन्टिना, क्यानडा, संरा अमेरिकामा पनि भेनेजुयलामा ट्रम्प प्रशासनको बर्बर आक्रमणको विरोध प्रदर्शन भयो ।

भेनेजुयलमा मादुरोका समर्थकहरूले अमेरिकी राष्ट्रपति ट्रम्प 'तेस्रो विश्व युद्धमा लागेको' बताए भने मादुरोका विपक्षीहरू अर्थात् ट्रम्पको आक्रमणका समर्थकहरूले खुशी मनाए । भेनेजुयलावासी ट्रम्पलाई 'आधुनिक समुद्री डाँकु' बताउँदै छन् । संरा अमेरिकामा रहेका मादुरोविरोधी भेनेजुयालीहरूले पनि खुशी मनाए । मादुरोको गतिविधि जासुसी गर्न भेनेजुयलाको सरकारभित्रका केही मानिस पनि सामेल भएको सार्वजनिक भयो ।

चीनले ट्रम्प प्रशासनलाई 'विश्वको प्रहरी' नठान्न सचेत गरायो । चीन, रुस, प्रजग कोरिया, ब्राजिल, इरानले ट्रम्प प्रशासनलाई मादुरो दम्पती तत्काल फिर्ता गर्न आह्वान गर्दै अन्यथा गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिए । चीनको अलग जोड छ- "मादुरो दम्पतीलाई तत्काल फिर्ता गर !"

भेनेजुयाली राष्ट्रपति मादुरोविरुद्ध संरा अमेरिकी अदालतमा मुद्दा चल्ने सार्वजनिक भयो । यसअघि अमेरिकी साम्राज्यवादले पानामाका राष्ट्रपतिलाई पनि अपहरण गरी अमेरिकामा बन्दी बनाएको थियो । उनको अवस्था के भयो सार्वजनिक गरिएन । अमेरिकी सरकारले लिवियाली र इराकी सरकारलाई अपदस्थ गर्न पनि सैनिक कारबाही चलाएको थियो ।

संयुक्त राष्ट्र सङ्घको बडापत्रको धारा २ (४) मा अन्य देशविरुद्ध सैन्य बल प्रयोग गर्न नहुने व्यवस्था छ । रुसका राष्ट्रपति पुटीनले ट्रम्पको दादागिरी अब विश्वमा सह्य नहुने बताए । ट्रम्प भने यतिखेर डेनमार्कको ग्रीनलैण्ड कब्जा गर्न लागिरहेको पनि सार्वजनिक भयो ।


ट्रम्प प्रशासनले धेरै अगाडिदेखि क्युवा, प्रजग कोरिया, सिरिया, इरान, रुसविरुद्ध आर्थिक नाकाबन्दी लगाउँदै आएको हो । अमेरिकी साम्राज्यवादले आफ्नो निर्देशन पालना नगर्ने ३६ ओटा अन्य देशलाई पनि आंशिक नाकाबन्दी गरेको सार्वजनिक भयो ।

ट्रम्पले युक्रेनलाई हतियार पठाएर रुसविरुद्ध युद्ध गराउँदै छ भने इजरायललाई हतियार पठाएर प्यालेस्टिनीको नरसंहार र भूमि कब्जा गराउँदै छ । चिनियाँ उत्पादनको विश्वव्यापी निर्यात बढेपछि ट्रम्पले चीनविरुद्ध व्यापारयुद्ध सुरु गरेको हो । अमेरिकाले चीन, रुस र युरोपेली देशलाई समेत रुससँग इन्धन खरिद नगर्न दबाब दियो र भन्सार कर बढायो ।

ट्रम्प अमेरिकालाई 'महान' बनाउने एकतर्फी दाबी गर्दै छन् । चीनले सबै देशको साझा विकासको उद्देश्य अघि बढाउँदै छ ।

भेनेजुयलाको अदालतले उपराष्ट्रपति डेल्सी रोड्रोगेजलाई कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी दिएको छ । ट्रम्पले डेल्सीलाई अमेरिकी हितविपरीत काम गरे मादुरोको भन्दा खराब अवस्थामा पुर्‍याउने धम्की दिँदै छन् । यसरी ट्रम्प यथार्थमै 'जङ्गली राज' तिर अघि बढ्दै छन् । संसारका न्यायप्रेमी जनता एक भएर ट्रम्पको 'जङ्गली राज' को विरोध एवम् निन्दा गर्नु आवश्यक छ ।

# नेपाल विषादीको डम्पिङ साइट !




शुक्र

गुणस्तरहीन रासायनिक मलको प्रयोगसँगै माटोमा भएको उर्वर तत्त्व समाप्त हुन्छ । किसानहरू राम्रो फसलको लागि एग्रोभेटको सल्लाहअनुसार अन्धाधुन्ध विषादी पनि प्रयोग गर्दै छन् । खेतीमा बैशाख, जेठ, साउन, भदौ, मङ्सिर र चैत महिनामा धेरै विषादी प्रयोग गरिन्छ । कोशी, मधेश, बागमती, लुम्बिनी प्रदेशका किराना र पान पसलमा समेत घातक विषादी बेच्ने गरिएको सार्वजनिक भयो । कृषि तथा वन विज्ञान विश्वविद्यालयले पर्सा, मकवानपुरलगायतका व्यावसायिक फर्म तथा किसानहरूमाझ गरेको अध्ययनअनुसार ७४ प्रतिशत किसानले एग्रोभेटकै सल्लाहमा विषादी प्रयोग गरेको सार्वजनिक भयो । विषादीले किसानको स्वास्थ्यमा क्यान्सरलगायतको रोग देखिएको छ । स्मार्ट फोन हुने किसानहरूले भने बालीमा लागेको रोगको फोटो र भिडियो देखाएर विषादी किन्ने गरेका छन् ।

६६ प्रतिशत विषादी कृषकले गरेको समस्याको वर्णनको आधारमा, २१ प्रतिशत विषादी किसानले मागे अनुसार, ७ प्रतिशत विषादी खेतबारी र बालीको अनुगमन निरीक्षणको आधारमा र ४ प्रतिशत विषादी मात्रै प्राविधिक तथा विज्ञको सिफारिसको आधारमा पसलले बेच्ने गरेको एक अध्ययनले देखायो । ५७ प्रतिशत प्रौढ पुरुषले, ३२ प्रतिशत महिलाले र १३ प्रतिशत बालबालिकाले विषादी किन्न आउने गरेको पनि अध्ययनले देखायो । विषादीको गलत प्रयोगले महिला तथा बालबालिकाहरूको मृत्युसमेत बढ्दो छ ।

सरकारले २०७१ असारदेखि कालीमाटी फलफूल तथा तरकारी बजारमा विषादी परीक्षण सुरु गर्‍यो । बजारमा आउने तरकारीमा धेरै विषादी भेटियो । विज्ञका अनुसार ३५ प्रतिशतभन्दा कम विषादी भएमात्र खान मिल्छ, ३५ देखि ४० प्रतिशत विषादी देखिएमा केही समय राखेर खान मिल्छ, ४५ प्रतिशतभन्दा बढी भएमा नष्ट नै गर्नुपर्छ । तर, सबै ठाउँमा परीक्षणको सेवा उपलब्ध नहुँदा उपभोक्ताहरू अत्यधिक विषादी भएको तरकारी किनेर खान बाध्य छन् ।

नेपालमा प्रयोग भइरहेका अधिकांश विषादी तीन दिनपछि मात्र खान मिल्छ । अर्गेनोफस्फेट र कार्बोनेट विषादी प्रयोगको तीन दिनपछि मात्रै खान मिल्छ । विषादी भएको तरकारी, फलफूल किनेर ल्याएकै दिन नखाई भोलि वा पर्सिपल्ट मात्रै पकाउने, पकाउनुभन्दा पहिला मनतातो पानीमा डुबाउने अथवा भिनेगर मिसाएर पानीमा भिजाउनु जरुरी छ । कलकल बगेको पानीमा पखाल्दा पनि विषादीको मात्रा कम हुने विज्ञहरू बताउँछन् ।

विषादी बालीमा रोग लाग्न नदिन प्रयोग गरिन्छ । तर, अधिकांश पसलले बिउबिजनसँगै विषादी पनि दिन्छन् । यसकारण पनि विषादीको प्रयोग बढ्दो छ । विषादीलाई 'औषधि' पनि भन्ने गरिन्छ । किसानलाई विषादीबारे जानकारी दिनु जरुरी छ । तर, सरकारले सचेतना अभियान चलाएको छैन ।

१० वर्षको तथ्याङ्क हेर्दा नेपालमा विषादी आयात झन्डै तेब्बरले बढेको देखियो । सन् २०२३/०२४ मा १६ लाख ६४ हजार ३ सय ८१ किलो विषादी आयात भएको छ । नेपाल विषादीको डम्पिङ् साइट हुने खतरा बढ्दो छ । बेलैमा सरकारको ध्यान जाओस् !

# सङ्घीयता कार्यान्वयनका व्यावहारिक पक्ष, भक्तपुर नगरपालिका र सङ्घीयता कार्यान्वयनका चुनौतीहरू

**नेपालमा सङ्घीयता :**

२०६२/६३ को आन्दोलनमा सङ्घीयताको माग उठेको थिएन । आन्दोलनको सफलतापछि निर्मित अन्तरिम संविधान २०६३ माघ १ गतेबाट लागू भयो । अन्तरिम संविधान जारीपछि त्यसको विरोधमा सङ्घीयताको माग गर्दै तराईका जिल्लाहरूमा आन्दोलनहरू भए । 'एक मधेश एक प्रदेश' को नारा लगाइयो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र तराई आन्दोलनका नेतृत्वकारीहरूबिच सम्झौता भयो । सम्झौतामा 'देश सङ्घीय प्रणालीसहित अग्रगामी संरचना गर्ने (अन्तरिम संविधानको धारा १३८), जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने' उल्लेख गरियो । २०६२/११/२५ गते अन्तरिम संविधानको पहिलो संशोधन गरी सङ्घीयताको व्यवस्था गरियो ।

सङ्घीयताबारे दलहरूबिच पर्याप्त छलफल भएको थिएन । सङ्घीयता मधेसको आन्दोलनलाई सम्बोधन गर्ने क्रममा संविधानको अङ्ग बनेको थियो । संसद्मा सङ्घीयताबारे छलफलको क्रममा नेपाल मजदुर किसान पार्टीले स्पष्ट भनेको थियो - 'विकेन्द्रीकरण र स्वायत्तताको पूर्ण कार्यान्वयन गर्ने हो भने नेपालजस्तो सानो देशको लागि सङ्घीयता आवश्यक छैन । सङ्घीयता जादुको छडी होइन, सङ्घीयता हुँदैमा देश विकास हुन्छ भन्नेमा हामी विश्वास गर्दैनौं ।'

दुई-दुईपटक संविधानसभाको निर्वाचन भयो । २०७२ सालमा नेपालको संविधान जारी भएको पनि १० वर्ष भयो । सङ्घीयता कार्यान्वयनमा आएको ८ वर्ष पूरा भयो । संविधानले तीन तहको सरकारको व्यवस्था गर्‍यो । संविधानमै सङ्घलाई ३५, प्रदेशलाई २५ र स्थानीय तहलाई २२ वटा एकल अधिकार तोकियो । यी सबै अधिकार राम्रोसँग कार्यान्वयनको निम्ति १८० वटा ऐनहरू आवश्यक पर्छ । तर, सङ्घ र प्रदेशले ती कानुनहरू निर्माण गरी नदिँदा अहिले सङ्घीयता कार्यान्वयनमा समस्या भएको हो ।

संविधानमा सङ्घीयता आए सिंहदरबार चलाउने नेता, प्रधानमन्त्री र मन्त्रीहरूको सोच र चिन्तनमा अझै पनि एकात्मक सोच हटेको छैन । पूर्वप्रधानमन्त्री केपी ओलीले पटक-पटक 'स्थानीय तह सङ्घको एकाइ मात्र हुन्' भनी सार्वजनिक अभिव्यक्ति दिएबाट त्यसको पुष्टि हुन्छ । नेताहरूमा एकात्मक सोच भएसम्म सङ्घीयता राम्रोसँग कार्यान्वयन हुन सक्दैन ।

शिक्षा, प्रदेश प्रहरी, निजामती कर्मचारीजस्ता महत्त्वपूर्ण विषयहरूकै अहिलेसम्म कानुन निर्माण गर्न सकेको छैन । निजामती विधेयक पारित भए पनि कुलिङ पिरियडको कारण विवादित बन्यो । संसद् विघटनपछि त्यो विधेयक स्वतः निष्क्रिय भयो । प्रहरी ऐन नबनेको कारण अहिले प्रदेशहरूमा प्रहरीबिनाका गृहमन्त्रीहरू छन् । जिल्लाका सिडिओको भन्दा प्रदेश गृहमन्त्री कमजोर अवस्थामा छन् । प्रदेश प्रहरीको व्यवस्था भएको भए सायद भदौ २३ र २४ गते उपत्यका बाहिरका प्रदेश संरचना र स्थानीय तहहरूमा त्यति ठुलो क्षति हुने थिएनन् कि !

कति नेताहरूले सङ्घीयतालाई देश विकासको 'अचुक अस्त्र' जस्तो पनि व्याख्या गरे । ८ वर्षको अभ्यासले त्यो सही नभएको प्रमाणित भयो । चीन, जापान, प्रजग कोरियालगायत एकात्मक देशहरूले पनि आ-आफ्नै शैलीमा देशको विकास गर्दै छन् । कतिले सङ्घीयताले देश विभाजन हुने खतरा देखाए । यी सबै विषयमा राज्य सञ्चालकहरूले ध्यान दिनु आवश्यक छ । संरा अमेरिका, स्वीट्जरल्यान्ड, जर्मनी, अस्ट्रेलिया, भारतलगायतले सङ्घीयतामै आ-आफ्नो देश विकास गरिरहेका छन् । त्यसैले, सङ्घीयता राज्यको एउटा मोडेल मात्र हो । राम्रो व्यवस्थापन गर्न नसकेमा त्यसले दुष्परिणाम पनि ल्याउन सक्छ । सङ्घीय राज्यहरू सोभियत सङ्घ १५ वटा, युगोस्लाभिया ७ वटा र चेकोस्लाभाकीया २ टुक्रामा विभाजित भयो । सोमालिया, रुवान्डा, बरुन्डीलगायतका देशहरू जातीय सङ्घीयताका कारण युद्धमा फसिरहेका छन् । ती देशहरूको अर्थतन्त्र अत्यन्त कमजोर अवस्थामा छन् ।

केही नेताहरूले १० वर्षमा नेपाललाई 'स्वीट्जरल्यान्ड बनाउने' सपना देखाए भने कतिले 'सिङ्गापुर बनाउने' बताए । स्वीट्जरल्यान्ड एकै दिन एकै वर्ष बनेको होइन । क्षेत्रफल ४१ हजार वर्ग कि.मि. र जनसङ्ख्या ९० हजारमात्र भएको स्वीट्जरल्यान्ड नेपालभन्दा झण्डै ३ गुणा सानो छ । तर, त्यहाँ २६ वटा क्यान्टोनहरू छन् । सांसदहरू मासिक भत्ता बुझ्दैनन् । सांसदहरूले संसदीय कार्यलाई आंशिक कामको रूपमा लिन्छन् र राष्ट्रपतिसमेत त्यहाँ जम्मा ७ जनाको मन्त्रिमण्डलको व्यवस्था छ । राष्ट्रपति एक एक वर्षमा परिवर्तन हुन्छ । दोहोर्‍याएर राष्ट्रपति बन्न पाउँदैन ।

नेपालमा १०० भन्दा बढी मन्त्री, ८०० भन्दा बढी सांसदहरू छन् । उनीहरूको मासिक भत्ता करोडौं जान्छ । नेपालले स्वीट्जरल्यान्डसँग तुलना गर्न सम्भव छैन । नेपाललाई नेपालकै मोडलमा विकास गर्ने कोसिस गर्नुपर्छ ।

२०४६ सालदेखि शासन सत्तामा पुगेका राजनैतिक दलहरूले गरेको चरम भ्रष्टाचार, पक्षपात र भागबन्डाको परिणाम सारा जनता असन्तुष्ट भए । युवा, विद्यार्थीहरू रोजगारी र उच्च शिक्षाको निम्ति विदेश जान बाध्य छन् । भदौ २३ र २४ गतेको युवाहरूको आन्दोलन वा प्रदर्शन शासक दलहरूप्रतिको असन्तोषको परिणाम हो ।



सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

सङ्घ, प्रदेश र स्थानीय तहबिच कुनै समन्वय छैन । समन्वय र सहकार्यको आधारमा विकास गर्ने संविधानले देखाएको बाटो हो । सङ्घ र प्रदेशले स्थानीय तहलाई आफ्नो आदेश पालक मात्रै ठान्नु नै अहिलेको समस्या हो ।

सङ्घीयताको प्रभावकारी कार्यान्वयन नभएपछि प्रदेशहरूको औचित्यमाथि पनि प्रश्नहरू उठेका छन् । प्रदेशका राजनीतिक दलहरूले सरकार गठन र विघटनमै समय व्यतित गरे । राप्रपा, रास्वपा र राजमोले सुरुदेखि नै सङ्घीयताको विरोध गर्दै आएका छन् । प्रदेश सरकारहरूको प्रभावहीनताले ती आवाजलाई थप बल पुग्न गएको छ । नेपालको सन्दर्भमा अहिले नै सङ्घीयता ठीक र बेठीक भनी मूल्याङ्कन गर्ने बेला भएको छैन । सङ्घीयता नेपालको लागि नयाँ राज्य संरचना हो । यसको अभ्यास गर्दै कमी कमजोरीलाई सुधार्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

**सङ्घीय संरचनामा भक्तपुर नगरपालिका :**

नेपालको संविधानले समाजवादउन्मुख राज्य घोषणा गरेको छ । समाजवादको अर्थ उत्पादनका मुख्य मुख्य साधनहरूको सामाजिकीकरण, शिक्षा, स्वास्थ्य उपचार निःशुल्क, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्तसहित आर्थिक समानता हुने समाज हो । भक्तपुर नगरपालिकाले संविधानको त्यही भावनाअनुसार काम गर्दै छ ।

शिक्षामा भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै छ । ती शैक्षिक संस्थाहरूमा देशभरका ७ हजारभन्दा बढी विद्यार्थी पढ्दै छन् । गरिब र जेहेन्दार विद्यार्थीका लागि वर्षको ४ करोडभन्दा बढी छात्रवृत्तिको बन्दोबस्त र इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, दर्शनशास्त्रलगायत पढ्ने नगरवासी विद्यार्थीहरूलाई पीएचडीसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । वडा वडामा शिशुस्याहार केन्द्रहरूको सञ्चालन, ९२ वटा विद्यालयहरूमा गुणस्तरीय शिक्षा, कक्षा ५, ८ र १० को परीक्षाको व्यवस्थाले भक्तपुरको शिक्षाको गुणस्तरमा वृद्धि भइरहेको छ । नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको तयारी पनि गरिरहेको छ ।

त्यस्तै, स्वास्थ्यतर्फ घरदैलो नर्सिङ सेवा, वडा-वडामा स्वास्थ्य केन्द्र सञ्चालन, १०० शय्याको ख्वप अस्पताल र ख्वप तिलगङ्गा आँखा अस्पताल सञ्चालन गरी जनतालाई सहज स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । श्वासप्रश्वास केन्द्रको व्यवस्था गर्नुका साथै जनतालाई अक्सिजन र रगत निःशुल्क वितरण तथा नियमित स्वास्थ्य शिविरहरू गर्दै आइरहेको छ ।

भक्तपुरमा सम्पदा संरक्षणतर्फ विदेशीको सहयोगबिना नपाले २०७४ सालपछि १७१ वटा सम्पदाहरू स्थानीय जनताको साथ र सहयोगबाट पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको छ । अझै डेढ दर्जन महत्त्वपूर्ण सम्पदाहरू निर्माणाधीन छन् ।

सम्पदा पुनःनिर्माण र जीर्णोद्धर ठेक्कामा गर्न नहुनेमा हाम्रो जोड रहँदै आएको छ । संस्कृति संरक्षणतर्फ हेर्ने हो भने परम्परागत बाजा, नाच नयाँ पुस्तालाई प्रशिक्षण, सांस्कृतिक गुरु सम्मान, समय समयमा महोत्सव, सम्पदा पदयात्रा कार्यक्रमहरू गरेर मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षणमा पनि नगरपालिका उत्तिकै लागिरहेको छ ।

फोहर व्यवस्थापनमा कुहिने र नकुहिने फोहोर घर घरबाटै अलग अलग सङ्कलन गरी कुहिने फोहर जतिको कम्पोस्ट मल बनाई किसानलाई बिक्री वितरण गर्दै आएको र नकुहिने जतिलाई पुनः प्रयोगको लागि बिक्री गरी नगरपालिकाले आम्दानी गर्दै आएको छ ।

युवाहरूलाई खेलकुद तथा सीपमूलक तालिमहरू दिएर आत्मनिर्भर बनाउने प्रयास गर्दै आएको छ भने भक्तपुर नगरपालिकाले सुशासनतर्फ पनि जोड दिँदै आएको छ । विकास निर्माणको काम जनसहभागितामा गर्ने, आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता अपनाउँदै भ्रष्टाचारशून्य नगरपालिकाको पहिचान कायम गर्दै आएको छ । आवश्यकताअनुसार कानुन, ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका बनाई काम गर्दै आएको नगरपालिकाले हालसम्म ७० वटाभन्दा बढी कानुनहरू निर्माण गरिसकेको छ ।

जनतालाई सुसूचित गर्न विभिन्न सञ्चारमाध्यमहरू 'भक्तपुर' मासिक, 'ख्वप पौ' पाक्षिक, 'भक्तपुर खबर डट कम' अनलाइन पत्रिका, भक्तपुर म्युनिसिपालिटी फेसबुक पेज, विभिन्न पुस्तक प्रकाशन, 'ख्वप टिभी' र 'ख्वप सः' रेडियो कार्यक्रम सञ्चालन पनि गर्दै आएको छ ।

**सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौतीहरू :**

राज्यको जिम्मेवार पदमा बसेका व्यक्तिहरूबाट पटक-पटक प्रदेश र स्थानीय तहहरू सङ्घको एकाइमात्र भएको जस्ता गैरजिम्मेवार अभिव्यक्ति आउनु, अनावश्यक जिल्ला समन्वय समिति कायम रहनु, सङ्घ र प्रदेशअन्तर्गतका एकाइहरू शिक्षा, स्वास्थ्य, कृषि, पशु, सिंचाइलगायत यथावत रहनु सङ्घीयता कार्यान्वयनका चुनौतीहरू हुन् । त्यस्तै, सङ्घ, प्रदेश र स्थानीय तहहरूबिच समन्वय र सहकार्यको अभाव, १-२ लाखको स-साना योजनाहरूसमेत सङ्घ र प्रदेशको योजनामा राख्नु, सशर्त बजेट बढाउँदै समानीकरण अनुदान घटाउँदै लानु र पुराना ऐनहरू यथावत राख्नु पनि सङ्घीयताका थप चुनौतीहरू हुन् भने स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नहुनु स्थानीय तहका लागि सबैभन्दा ठुलो समस्या हो ।

यी र यस्ता चुनौतीहरूलाई ध्यान दिएर सरकारले आवश्यक काम गर्न सके नेपालमा सङ्घीय प्रणालीको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गर्न सकिन्छ ।

*(भक्तपुर नगरपालिकाका **प्रमुख सुनिल प्रजापति**ले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) ललितपुरको आयोजनामा २०८२ पुस १४ गते भएको 'सङ्घीयता कार्यान्वयन र व्यावहारिक पक्ष' विषयमा नवनियुक्त शाखा अधिकृतसँगको अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार)*

# बढ्दो विदेशी चलखेलप्रति सचेतता खाँचो

राजनीतिक उत्पात् मच्चाएर, उच्छृङ्खल र अराजनीतिक गतिविधि गरेर देशलाई असफल पार्ने प्रयासमा विदेशीहरूको चलखेल बढेकोमा शङ्का छैन । देशमा बढिरहेको विदेशी चलखेलले देशभक्त राजनीतिज्ञ, राजनीतिक विश्लेषक र बुद्धिजीवीहरू मात्र होइन जनता पनि चिन्तित हुन थालेका छन् । देशमा विदेशी चलखेल गर्न र गराउन पूर्वाधार तयार गर्ने दलका नेताहरू र उक्त पूर्वाधारभित्र रहेर चलखेल गर्ने तत्त्वहरूदेखि राजनीतिक दल, नागरिक समाज र जनता सचेत हुनु जरुरी छ । हिजो अराजनीतिक र उच्छृङ्खल गतिविधिमा सरिक भएका तत्त्वहरूदेखि सावधान रहँदै अबको निर्वाचनमा त्यस्ता देशविरोधी र जनविरोधी पात्रहरू सबैलाई एक एक गरी हराउनुपर्छ । नेपाली जनता समयमै सचेत नभएमा, विगतबाट शिक्षा नलिएमा यस्ता घटनाहरू बारम्बार दोहोरिनेछन्; देशलाई असफल बनाउने तत्त्वहरू फेरि सक्रिय हुन बेर लाग्दैन ।

विदेशी चलखेल बढ्नु राम्रो सङ्केत हुँदै होइन । विदेशी चलखेलप्रति शासकहरू गम्भीर नहुनु देशको लागि अर्को खतरा हो । विदेशी घुसपैठ भएको आन्दोलनलाई सरकारले नियन्त्रण गर्न नसक्नु या त्यस्तो आन्दोलनको सूचना थाहा नपाउनु सरकारको अर्को कमजोरी रह्यो । देशमा लामो समयसम्म शासन चलाउने, सबभन्दा शक्तिशाली पार्टीको नेतृत्वमा रहेको सरकारको पालामा हालसम्मकै सबभन्दा बढी विध्वंस भए पनि सरकार मूकदर्शक भएर बस्नु के शासकहरूको दुर्भाग्य होइन ? विदेशी चलखेल संसद्को आउने निर्वाचनको बेलामा पनि हुनसक्नेतर्फ देशभक्त राजनीतिक दलहरू अझ गम्भीर हुनुपर्ने अवस्था छ । कति नयाँ दलका नेताहरू र जेन-जी समूहका कति अगुवाहरू विदेशी संस्था र सहयोगबाट चलेको प्रकाशमा आइरहेको खबरले पनि नेपाली जनतालाई चिन्तित बनाएको छ ।

नागरिकता विधेयक पारित गरेर विदेशीलाई पनि वंशजको आधारमा नेपाली नागरिकता लिन पाउने व्यवस्था गरेर विदेशीहरूलाई नेपालमा भित्र्याउने या नेपाली नागरिक बनाउने बाटो खुलाउने विगतको काम सरकारले गर्‍यो । त्यस्तै विकास र आर्थिक सहयोगको नाउँमा अमेरिकी कम्पनीमार्फत एमसीसी सम्झौता गराएर नेपालमा अमेरिकी गुप्तचर खेलाउने काममा विगतको सरकारले टेवा पुर्‍यायो । धर्म प्रचारको नाउँमा तिब्बतीहरूले खेल्न पाउने या देशविरोधी राजनीतिक गतिविधि गरे पनि सरकार मौन रह्यो । बेलाबखत अमेरिकी सेना पस्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई खुला भित्र्याउने या छोड्ने सरकारको कार्यशैलीले पनि देशमा एकपछि अर्को विदेशी चलखेल बढेकोमा शङ्का छैन । यी सबै गतिविधिको कारण देश जल्यो; देशको ठुलो धनसम्पत्ति खरानी भयो ।

आर्थिक सहयोग र विकास योजना दिने भनेपछि जस्तोसुकै सन्धि सम्झौतामा पनि आँखा चिम्लेर सही गर्ने, समर्थन गर्ने, गुणगान गर्ने कार्यले देशमा उच्छृङ्खल काम बढ्यो । अमेरिकी सेना देशमा छिरे काठमाडौँ कताइदिए हुन्छ, चारपाता मोडे हुन्छ भनी गर्जने नेताहरू विदेशी घुसपैठको आन्दोलन हुँदा लुकेर बस्नुपर्‍यो; तिनीहरूकै आवास जलाइयो । यी घटनाक्रमले देशका शासकहरू विदेशी आर्थिक सहयोग र विकासको लोभमा फस्नु हुँदैन; सहयोग पाउँदैमा देशघाती सन्धि सम्झौतामा सही गर्नुहुँदैन भन्ने कुरा देखायो । देशमा पछि हुने दूरगामी असरलाई ध्यान दिएरै नेमकिपाले एमसीसी सम्झौता र नागरिकता विधेयकको विरोध गरेको थियो; एमसीसी सम्झौता पारित नगराउन भक्तपुरदेखि काठमाडौँसम्म जुलुस र विरोध प्रदर्शनमात्र होइन संसद् भवनलाई लगातार घेराउ गरेको थियो; देशको दर्जनौं जिल्लामा विरोध प्रदर्शन गरेको थियो । नागरिकता विधेयकको विरोधमा पनि सडक र सदनमा नेमकिपाले लगातार विरोध प्रदर्शन गरेको थियो; नेमकिपाका सांसदहरूले सदनभित्र नाराबाजी गरेका थिए । नेमकिपाले समयमै गरेको त्यो खबरदारीलाई सरकारको नेतृत्व गर्ने दलका नेता र प्रधानमन्त्रीहरूले वास्ता नगर्दाको परिणाम भदौ २३ र २४ गतेको आन्दोलन भयो र बलिया दलका शासकहरू लुक्न बाध्य भए ।

देशमा विदेशीहरू पसेपछि, विदेशीको इसारामा चल्ने दलालहरू घुसेपछि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई खुलमखुला छोडेपछि उनीहरूले देशको राजनीतिमात्र बुझ्ने अवसर पाउने होइनन्; देशको आन्तरिक कलह या अन्तर्द्वन्द्व मात्र थाहा पाउने होइनन्; यहाँका मान्छेलाई पैसा बाँडेर, लोभमा फसाएर तोडफोड र आगजनी गर्ने पेशेवरहरूसमेत तयार गरेको कुरा जेन-जी आन्दोलनले पुष्टि गरिसकेको आभास हुन्छ । कहाँ कहाँ, कसरी आगजनी गर्ने भन्ने तालिम नलिएका भए, पूर्वयोजना नभएका भए देशभरिको सम्पदा एकै समयमा एकै पटक जल्दैनथ्यो; खरानी हुँदैनथ्यो; आगो चाँडै फैलिन्नथ्यो । नेमकिपाले सदन र सडकमार्फत देशलाई आत्मनिर्भर बनाउन, सन्तुलित विकास गर्न, भ्रष्टाचारीहरूमाथि कारबाही गर्न, राजनीति इमानदारी र निःस्वार्थपूर्वक गर्न, झूटको राजनीति नगर्न, सिद्धान्त र विचारको राजनीति गर्न, परिवर्तनको निम्ति बहुमत जनतालाई सैद्धान्तिक, वैचारिक र सांस्कृतिक रूपमा सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकताबारे सरकारलाई त्यसै ध्यानाकर्षण गरेको होइन; त्यसै समाजवादी सिद्धान्तबारे जनतालाई सुसूचित पार्दै आएको होइन ।

# आजको सन्दर्भमा पुस्तक ‘भेनेजुयला : हिजो र आज’ को अध्ययन

✍ समा

सार्वभौम देश भेनेजुयलामाथि संरा अमेरिकाले हालै गरेको आपराधिक आक्रमणले साम्राज्यवादको सक्कली रूप पुन: उदाङ्गिएको छ । संरा अमेरिकाले भेनेजुयलाको राजधानी काराकससँगै थुप्रै प्रान्त र सहरहरूमा सैन्य हमला गऱ्यो । सैन्य इलाकासँगै विमानस्थल, बन्दरगाहलगायत थुप्रै आमनागरिक बसोवासका ठाउँमा नियोजित हवाई बमबारी गऱ्यो । राष्ट्रपति मादुरो र उनकी श्रीमतीलाई अवैधानिक रूपले अपहरण गऱ्यो । संरा अमेरिकाको यो रवैयालाई संयुक्त राष्ट्रसङ्घको बडापत्र तथा अन्तर्राष्ट्रिय कानुनको उलङ्घनसँगै भेनेजुयलाको सम्प्रभुसत्तामाथिको ठाडो हस्तक्षेप भन्दै विश्वभरबाट निन्दा र कडा विरोध भइरहेको छ । भेनेजुयाली जनता भने संरा अमेरिकासामु कुनै पनि मूल्यमा नझुक्ने र आत्मसमर्पण नगर्ने अडानसहित सङ्घर्षमा जुटेका छन् ।

संरा अमेरिकाले आफ्नो तखतमा नबसेको देशलाई आतङ्ककारी देख्छ । समाजवादी आन्दोलन अघि बढेको देशमा प्रजातन्त्र र मानवअधिकार उलङ्घन देख्छ । भेनेजुयलाको कथा पनि यही हो । संरा अमेरिकी नाकाबन्दीबीच पनि भेनेजुयलाको अर्थतन्त्र अगाडि बढ्यो, आर्थिक वृद्धिदर ८.५ प्रतिशत पुग्यो, अमेरिकाबाहिर पनि व्यापारको ठूलो सम्भावना पुष्टि गऱ्यो । भेनेजुयलाको आत्मनिर्भरता र प्रगति सहन नसकेर लागु औषध ओसारपसार र लागु औषध गिरोहसँग सम्बन्धको आरोप लगाई पटक पटक भेनेजुयाली जहाजमाथि हमला गऱ्यो । ‘नार्को आतङ्ककारी’ देश भनी आक्षेप लगायो । तर, आक्रमणको प्रमुख कारण भेनेजुयलामाथिको कब्जा नै हो भन्ने प्रस्ट छ । यतिबेला भेनेजुयलामा





अमेरिकी मुनरो नीतिको पुनरावृत्ति भएको छ । इतिहासमा भेनेजुयला र अधिकांश ल्याटिन अमेरिकी देश स्पेनको उपनिवेशमा थियो । नेता सिमोन बोलिभार, होसे मार्टी र फिडेल क्याष्ट्रोहरूले त्यो उपनिवेशबाट ल्याटिन अमेरिकी जनतालाई मुक्त गरे । त्यसपछि संरा अमेरिकाको गिद्देनजर ल्याटिन अमेरिकामा पऱ्यो । तत्कालीन अमेरिकी राष्ट्रपति जेम्स मुनरोले सन् १८२३ डिसेम्बरमा ‘अमेरिका अमेरिकीहरूको’ भन्ने सन्देश प्रतिनिधि सभामा पठायो । यसैलाई पछि मुनरो नीति भनियो । यसको मुख्य उद्देश्य एकातिर युरोपेली देशलाई पश्चिमी गोलार्द्धमा रोक्नु हो भने अर्कोतिर ल्याटिन अमेरिकालाई आफ्नो करेसाबारी बनाउनु अर्थात् आफ्नो प्रभुत्वमा राख्नु हो । भेनेजुयलामा यो उपनिवेशवादी अमेरिकी नीतिको विरोध हिजो बोलिभार, चाभेजहुँदै आज मादुरो गर्दै छन् । क्युवा, भेनेजुयला, निकारागुवा, कोलम्बियालगायतका ल्याटिन अमेरिकी देशहरू विभिन्न स्वरूपमा संरा अमेरिकी युद्ध आतङ्कविरुद्ध निरन्तर सङ्घर्ष गर्दै छन् ।

भेनेजुयलाको प्राकृतिक खनिज र कच्चा तेलमाथि कब्जाको संरा अमेरिकी नियत प्रस्ट छ । हमलाको अर्को मुख्य कारण यही हो । भेनेजुयलासँग ३०३ अर्ब ब्यारेल प्रमाणित कच्चा तेल भण्डार छ । पृथ्वीको कुल पेट्रोलियम भण्डारको २० प्रतिशत तेल भेनेजुयलामा मात्र छ, जुन साउदी अरेबियाभन्दा बढी हो । अमेरिकाको आँखा १७० खर्ब अमेरिकी डलर क्षमताका ती तेल खानीहरूमा हो भन्ने बुझ्न गाऱ्हो छैन । त्यसकारण राष्ट्रपति मादुरोको अपहरण पछि ट्रम्पले बोल्यो – ‘अब देश हामी चलाउँछौं ।” संसारकै सबैभन्दा ठूलो हाम्रो देशको तेल कम्पनीलाई भेनेजुयलाका तेल कारखानाको पूर्वाधार निर्माणको निम्ति अरबौं डलर लगानी गर्न पठाउनेछौं ।” केही हप्ताअघि मात्र पनि ट्रम्पले बोलेको थियो – “भेनेजुयलाले हाम्रो तेल अधिकार खोस्यो । हाम्रा कम्पनीहरू फर्कायो । अब हाम्रो जमिन र तेल अधिकार लिन्छौं ।” दोस्रो कार्यकालबाटै ट्रम्प आक्रामक भाषण गर्दै थिए – “भेनेजुयलाको तेल अमेरिकाको हो” । ह्युगो चाभेज नेतृत्वमा आएपश्चात् अमेरिकी कम्पनीको कब्जामा रहेका खनिज तेल खानीहरू राष्ट्रियकरण गरिए र त्यसपछि भेनेजुयलामाथि अमेरिकी हमला या आतङ्क बढेको हो । यो बीचमा असङ्ख्य अमेरिकी नाकाबन्दी, अमेरिकी दबाब र इतिहासकै ठूलो मुद्रास्फिति भेनेजुयलाले सामना गऱ्यो ।

यस आक्रमणको अर्को कारण सन् २०१८ देखि भेनेजुयलाले अस्वीकार या निन्दा गरेको पेट्रोडलर प्रणालीलाई पुन:स्थापना गर्नु हो । सन् २०१८ मा भेनेजुयलाले आफूलाई सबै डलर कारोबारबाट मुक्त घोषणा गऱ्यो । भेनेजुयलाको यो कदमले सन् १९७० मा संरा अमेरिकाद्वारा स्थापित पेट्रोडलर प्रणालीमाथि ढक्का पुग्यो । विगत ५५ वर्षदेखि पेट्रोडलर अमेरिकी अर्थतन्त्रको मुख्य आधार हो । अमेरिकी सैन्य खर्च र घाटा खर्चलाई यसैले वित्त पोषण गर्छ । भेनेजुयलाले चीनलाई युआन ( चिनियाँ मुद्रा) मा कच्चा तेल बेच्यो जसले पेट्रोडलरलाई छायाँमा पाऱ्यो । चीनसँगको कारोबार अझ सहज बनाउन भेनेजुयलाले युरोपेलीले खडा गरेको विश्वव्यापी भुक्तानी प्रणाली SWIFT लाई पनि बेवास्ता गर्दै चीनसँग प्रत्यक्ष भुक्तानी प्रणाली स्थापना गऱ्यो । जब–जब अमेरिको डलर प्रभुत्वमा खतरा महसुस हुन्छ तब–तब उसले प्रजातन्त्र, मानवअधिकार र आतङ्कवादको नाममा विभिन्न देशहरूमाथि आक्रमण गरेको इतिहास छ । सन् २००० मा सद्दाम हुसेन र सन् २००९ मा गद्दाफीमाथिको हमला पनि यही सूत्रसँग जोडिन्छ । भेनेजुयलाले SWIFT को विकल्प निर्माणमा सक्रिय रूपमा भाग लिइरहनु र इरान, चीन, रुसजस्ता डि–डलराइजेसनको वकालत गरिरहेका देशहरू र BRICS जस्तो दक्षिणी विश्वको सामूहिक प्रयासहरूसँग सहकार्य गर्नुले पनि अमेरिकालाई असह्य भयो ।

यसरी जियोपोलिटिकल इकोनोमीको रिपोर्टले पछिल्लो हमलाको कारण चीन, रूस र इरानसंग




भेनेजुयलाको सम्बन्ध पनि हो भनी खुलाएको छ । ट्रम्पले आफ्नो भाषणमा भन्यो– “यो आक्रमण दोस्रो विश्व युद्धपछिको सबैभन्दा सफल अभ्यास हो” । दोस्रो विश्व युद्धको यो जिकीर रुस र चीनतिर हेरेर युद्धको धम्की हो भन्ने विश्लेषण पनि छ । त्यतिमात्र होइन ल्याटिन अमेरिकाका प्रगतिशील एवम् वामपन्थी सरकार विशेषत: क्युवा र निकारागुवालाई तर्साउन, धम्काउन खोजिएको बुझ्न त्यति गाह्रो छैन । ल्याटिन अमेरिका र क्यारेबियाली क्षेत्रबीचको एकता भत्काई आफ्नो कठपुतली सरकार निर्माण गर्न चाहन्छ अमेरिका । दक्षिणी विश्वको एकता, प्यालेस्टाइन, इरान र अफ्रिकाप्रतिको भेनेजुयाली ऐक्यबद्धताले ट्रम्पको मथिङ्गलमा आगो लागेको हो भन्दा असत्य नहोला ।

आजको यही सन्दर्भमा भेनेजुयलाको इतिहासदेखि वर्तमानसम्मका उतारचढावपूर्ण अवधि, साम्राज्यवादी आक्रमणहरू र त्यसविरुद्धको लडाइँको समयचक्र समेटिएको पुस्तक ‘भेनेजुयला : हिजो र आज’ बारे छलफल गर्नु समीचीन हुन्छ । पुस्तकले नेपाली समाजलाई भेनेजुयलाबारे सत्यतथ्य जानकारी दिन्छ । संरा अमेरिकी स्वार्थ र कुकृत्यको लामो अवधि अवगत गराउँछ । भेनेजुयलामा साम्राज्यवादी हस्तक्षेपको लामो इतिहासका केही खण्डहरू पुस्तकले पस्केको छ । पत्रकार समाज नेपालद्वारा प्रकाशित यो पुस्तक आजको सन्दर्भमा अत्यन्त पठनीय महसुस हुन्छ ।

संरा अमेरिकाका ५ औं राष्ट्रपति मुनरोको सिद्धान्तलाई काखी च्यापेर हिँडिरहेको ट्रम्पलाई पछिल्लो घटनाले पुन: एक अराजक तथा आतङ्ककारीका रूपमा विश्वजगतमा उदाङ्गो पारेको छ । पुस्तकको भूमिकामा नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छैं लेख्नुहुन्छ, “कोरियाली प्राय:द्वीप, भियतनाम, अफगानिस्तान, इराक, लिबिया र सिरियाबाट घाइते अमेरिकी साम्राज्यवादले ल्याटिन अमेरिकी महादेशमा युद्ध छेड्छ भने उसको आफ्नै दिनगन्ती सुरु हुने इतिहासको अध्ययनले बताउँछ । नेपाली उखान नै छ - खुकुरीले खसी र फर्सी काट्छ, तर ढुङ्गा काट्न सक्दैन ।” भियतनाम, अफगानिस्तान, इराक, लिबिया र सिरियाको इतिहासले संसारमै अत्यन्त बदनाम संरा अमेरिकी साम्राज्यवाद पराजयको मानसिकता बोकेर जताततै उपद्रोह मच्चाइरहेको छ, पानीमा डुब्न लागेको मानिसले बेस्सरी हातखुट्टा चलाएझैं ।

भेनेजुयला, बोलिभार र चाभेज चिनाउने गणेशजीको लेख सरल एवम् सन्देशमूलक छ । भेनेजुयलाको इतिहास, बोलिभार र चाभेजको क्रान्तिकारी व्यक्तित्वले पाठकलाई उत्साहित बनाउनेछ ।

भेनेजुयलामा संरा अमेरिकी साम्राज्यवादको हस्तक्षेपका नालीबेली केलाउँदै भेनेजुयलालाई किन तारो बनाइयो भन्नेबारे तथ्य पुस्तकले पाठकमाझ राखेको छ । भेनेजुयलाको प्राकृतिक तथा खनिजमाथि एकाधिकार जमाउन त्यसो गरिएको हो । भेनेजुयला, क्युवा र निकारागुवा सैद्धान्तिकरूपमा साम्राज्यवादविरोधी र समाजवादको पक्षमा सङ्घर्षरत छन् । ल्याटिन अमेरिकामा समाजवादी आन्दोलनलाई मत्थर पार्ने उद्देश्यले भेनेजुयलालाई तारो बनाइएको हुन सक्ने वस्तुपरक विश्लेषण पुस्तकमा छ । भेनेजुयलामा मानवीय सङ्कटको झूटो बहानामा मानवीय सहायतारूपी ट्रोजन हर्स पठाई सैनिक आक्रमण र नरसंहारजस्तो गम्भीर अपराध गर्न लागिएको सन्दर्भ पुस्तकमा छ ।

संरा अमेरिकी जनतालाई निकोलस मादुरोको खुलापत्रमा भनिएको छ - “हामी हाम्रो देशलाई सबभन्दा उच्च मानव सूचकाङ्क भएको र अमेरिकी महादेशमा सबभन्दा कम असमानता भएको देशको रूपमा गौरवपूर्वक अगाडि बढाउन चाहन्छौं ।” पश्चिमा सञ्चारमाध्यम ‘राम्रो कुरा रोक्ने मेशिन’ को रूपमा पुस्तकले चित्रण गरेको छ । संरा अमेरिकाको नुनको सोझो गर्ने, भ्रमको खेती गर्ने र बलेको आगो ताप्ने ‘बीबीसी’ र ‘सीएनएन’ जस्ता प्रतिक्रियावादी सञ्चारमाध्यमको वास्तविकता पुस्तकले पाठकसम्म पुऱ्याएको छ । झूटलाई सही बनाउन, संसारलाई दिग्भ्रमित गर्न साम्राज्यवादी सञ्चार जगतले खेल्ने घिनलाग्दो भूमिकाबाट भेनेजुयला पनि अछुतो रहेन ।

पुस्तकमा राष्ट्रपति मादुरोसँग पत्रकार ओर्ला ग्युनिनले लिएको अन्तर्वार्ता प्रस्तुत छ । अन्तर्वार्ताले निकोलस मादुरो र उनको व्यक्तित्वमाथि थप प्रकाश पार्छ । उनको जवाफ दिने शैली प्रभावशाली छ । अन्तर्वार्ता निकै मार्मिक छ । मादुरोका प्रत्येक शब्दहरूमा देश छ, देशप्रेम छ, जनताप्रतिको विश्वास र इमानदारी छ । भेनेजुयलाप्रति पूर्वाग्रह राख्ने ग्युरिनका प्रत्येक झूटा आरोपलाई मादुरोले प्रतिकार गरेको शब्द-दृश्य अत्यन्त रोचक छ । संरा अमेरिकाको अतिरञ्जनापूर्ण प्रजारबाजीलाई मादुरोले अन्तर्वार्तामार्फत छ्याँसेका छन् । साम्राज्यवादी अमेरिकाको हेपाहा र अपमानजनक व्यवहार, फासीवादी र आक्रमणकारी नीतिको मादुरोले खुलेर विरोध गरेका छन् ।

भेनेजुयला भोकमरी, मानवीय सङ्कट र आर्थिक सङ्कटले उठ्नै नसक्ने गरी थला परेको प्रचारबाजी गरियो । संरा अमेरिकाले मानवीय सहायताको नाटक मञ्चन गऱ्यो । भेनेजुयलाको आर्थिक सङ्कट पछाडि अनेक कारण छन् । भेनेजुयलामा अहिले जति पनि सङ्कट छन् ती सबैको एउटै मात्र कारण संरा अमेरिका नै हो । विगत लामो समयदेखि भेनेजुयलामा संरा अमेरिकाले नाकाबन्दी लगाइरहेको छ । संसारको कुनै पनि कुनामा भेनेजुयलाको नाममा रहेको बैङ्क खाता खोजी-खोजी रोक्का गरिएको छ । यस्ता समस्याहरूबिच भेनेजुयला आर्थिक उन्नयनका निम्ति तीनगुणा बढी मेहनत गरिरहेको तथ्याङ्क पुस्तकले पस्केको छ ।

मादुरो राष्ट्रपतिकालमा मुद्रास्फिति दर १० लाख प्रतिशत पुगेको तथ्याङ्क राख्ने ‘बीबीसी’ ले कुन हदसम्म झूटको खेती गर्छ भन्ने प्रस्ट तस्वीर पुस्तकले प्रस्तुत गरेको छ । भेनेजुयलामा माडुरोको दोस्रो कार्यकालको अर्थ, मादुरोको हत्या दुष्प्रयासका कारण र ल्याटिन अमेरिकी वामपन्थी आन्दोलनका चुनौतीबारे प्रकाशको विश्लेषणात्मक लेखहरू जानकारीमूलक छन् ।

अमेरिकी साम्राज्यवाद किन मादुरो सरकार हटाउन चाहन्छ ? शीर्षकको लेखमा मादुरोमाथिको हमलाका राजनीतिक, आर्थिक र कूटनीतिक कारणहरूबारे चर्चा गरिएको छ । तेल, ग्याँस र सुनमा संसारकै धनी देश भेनेजुयलालाई संरा अमेरिकाले आफ्नो खल्तीमा राख्न चाहन्छ । समाजवादी व्यवस्थालाई आर्थिक सङ्कटको कारक बताउने ट्रम्पको हस्तक्षेपकारी चरित्र उदाङ्गो पार्ने स्टेभ इलनरको लेखले भेनेजुयलाको आर्थिक समस्यालाई संरा अमेरिकाले थोपरेको कृत्रिम सङ्कटको रूपमा व्याख्या गरेको छ । ‘चाभेजपन्थीहरूलाई भोकभोकै मार्न’ आह्वान गरिरहेको संरा अमेरिकाले मादुरोलाई तानाशाही र आतङ्ककारी भनी झूटा आरोप लगाउनु हास्यास्पद छ । संरा अमेरिकाप्रति सचेत पाठकको घृणा जाग्नु स्वाभाविक छ ।

‘भेनेजुयलामा सैनिक विद्रोहको योजना : अब के हुन्छ ?’ मा मार्को तेरिगीले संरा अमेरिकाले योजनाबद्ध ढङ्गले पाइला-पाइला गरी भेनेजुयलामाथि हस्तक्षेप र आक्रमण गरिरहेको प्रस्ट्याएका छन् । हतियार चोरीदेखि हिंसात्मक गतिविधिको घटनाक्रम लेखमा पाइन्छ । ग्वाइडो सैनिक विद्रोहको योजनाबाट समानान्तर सरकार सञ्चालन गर्न, आर्थिक कारबाही गर्न संरा अमेरिकाको घोडा बनेको पुष्टि लेखले गर्दछ ।

जर्मनीका प्रगतिशील कवि बर्टोल्ट ब्रेख्त (१८९८-१९५६) ले भनेजस्तै साम्राज्यवादीहरू स्वतन्त्रताको कुरा गर्दै आक्रमणको तयारी गर्छन् । संरा अमेरिकाले मानवीय सहायताको नाममा हातहतियार भित्र्याउने र सेना खटाउने काम गरिरहेबाट त्यसको पुष्टि हुन्छ । त्यसविरुद्ध भेनेजुयाली सेना सङ्गठित भई सङ्घर्ष गर्दै छ । भेनेजुयाली सेना भन्छ - “हामी कहिल्यै पनि कालो इच्छाहरूको छायाले छोपेको राष्ट्रपति स्वीकार गर्नेछैनौं । कानुनबाहिरबाट आफैले दाबी गरेकोलाई पनि स्वीकार्दैनौं ।”

इराम्सी पेरेजा फर्टिले भेनेजुयला सरकारलाई अस्थिर बनाउने १० वटा दुष्प्रयासबारे लेखेका छन् । भेनेजुयलामाथिको युद्ध झूटमा आधारित भएको पुष्ट्याइँ पेश गरेका छन् विश्वचर्चित अष्ट्रेलियाली खोजपत्रकार तथा वृत्तचित्र निर्माता जोन पिल्गरले । उनले चाभेजकालीन भेनेजुयलाको सजीव चित्र कोरेका छन् ।

नवउदारवादी प्रयोगशालामा भेनेजुयलाको अर्थतन्त्रबारे जष्टिन पोडुरको लेख मननीय छ । भेनेजुयला र भेनेजुयलाको सङ्र्षको पक्षमा लेखिएको नोम चोम्स्कीको ‘हिजोको दुष्ट मण्डली र आजको तानाशाह त्रोइका’ ले बुशदेखि ट्रम्पसम्मको अत्याचारी साम्राज्यवादी रूप उदाङ्गो पार्छ ।

‘वासिङ्गटन कि भेनेजुयला ? जङ्गली पुँजीवाद कि समाजवाद ?’ शीर्षकको लेखमा लुइस ब्रिट्टो गार्सियाद्वारा व्यक्त विचार मननयोग्य छ ।

भेनेजुयलाको राजनीतिक सङ्कटबारे अन्तर्राष्ट्रिय विद्वानहरूको विज्ञप्ति, श्रमिक साप्ताहिक र ‘मजदुर’ दैनिकका सम्पादकीयहरूलगायत २८ वटा सङ्क्षिप्त या विस्तृत खालका लेखहरू समेटिएको यस पुस्तक भेनेजुयलाबारे सही सन्देश दिन सफल छ । विगतदेखि वर्तमानसम्मको भेनेजुयलाको सजीव चित्र प्रस्तुत गर्ने यस पुस्तक एउटा महत्त्वपूर्ण दस्तावेजको रूपमा समेत सङ्ग्रहणीय छ ।

संरा अमेरिकाले अन्तर्राष्ट्रिय जगतमा उपद्रोह मचाउन र कमजोरलाई निमोठ्न कहिल्यै छोड्ने छैन, इतिहासको अध्ययनले यही बताउँछ । इतिहासमा ६७ औं पटकभन्दा बढी देशका राष्ट्रपतिहरू अपदस्थ गरिसकेको अमेरिकी साम्राज्यवाद मादुरो र भेनेजुयलाविरुद्धको यो निर्मम रूप नौलो होइन । भेनेजुयाली जनताको साम्राज्यवादविरोधी आन्दोलनको इतिहास र माडुरोको सङ्घर्षशील तथा क्रान्तिकारी अडानको जित हुने उत्साहजनक सन्देश दिएर पुस्तकले विश्वका शान्तिकामी जनतामा ऊर्जा थपेको महसुस हुन्छ ।

# नेपालमा संसद् विघटनको शृङ्खला र सर्वोच्चको व्याख्या



रामप्रसाद प्रजापति

**नेपालको पहिलो लिखित संविधानमा के छ ?**

नेपालमा संविधान र संसद्सम्बन्धी कानुन २००४ सालमा राणा शासनले निर्माण गरेको नेपाल सरकार वैधानिक कानुन, २००४ हो । जसको भाग ४ मा व्यवस्थापक सभाअन्तर्गत क) पञ्चायती सभा, ख) केन्द्रीय सभा रहने व्यवस्था गरेको पाइन्छ । पञ्चायती सभाअन्तर्गत ग्राम पञ्चायत । नगर पञ्चायत रहने व्यवस्था गरेको पाइन्छ भने केन्द्रीय सभाअन्तर्गत श्री ३ महाराज, राष्ट्र सभा र भारीदारी सभाबाट नेपालको व्यवस्थापक सभा बन्ने व्यवस्था धारा २२ मा उल्लेख गरेको पाइन्छ ।

राष्ट्र सभामा निर्वाचित र सरकारबाट मनोनित गरी ६० देखि ७० जनामा नबढाई सदस्य रहने र भारीदारी सभामा सकभर सबै संस्था, पेशा, रोजगार र विशेष योग्यताद्वारा मुलुकको गौरव बढाएका व्यक्तिहरूको ख्याल राखी श्री ३ बाट घटीमा २० र बढीमा ३० जना नियुक्ति गर्ने व्यवस्था गरिएको पाइन्छ । अनुसूची (क) मा राष्ट्र सभाको रचना शीर्षकअन्तर्गत राष्ट्रसभामा कुन क्षेत्रबाट कति जना रहने भन्ने व्यवस्था गरेको पाइन्छ । जसअनुसार पूर्व र पश्चिमका ३७ क्षेत्र (जिल्ला) बाट ३२ जना, काठमाडौँ, ललितपुर, भक्तपुर र वीरगञ्ज गरी ४ नगर पञ्चायतका ४ प्रधान पञ्चहरू र विशेष काम वा योग्यताअन्तर्गत साहूमहाजन व्यापारीहरूबाट १ जना, बिर्तावाल, जमिनदारहरूबाट १ जना, लेखपढ गरेका बाट २ जना, सरकारी कर्मचारीहरूबाट १ जना र श्रमजीवीबाट १ जना गरी कुल निर्वाचित सदस्यहरू ४२ जना रहने व्यवस्था गरिएको देखिन्छ । २८ जना सदस्य भने श्री ३ महाराजबाट नियुक्ति हुने व्यवस्था रहेको पाइन्छ ।

साहुमहाजन व्यापारीहरूबाट सरकारलाई सालीयाना रु.१००/- वा सोभन्दा बढी अङ्क भन्सार वा बजार महसुल ३ वर्षसम्म लगातार बुझाउनेहरूले आपसबाट प्रतिनिधि छान्ने व्यवस्था गरेको पाइन्छ ।

२० रोपनी वा १० पाथी बीउ जाने वा १० बिगाहा वा सो भन्दा बढी जग्गाका धनीहरू वा रु.१,०००/- सम्म वा बढी मालपोत तिर्नेहरूले आपसबाट प्रतिनिधि छान्ने व्यवस्था गरेको देखिन्छ ।

त्यस्तै लेखपढ गरेकाबाट म्याट्रिक वा मध्यमा र सोभन्दा बढी योग्यता हुनेले ग्रेजुएट, आचार्य वा नेपालीमा सोहीसरह योग्यता भएकाहरूलाई सदस्य छान्ने व्यवस्था रहेको देखिन्छ ।

नेपाल सरकार वैधानिक कानुन, २००४ ले व्यवस्थापक सभा, राष्ट्र सभा वा भारीदारी सभा विघटनको कल्पना गरेको देखिँदैन ।

कार्यकारिणी सभाअन्तर्गत धारा ६ मा नेपालको शासन अधिकार अधिकार श्री ३ महाराजमा रहने व्यवस्था गरिएको थियो । २००४ मा आफ्नो शासन टिकाउन बनाउन दिएको उक्त संविधान लागु भने हुन सकेको थिएन ।

**२००७ को प्रजातन्त्रसँगै नयाँ संविधान**

२००७ साल फागुण ७ गते देशमा प्रजातन्त्र घोषणा भएपछि देशको शासन व्यवस्था सञ्चालन गर्न नेपालको अन्तरिम शासन विधान, २००७ जारी गऱ्यो । जुन संविधान २००८, २००९ र २०१० गरी तीन पटक संशोधन गरिएको देखिन्छ ।

२००७ को संविधानको मुख्य उद्देश्य आम निर्वाचन चाँडो गराई विधान परिषद्को गठन गर्ने थियो । धारा ६८ मा विधान परिषद्को निर्वाचन चाँडो गराउने व्यवस्था गरेको पाइन्छ भने, धारा २४ का श्री ५ ले मन्त्रिमण्डल गठन गर्ने, अदालतमा प्रश्न उठाउन नपाइने तथा धारा २२ मा सम्पूर्ण कार्यकारीणी अधिकार श्री ५ मा हुने व्यवस्था गरेको पाइन्छ ।

जुन संविधानले आम निर्वाचन गराउन नसकेपछि संसद् वा विधान परिषद् गठन हुन सकेन । राजा महेन्द्रले २०१५ सालमा नयाँ संविधान जारी गरे ।



**नेपाल अधिराज्यको संविधान, २०१५**

नेपाल अधिराज्यको संविधान, २०१५ को धारा १८ ले संसद्को गठन हुने व्यवस्था गरेको पाइन्छ । श्री ५ महाराजाधिराज र महासभा तथा प्रतिनिधिसभा गरी दुई सदन सहितको एक संसद् रहने व्यवस्था धारा १८ ले गरेको पाइन्छ ।

धारा १९ मा महासभामा जम्मा ३६ जना सभासद रहने । जसमध्ये १८ जना प्रतिनिधिसभाबाट निर्वाचित हुने र १८ जना श्री ५ बाट धारा २१ अनुसार मनोनित हुने व्यवस्था गरेको पाइन्छ । पदावधि ६ वर्षको हुने व्यवस्था रहेको देखिन्छ ।

धारा २२ मा निर्धारित विभिन्न निर्वाचन क्षेत्रहरूबाट निर्वाचित एक प्रतिनिधिसभा हुने र ऐनले अन्य व्यवस्था नगरेसम्म १०९ निर्वाचन क्षेत्र हुने व्यवस्था गरेको पाइन्छ ।

धारा २६ बमोजिम संसद्को आह्वान र अवधि तोक्ने अधिकार श्री ५ मा हुने व्यवस्था गरेको पाइन्छ । उपधारा (२) मा तोकिएको दिनपछि श्री ५ बाट संसद् आह्वान तथा विघटन गर्न सकिने व्यवस्था गरेको देखिन्छ ।

धारा ५६ मा संवैधानिक यन्त्र विफल भएमा सङ्कटकालीन अधिकारसम्बन्धी व्यवस्था गरेको पाइन्छ । संसदीय शासन पद्धति भङ्ग भएको छ र धारा १७ द्वारा प्रदत्त अधिकारहरू अपर्याप्त छ भन्ने लागेमा श्री ५ को स्वविवेकमा संविधानको भाग ३, ४, ५ निलम्बन गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । भाग ३ मौलिक हक अधिकार, भाग ४ कार्यपालिका र भाग ५ संसद्को अधिकारसँग सम्बन्धित रहेको छ ।

त्यस्तै सोही धाराको प्रतिबन्धात्मक व्यवस्थाअन्तर्गत संसद्को एउटामात्र वा दुवै सदनलाई निलम्बन गर्न सकिने व्यवस्था गरेको छ । एउटा सदन निलम्बनमा छ भने अर्को सदनले कानुन बनाउन सक्ने व्यवस्था गरेको पाइन्छ ।

यी सम्पूर्ण अधिकार श्री ५ मा रहने र धारा ६९ ले श्री ५ बाट आफ्नो अधिकार प्रयोग गरेकोमा कुनै अदालतमा सवाल जवाफ अर्थात् प्रश्न उठाउन नपाउने व्यवस्था गरेको पाइन्छ ।

२०१५ साल फागुण ७ गतेदेखि चैत २१ गतेसम्म १०९ निर्वाचन क्षेत्रहरूबाट १०९ प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन सम्पन्न भयो । तर राजा महेन्द्रले नेपालको माटो सुहाउँदो व्यवस्था रहेन भन्दै २०१७ पुस १ गते प्रधानमन्त्री बीपी कोइरालालाई अपदस्थ गर्दै प्रतिनिधिसभा ( संसद्) भङ्ग गरे ।

नेपालको इतिहासमा प्रतिनिधिसभा संसद् विघटन भएको पहिलो घटना सोही थियो । सार्वभौमसत्ता राजामा रहनु, राजाले गरेको कामका सम्बन्धमा अदालतमा प्रश्न गर्न नपाउने व्यवस्था हुनुले त्यतिखेर कुनै न्यायिक समिक्षा भएको जानकारीमा छैन ।

केही समयपछि राजा महेन्द्रले २०१९ पुस १ गतेदेखि प्रारम्भ हुने गरी "नेपालको संविधान, २०१९" जारी गरे ।

**पञ्चायती व्यवस्थाको प्रादुर्भाव**

नेपालको संविधान, २०१९ को धारा ८१ ले सङ्कटकालीन अधिकार श्री ५ अर्थात् राजामा हुने र धारा ८१ बाहेक संविधानका सबै वा जुनसुकै धारा निलम्बित गर्न सक्ने अधिकार दिइएको थियो ।

धारा २० ले सम्पूर्ण अधिकार अर्थात् कार्यकारी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार श्री ५ (मौसुफ) बाट प्रयोग हुने व्यवस्था गरिएको थियो ।

धारा २३ मा राजसभा, धारा ३४ मा राष्ट्रिय पञ्चायतको गठन र ४२ मा राष्ट्रिय पञ्चायतको अधिवेशन बोलाउने व्यवस्था गरेको पाइन्छ । राजाको एकदलीय, निरङ्कुश व्यवस्था भनिएको पञ्चायती व्यवस्थामा राष्ट्रिय पञ्चायत विघटनको छुट्टै व्यवस्था नदेखिएपछि धारा ८१ बाहेक सम्पूर्ण कुरा निलम्बन गर्न सक्ने व्यवस्था रहेको थियो ।

जुन संविधान तीन पटक संशोधन भएको र नेपालमा प्रजातन्त्र पुनर्स्थापना नभएसम्म अर्थात् २०४६ साल चैत महिनासम्म लागु रहेको थियो ।

**प्रजातन्त्र पुनर्स्थापना र नेपाल अधिराज्यको संविधान, २०४७**

२०४६ सालको जनआन्दोलन पछि देशमा प्रजातन्त्र पुनर्स्थापना भएको घोषणा गरियो । सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको संयोजकत्वमा बनेको संविधान मस्यौदा आयोगले तयार गरेको मस्यौदा परिमार्जन गर्दै नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो ।

२०४७ सालको संविधानको धारा ३ ले सार्वभौमसत्ता नेपाली जनतामा हुने र संविधानबमोजिम प्रयोग हुने व्यवस्था गरियो ।

संविधानको धारा ४४ ले श्री ५, प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको एक व्यवस्थापिका हुने व्यवस्था गरेको पाइन्छ । धारा ४५ ले प्रतिनिधिसभामा २०५ जना सदस्य रहने, धारा ४६ बमोजिम राष्ट्रिय सभा ६० जनाको हुने व्यवस्था गरिएको थियो ।

जसअनुसार २०५ जनाको प्रतिनिधिसभाको लागि २०४८ वैशाख २९ गते आम निर्वाचन सम्पन्न भयो । तर, बहुमत प्राप्त नेपाली काङ्ग्रेसका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संविधानको धारा ५३ को उपधारा (४) बमोजिम संसद् विघटको सिफारिस गरे ।

प्रधानमन्त्रीले उक्त धाराबमोजिम प्रतिनिधिसभा (संसद्) विघटनका मिति तोकी श्री ५ समक्ष सिफारिस गर्न सकिने संवैधानिक व्यवस्था गरिएको पाइन्छ ।

प्रम गिरिजाप्रसाद कोइरालाले आफूलाई आफ्नै पार्टीका सांसदहरूले सहयोग नगरेको भन्दै सरकार चलाउन अप्ठेरो परेको कारण बताउँदै २०५१ कार्तिक २९ गते मध्यावधि निर्वाचनको मिति तोकी संसद् विघटनको सिफारिस गरेकोमा राजा वीरेन्द्रले संसद् विघटनको निर्णयमा लालमोहर लगाउनुअघि सर्वोच्च अदालतबाट राय माग गरेका थिए । तत्पश्चात् संसद् विघटनको सिफारिसमा लालमोहर लगाएका थिए ।

संसद् विघटनको निर्णय उपर सर्वोच्च अदालतमा मुद्दा परेकोमा सर्वोच्च अदालतले संसदीय व्यवस्थामा प्रधानमन्त्रीसँग संसद् विघटनको पूर्ण अधिकार हुने भन्दै वैधता दिए ।

२०५१ कार्तिक २९ को निर्वाचनपछि नेकपा एमालेका मनमोहन अधिकारी प्रधानमन्त्री भए । एमालेको संसद्मा बहुमत थिएन । मनमोहन अधिकारीको अल्पमतको सरकार उपर संसद्मा धारा ५९ बमोजिम अविश्वासको प्रस्ताव दर्ता भएको थियो ।

सोही क्रममा प्रम अधिकारीले मिति २०५२ भाद्र १२ गते संसद् विघटनको सिफारिस गरे ।

त्यस उपर सर्वोच्च अदालतमा मुद्दा परे । सर्वोच्च अदालतले अल्पमतको सरकारले अविश्वासको प्रस्ताव दर्ता भएपछि अविश्वासबाट बच्न संसद् विघटन गर्न पाइँदैन भन्दै प्रम अधिकारीको निर्णय अवैधानिक ठहर गरे । त्यसपछि लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भए । छोटो समयमा सरकार परिवर्तनका निकै लज्जास्पद घटना दोहोरिए ।

२०५६ वैशाख २० र जेठ ३ गते भएको प्रतिनिधिसभाको निर्वाचनपछि प्रधानमन्त्री शेरबहादुर देउवा थिए । उनले २०५९ जेठ ८ गते संसद् विघटन गरेर निर्वाचनको मिति तोकेका थिए । माओवादी सशस्त्र सङ्घर्षका कारण देशमा सङ्कटकाल लागु गरिएको थियो । सेना परिचालन गरिएको थियो ।

सङ्कटकाल लम्ब्याउन खोज्नाले तोकिएको मितिमा प्रतिनिधिसभाको निर्वाचन हुन सकेन । संविधानको धारा ११५ ले सङ्कटकालीन अधिकार श्री ५ (राजा) लाई दिइएको थियो । ज्ञानेन्द्र शाहले शासनसत्ता आफ्नो हातमा लिएर निर्वाचन गराउन नसकेको भन्दै देउवालाई २०५९ असोज १९ गते अपदस्थ गरेर शासनसत्ता सम्पूर्ण रूपमा आफ्नो हातमा लिए ।

२०८२ पुस २०

**२०६२/६३ को आन्दोलनपछि भएका परिवर्तन, नेपालको अन्तरिम संविधान, २०६३, नेपालको संविधान, २०७२ तथा तत्पश्चात् नेपालमा विभिन्न मितिमा भएका संसद् विघटनका सम्बन्धमा अर्को भागमा चर्चा गरिनेछ । सामान्य जानकारीका लागि निम्नबमोजिमको तालिका प्रस्तुत छ ।**

| बि.सं. | प्रधानमन्त्री/शासक | संविधान | संवैधानिक व्यवस्था | विघटनको आधार | सर्वोच्च अदालतको ठहर | कैफियत |
|---|---|---|---|---|---|---|
| २०६९ जेठ १५ | बाबुराम भट्टराई | नेपालको अन्तरिम संविधान, २०६३ | धारा ६४ र ८२ | निर्धारित समयभित्र संविधान निर्माण हुन नसक्नु | स्पष्ट व्याख्या भेटिएन | राष्ट्रपतिसमक्ष विघटन प्रस्ताव, तर सबै दलको सहमतिमा प्र.न्या.खिलराज रेग्मीलाई मन्त्रीपरिषद्को अध्यक्ष बनाएर निर्वाचन |
| २०७७ पुस ५ | केपी शर्मा ओली (पहिलो) | नेपालको संविधान, २०७२ | धारा ७६ | करिब दुईतिहाइ बहुमत हुँदाहुँदै विघटन कार्तिक २६ र मंसिर ३ मध्यावधि चुनाव प्रस्ताव | असंवैधानिक ठहर | राष्ट्रपति विद्यादेवी भण्डारी विवादित, |
| २०७८ जेठ ७ | केपी शर्मा ओली (दोस्रो) | नेपालको संविधान, २०७२ | धारा ७६ | धारा ७६ को उपधारा (५) को गलत प्रयोग, २०७८ वैशाख १७ र २७ गते चुनाव प्रस्ताव | असंवैधानिक ठहर र ४८ घण्टाभित्र शेरबहादुर देउवालाई प्रधानमन्त्री पदमा नियुक्ति गर्न आदेश । | २०७९ मङ्सिर ४ मा निर्वाचन |
| २०८२ भदौ २७ | सुशीला कार्की | ऐ.ऐ. | धारा ६१ | २३ गतेको जेन जी प्रदर्शन र २४ गतेको तोडफोड, आगजनी | विचाराधीन | २०८२ फागुन २१ गते निर्वाचन घोषणा |

# भेनेजुयलाविरुद्ध अमेरिकाको अवैध आक्रमण

✍ तारोआ जुइँगा सिल्भा र विजयप्रसाद

२०२६ जनवरी ३ मा भेनेजुयलाको स्थानीय समयअनुसार बिहानको २ बजेर केही मिनेट जाँदा संयुक्त राष्ट्रसङ्घको बडापत्रको दफा २ उल्लङ्घन गर्दै संरा अमेरिकाले भेनेजुयलाको राजधानी काराकसलगायत विभिन्न स्थानमा आक्रमण गर्‍यो । जनता आक्रामण गरिएका स्थानहरूमा बमबारीको गर्जन र विष्फोटबिच उठे । आकाशमा यामानका हेलिकप्टरहरू उडिरहेका थिए । सामाजिक सञ्जालमा भिडियोहरू फैलिन थाले । तर, तिनका कुनै सन्दर्भ थिएनन् । सामाजिक सञ्जालभरि अन्योल र हल्लाको माहोल भरियो ।

घन्टाभरमै आकाश शान्त भयो । संरा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सेनाले भेनेजुयलामाथि आक्रमण गरेको र राष्ट्रपति निकोलस मादुरो र उहाँकी पत्नी सिलिया फ्लोरेसलाई कब्जामा लिएको घोषणा गरे । यसको केही समयपछि भेनेजुयलाकी उपराष्ट्रपति राष्ट्रपति डेल्सी रोड्रिगेजले मादुरो र फ्लोरेसको स्थिति र अवस्थिति अज्ञात रहेको बताउनुभयो । अमेरिकी महान्यायाधिवक्ता पामेला बोन्डीले मादुरो र फ्लोरस संरा अमेरिकामा भएको र उहाँहरूमाथि 'लागुऔषध आतङ्कवाद षड्यन्त्र' को अभियोग लगाइएको बताइन् ।

भेनेजुयलामाथिको यो आक्रमणको परिणाम के होला भन्ने अस्पष्ट छ । राष्ट्रपतिको अपहरण भए पनि भेनेजुयला सरकार संयमित छ । भेनेजुयलाका जनता मर्माहत छन् तर प्रतिरोधी पनि छन् । संरा अमेरिकाले पुन: आक्रमण गर्ला वा नगर्ला प्रस्ट छैन । त्यस्तै, आक्रमणपछि संरा अमेरिकाले कस्तो राजनीतिक योजना बनाएको छ ? यो पनि स्पष्ट छैन ।

### भेनेजुयलाविरुद्ध युद्ध

जनवरी ३ को आक्रमण भेनेजुयलाविरुद्ध पहिलो आक्रमण होइन । वास्तवमा, सन् २००१ देखि अमेरिकाले भेनेजुयलाविरुद्ध अभियान नै छेडेको छ । त्यो वर्ष बोलिभारियाली संविधान - १९९९ मा निहित सार्वभौम अधिकार प्रयोग गरी ह्युगो चाभेजको सरकारले हाइड्रोकार्बन कानुन लागु गर्‍यो । यो अभियानको समयक्रम यसप्रकार छ :

१. (सन् २००१) संरा अमेरिकाले 'प्रजातन्त्रका लागि राष्ट्रिय सशक्तिकरण' (नेड, NED) र USAID मार्फत बोलिभारियाली क्रान्तिविरुद्ध सक्रिय सामाजिक तथा राजनीतिक समूहहरूलाई पैसा दिन थाल्यो ।
२. (सन् २००२) अमेरिकाले सत्ताविद्रोह गर्ने असफल प्रयास गर्‍यो ।
३. (सन् २००२) भेनेजुयलामा (राजनीतिक) सङ्क्रमणको पहल गर्न USAID ले अलग्गै शाखा कार्यालय स्थापना गर्‍यो ।
४. (सन् २००३-२००४) जनमत सङ्ग्रहमार्फत ह्युगो चाभेजलाई सत्ताबाट बेदखल गर्न अमेरिकाले मारिया कोरिना मचाडोको नेतृत्वमा रहेको सङ्गठन सुमातलाई आर्थिक भरथेग तथा राजनीतिक निर्देशन दियो ।
५. (सन् २००४) चाभेजको जनाधारमाथि 'घुसपैठ गर्न', चाभिस्मो कार्यकर्तालाई 'विभाजित गर्न', चाभेजलाई 'एक्ल्याउन', सुमात जस्ता सङ्गठनहरू निर्माण गर्न र 'अमेरिकाको अहम व्यापारिक स्वार्थको रक्षा गर्न' अमेरिकाले पाँचबुँदे रणनीति विकास गर्‍यो ।
६. (सन् २०१५) अमेरिकी राष्ट्रपति बाराक ओबामाले भेनेजुयलालाई 'असामान्य खतरा' घोषणा गर्दै एक आदेशमा हस्ताक्षर गरे । त्यो आदेश नै भेनेजुयलाविरुद्ध अमेरिकी प्रतिबन्धको कानुनी आधार बन्यो ।
७. (सन् २०१७) अमेरिकाले अमेरिकी वित्त बजारमा रहेको भेनेजुयलाको पहुँचमा बन्देज लगायो ।
८. (सन् २०१८) भेनेजुयलाविरुद्ध आफूले लगाएको अवैध प्रतिबन्ध अनुसार व्यवहार गर्न अमेरिकाले अन्तर्राष्ट्रिय बैङ्क तथा जहाज कम्पनीहरूमाथि दबाब बढायो । सोही वर्ष बेलायतको बैङ्क अफ इङ्ल्यान्डले भेनेजुयलाको केन्द्रीय बैङ्कको स्वर्ण भन्डार जफत गर्‍यो ।
९. (सन् २०१९) अमेरिकाले ह्वाँ ग्वाइडोलाई अमेरिकाको मान्यताप्राप्त राष्ट्रपति 'नियुक्त' गरी 'अन्तरिम' सरकार बनायो र ( असफल) जनआन्दोलनको आयोजना गर्‍यो । सोही वर्ष अमेरिकाले भेनेजुयलाको इन्धन बेच्ने क्षमतालाई ठप्प पार्‍यो र विदेशमा रहेको भेनेजुयलाका इन्धनजन्य सम्पत्ति कब्जा गर्‍यो ।
१०. (सन् २०२०) अमेरिकाले 'अपरेसन गिडिअन' मार्फत मादुरोलाई अपहरण गर्ने प्रयास गर्‍यो । मादुरोलाई पक्रेर ल्याउने व्यक्तिलाई इनामको पनि घोषणा गर्‍यो । सोही वर्ष विश्वभर फैलिएको कोरोना महामारीमा अमेरिकाले भेनेजुयलालाई 'अधिकतम दबाब' दिने अभियान सुरु गर्‍यो । अन्तर्राष्ट्रिय मुद्राकोषले भेनेजुयलालाई उसैको विदेशी मुद्रा सञ्चिती प्रयोग गर्न दिएन ।
११. (सन् २०२०) अमेरिकाले नोबेल पुरस्कार समितिमार्फत भेनेजुयलाकी विपक्षी नेतृत्व मारिया कोरिना मचाडोलाई उपहार दियो र मादुरोले सत्ता छोड्नुपर्छ भन्यो ।
१२. (सन् २०२५-२०२६) अमेरिकाले भेनेजुयलाको समुद्री तटमा रहेका ससाना डुङ्गाहरूमा हमला गर्‍यो । भेनेजुयलामाथि नाकाबन्दी लगाउन समुद्रमा हतियारबन्द जहाजहरू तैनाथ गर्‍यो र भेनेजुयलाबाट बाहिर जाने तेलका ट्याङ्करहरू कब्जामा लियो ।



(माथिको सूची प्रतिनिधिमूलक हो, विस्तृत होइन ।) गत जनवरी ३ गतेको आक्रमण पनि सन् २००१ मा सुरु गरिएकै युद्धको हिस्सा हो । अमेरिकाको साम्राज्यवादी इन्जिन चिसो नहुँदासम्म यो युद्ध जारी रहनेछ ।

### आक्रोशित छ अमेरिका

संरा अमेरिकाले एकतर्फी ढङ्गले कुनै देशविरुद्ध आक्रमण गर्दा विश्वको कुनै पनि शक्तिले रोक्न सकिरहेको छैन । सन् २००३ को इराक युद्ध होस् वा भेनेजुयलामा सन् २००१ देखि २०२६ सम्मका घटना हुन्, परिदृश्य उस्तै छ । सन् २००३ मा 'युद्ध चाहिँदैन' भन्ने नाराका साथ संरा अमेरिकालगायत विश्वका धेरै मुलुकका करोडौँ जनता सडकमा उत्रे । विश्वका अधिकांश सरकारहरूले त्यो युद्धविरुद्ध सबैलाई सतर्क पारे । तैपनि अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुश तथा बेलायती प्रधानमन्त्री टोनी ब्लेयरले आफ्नो अवैध युद्ध जारी राखे । यसपालि विश्वका प्रमुख शक्तिहरूले दक्षिण अमेरिका तथा क्यारिबियामा संरा अमेरिकाले युद्ध गरे विश्वमा गहिरो अस्थिरता मच्चिने जनाए । खासगरी भेनेजुयलाका छिमेकी देश ब्राजिल र कोलम्बियामा सरकार चलाइरहेको नेताहरूले यही भन्दै छन् । चीन जस्ता प्रमुख शक्ति राष्ट्रले पनि यसरी नै सचेत पारे । (चीनका विशेष दूत क्यू स्याओकीले अमेरिकी आक्रमण हुनुभन्दा दुई घन्टा अघि मात्र मादुरोलाई भेटेका थिए ।) विश्वले सन् २००३ मा संरा अमेरिकालाई (इराकमा आक्रमण गर्नबाट) रोक्न सकेको थिएन । सन् २००१ पछि अहिलेसम्म पनि विश्वले (भेनेजुयलामा हस्तक्षेप गर्नबाट) अमेरिकालाई रोक्न सकेन । भेनेजुयलाको अपार तेल भण्डार हात पार्न अमेरिकाले यति लामो युद्ध गरिरह्यो । विश्वले उसलाई रोक्न सकेन ।

भेनेजुयलामाथिको आक्रमणको समय जानेरै तोकिएको देखिन्छ । डोनाल्ड ट्रम्पले जनवरी ४ को दिन आफ्नो कार्यकालको एक वर्ष पुगेकोमा अमेरिकी संसद्लाई सम्बोधन गर्दै छन् । भेनेजुयलातिर देखाउँदै उनले भन्नेछन् एउटा प्रमुख विजय हात पारेको ध्वाँस दिनेछन् । यो खासमा विजय होइन । बरु एकपक्षवादको नाङ्गो नमुना हो । यसले कसैगरी पनि विश्वको स्थिति सुध्रिनेछैन । इराकविरुद्ध अमेरिकाको अवैध युद्ध एक दशक चल्यो । एक दशकभरि लाखौँ सर्वसाधारणको नृशंस हत्या गरेपछि अन्तत: अमेरिकी सेना फिर्ता हुनुपर्‍यो । यही दृश्य अफगानिस्तान र लिबियामा पनि दोहोरियो । यी दुई देशलाई पनि अमेरिकी साम्राज्यवादले धुलोपिठो पार्‍यो ।


संरा अमेरिकाले लगातार बमबारी गर्‍यो र भेनेजुयलाभित्र अमेरिकी फौज पठायो भने भेनेजुयलाको स्थिति पनि अरुको भन्दा फरक कल्पना गर्न सकिन्न । यस्ता 'सत्ता परिवर्तनकारी युद्धहरू' ले कसैको भलो भएको इतिहास छैन । अब पनि हुने छैन । ब्राजिल र कोलम्बिया यो आक्रमणबाट अलि असहज हुनुको एउटा कारण छ । कारण के भने यो आक्रमण लम्बिए दक्षिण अमेरिकाको उत्तरी आधा भाग लामो समयसम्म अस्थिर हुनेछ । समग्र ल्याटिन अमेरिका नभए पनि कम्तीमा उत्तरको आधा ल्याटिन अमेरिकामा अस्थिरता मच्चिने निश्चित छ । अफ्रिकाका आधा उत्तरी क्षेत्रमा अहिले यस्तै भइरहेको छ । (ट्रम्पले हालै नाइजेरियामा गरेको बमबारी सन् २०११ मा उसले नेटोसँग मिलेर लिबियामा गरेको बमबारीकै सिलसिला हो ।)


ट्रम्पलाई अमेरिकी संसद्मा तालीको गडगडाहटले स्वागत गरिनेछ । तर, यसको मूल्य भेनेजुयलाका सयौँ सर्वसाधारणले चुकाइसकेका छन् । पछिल्लो आक्रमणमा सयौँ भेनेजुयाली जनता मरिसकेका छन् । विगत दुई दशकदेखि अमेरिकाले भेनेजुयलामाथि थोपरेको दीर्घकालीन बहुपक्षीय हाइब्रिड युद्धका कारण करोडौँ भेनेजुयाली जनताले घिटीघिटी बाँचिरहेको अवस्था छ । यो पनि एकप्रकारको बलिदानी नै हो ।

(तारोआ जुइँगा सिल्भा एक लेखिका हुन् । उनी ला त्रोचा नामक प्रकाशन गृह चलाउँछिन् । उनी 'मुक्ति सञ्चार सेना' ले चलाउने एक सहकारी मेचाकी सदस्य हुन् । उनी 'भेनेजुयला : २१ औँ शताब्दीको युद्धको मियो' की सहसम्पादक हुन् ।

विजयप्रसाद भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी 'लेफ्टवर्ड बुक्स' का प्रधान सम्पादक तथा 'सामाजिक अनुसन्धान संस्थान ट्राइकन्टिनेन्टल' का निर्देशक हुन् । उनका दर्जनौँ पुस्तक प्रकाशित छन् ।

***स्रोत : एमआर अनलाइन । सम्यक)***



# पठन संस्कृति र कामरेड स्तालिन

सङ्गीता

जोसेफ स्तालिन एक सचेत बौद्धिक हुनुहुन्थ्यो। उहाँ एक अथक र समर्पित पाठक हुनुहुन्थ्यो। उहाँले आजीवन नयाँनयाँ ज्ञानको खोज गरिरहनुभयो। उहाँको लागि पढाइ निजी सोख थिएन। बरु, व्यवहार र राजनीतिको अभिन्न अङ्ग थियो।

**पुस्तक पढैयाहरूको देश**

बोल्शेभिकहरू विचार वा शब्दको शक्तिमाथि आस्था राख्थे। उनीहरूको अगुवाइमा भएको सन् १९१७ को अक्टोबर क्रान्तिमा छापाखानाको ठुलो योगदान रह्यो। स्तालिन आफै यो छापाखाना संस्कृतिका एक सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो। मार्क्सवाद र लेनिनवादको अप्ठ्यारो सिद्धान्तलाई सरल भाषामा जनतामाझ लग्ने सच्चा प्रचारक र सहजकर्ता हुनुहुन्थ्यो स्तालिन। क्रान्तिअघि बोल्शेभिक पार्टीको प्रकाशन 'प्राभ्दा' लाई बहुसङ्ख्यक जनताबिच लैजान उहाँको ठुलो योगदान रह्यो।

क्रान्तिपछि बोल्शेभिक पार्टीले आफ्नो पठन संस्कृतिलाई जनताबिच विस्तार गर्‍यो। बोल्शेभिकहरूले पुस्तक पढैयाहरूको देश निर्माण गर्ने उद्देश्य लिए। पठन संस्कृतिले राजकीय नीतिको रूप लियो। उनीहरूले खासगरी यी तीन नीति लिए :

**१. राष्ट्रियकरण :** क्रान्तिलगत्तै बोल्शेभिक पार्टीले प्रकाशन उद्योगलाई राष्ट्रियकरण गर्‍यो।

**२. पुस्तकालय सञ्जाल :** लेनिनले सामूहिक साक्षरता र सांस्कृतिक ज्ञानमा जोड दिनुभयो। पुस्तकालय, वाचनालय र घुम्ती पुस्तकालयको एउटा विशाल सञ्जाल निर्माण गर्नुपर्छ भन्नुभयो। उहाँले प्रत्येक घरबाट १० मिनेटको दूरीसम्म पुस्तकालय पुर्‍याउने चाँजो मिलाउन भन्नुभयो। क्रान्तिपछि उहाँको परिकल्पनाले साकार रूप लियो। यो नीति कति सफल भयो भने दोस्रो विश्वयुद्धको अन्त्यसम्ममा सोभियत सङ्घभरि ८० हजार पुस्तकालयहरू अस्तित्वमा आए।

**३. साहित्य प्रवर्द्धन :** बोल्शेभिकहरू जनतालाई आख्यानका कालजयी कृति पढाउन चाहन्थे। सन् १९१८ मा उनीहरूले यी पुस्तकहरूको एउटा शृङ्खला नै तयार पार्न 'जनताको पुस्तकालय' स्थापना गरे। स्वदेशी र विदेशी दुवै किताब यो शृङ्खलामा समावेश थिए। जनतालाई विलियम शेक्सपियर, चार्ल्स डिकेन्सलगायतका कृति पढाउने अभियान थालियो।

यसरी पुस्तक अध्ययन वा पठन संस्कृतिलाई समाज रूपान्तरणको मुख्य औजार नै बनाइयो। सोभियत सङ्घ पढैयाहरूको देशको रूपमा चिनिन थाल्यो।

**पढाइका पहिला वर्षहरू**

स्तालिन बाल्यकालदेखि नै किताबप्रेमी र स्वाध्यायी हुनुहुन्थ्यो। यो बानीले उहाँलाई जुनीभरि छोडेन।

एक पहाडी राज्यको गरिब परिवारका सन्तान स्तालिनको जीवन वास्तवमा पुस्तकले नै बदलिदिएको थियो। उहाँका बुबा जुत्ता सिउने सार्की हुनुहुन्थ्यो भने आमा धनीमानीका लुगा धुने काम गर्नुहुन्थ्यो। पढाउन नसकेर उहाँलाई सानै उमेरमा धार्मिक गुरुकुलमा भर्ना गरिएको थियो। गुरुकुलमा पढ्दापढ्दै उहाँले मार्क्स, एङ्गेल्स, डार्विन, फाराडेलगायत विदेशका र रुसका साहित्यको लुकीछिपी अध्ययन गर्नुभएको थियो। पन्ध्र वर्षको उमेरमै उहाँ मार्क्सवाद अध्ययन मण्डल नामक सङ्गठन बनाएर पठन संस्कृतिमा होमिनुभयो। गुरुकुल प्रशासनले गैरकानुनी किताबहरू (क्रान्तिकारी र वैज्ञानिक साहित्य) पढेकोमा उहाँलाई गुरुकुलबाट निकाला गर्‍यो। उहाँको औपचारिक अध्ययन १० कक्षा पनि पूरा नपढी टुङ्गियो। तर, स्वाध्ययन झन्झन् गहिरिँदै गयो। उहाँ अध्ययन अनुसन्धानसँगै लेखन र सम्पादनमा पनि सक्रिय रहनुभयो।




अध्ययनले स्तालिनलाई व्यक्तिगतरूपमा मात्र बदलेन। रुसका मजदुर र किसानहरूको अध्ययन गर्ने बानीले देशलाई नै क्रान्तितर्फ डोर्‍यायो। यसमा बोल्शेभिक पत्रिका 'प्राभ्दा' ले ठुलो भूमिका खेल्यो। यिनै अनुभवले गर्दा अध्ययन र चिन्तनमा समाज र मानव स्वभावको काँचुली फेर्न शक्ति हुन्छ भन्ने विश्वास थियो स्तालिनको।

**स्तालिनको पुस्तक सङ्ग्रह**

स्तालिनको निजी पुस्तक सङ्ग्रह वा पुस्तकालय निकै भव्य थियो। उहाँको मृत्यु हुँदा उहाँको पुस्तकालयमा करिब २५ हजार पुस्तक, पत्रपत्रिका र पर्चा थिए। तीमध्ये झन्डै ११ हजार पुस्तक आख्यान थिए भने ८५ सय पुस्तक गैरआख्यान थिए। उहाँको पुस्तक सङ्ग्रह एकै स्थानमा थिएन। उहाँका धेरै पुस्तक मस्कोस्थित उहाँको घर (दाचा) मा राखिएका थिए। त्यहाँ एउटा भव्य पुस्तकालय कोठा थियो। त्यसको टेबलमा किताब, किताबका पाण्डुलिपि र कागजातहरूको चाङ लागेको हुन्थ्यो।

स्तालिनको बौद्धिक रुचि फराकिलो थियो। सन् १९२५ को मे महिनामा उहाँले आफ्नो निजी पुस्तकालयमा रहेका पुस्तकलाई विभिन्न विधामा वर्गीकरण गर्न भन्नुभयो। यसबाट उहाँको व्यवस्थित सोच, फराकिलो विश्व दृष्टिकोण र बौद्धिक प्राथमिकता उजागर हुन्छ।

पुस्तकको वर्गीकरण यसप्रकार थियो - दर्शन, मनोविज्ञान, समाजशास्त्र, राजनीतिक अर्थशास्त्र, वित्त, उद्योग, कृषि, सहकारिता, रुसी इतिहास, अन्य देशहरूको इतिहास, कूटनीति, बाह्य र आन्तरिक व्यापार, सैन्य मामिला, राष्ट्रिय प्रश्न, अधिवेशन र सम्मेलनहरू, मजदुरहरूको अवस्था, किसानहरूको अवस्था, कोम्सोमोल (युवा सङ्घ), अन्य देशका क्रान्तिको इतिहास, सन् १९०५ को क्रान्ति, सन् १९१७ को फेब्रुअरी क्रान्ति, सन् १९१७ को अक्टोबर क्रान्ति, लेनिन र लेनिनवाद, रुसी कम्युनिस्ट पार्टी (बोल्शेभिक) र इन्टरनेसनलको इतिहास, रुसी कम्युनिस्ट पार्टीका बहसहरू (लेख, पर्चा), ट्रेड युनियनहरू, आख्यान, कला समीक्षा, राजनीतिक जर्नलहरू, विज्ञानका जर्नलहरू, शब्दकोशहरू, संस्मरणहरू। यसरी स्तालिनको पुस्तकालयमा ३० भन्दा बढी विधाका पुस्तक थिए। आफ्ना पुस्तकहरूमा स्तालिनले एउटा छाप लगाउनुहुन्थ्यो। छापमा लेखिएको हुन्थ्यो - Biblioteka I. V. Stalina।

**पुस्तकालयको दुःखद कथा**

स्तालिनको निधनपछि उहाँको पुस्तकालयको संरक्षण गरिएन। धेरै पुस्तक यत्रतत्र छरिएको अवस्थामै रहे। कति पुस्तक अनेक पुस्तकालयलाई बाँडियो। स्तालिनको निधनपछि उहाँको दाचालाई सङ्ग्रहालयमा परिणत गर्ने योजना बनेको थियो। तर, सन् १९५६ मा स्तालिनविरुद्ध विषवमन गर्ने 'गोप्य भाषण' गरेपछि संशोधनवादी नेता ख्रुश्चेभले त्यो योजना नै खारेज गरे। यसपछि स्तालिनका अधिकांश पुस्तक अन्य पुस्तकालयहरूमा छरिन पुगे।

पछि सोभियत अभिलेख र पुस्तकालयमा काम गर्ने केही संवेदनशील व्यक्तिहरूले स्तालिनको पुस्तकालयको महत्त्वपूर्ण हिस्सालाई जोगाए। यसरी जोगाइएका पुस्तकमध्ये स्तालिनले चिह्न लगाउनुभएका र टिपोट लेख्नुभएका झन्डै ४०० पुस्तक रुसी कम्युनिस्ट पार्टीको अभिलेखालयमा सुरक्षित छन्। यी टिपोटलाई 'पोमेत्की' भनिन्छ। यी टिपोटले पुस्तकप्रति स्तालिनको निजी विचार र पुस्तक पढ्दा उहाँमा उत्पन्न भएको भावना बुझ्न सघाउँछन्। यसबाहेक स्तालिनका अन्य केही हजार थान पुस्तक पनि जोगाइएको छ। यी अभिलेखबाट स्तालिनको व्यक्तित्वको नखुलेको पाटो उजागर हुन्छ।

**मनपर्ने विधाहरू**

स्तालिनले मूलतः रुसी र मातृभाषा जर्जियालीमै पुस्तक पढ्नुहुन्थ्यो। यसकारण, उहाँ प्रायः अनुवादमा निर्भर हुनुहुन्थ्यो। यिनै भाषामा उहाँले इतिहास, मार्क्सवादी सिद्धान्त, सैन्य रणनीति र आख्यानका पुस्तकहरू पढ्नुभयो।

इतिहासमा स्तालिनको विशेष लगाव थियो। खासगरी प्राचीन इतिहासमा उहाँको गहिरो रुचि थियो। उहाँले जारकालीन रुसको इतिहासको गहिरो अध्ययन गर्नुभएको थियो। खासगरी इभान भयङ्कर, पिटर महान् र क्याथरिन महान्‌जस्ता जार शासकबारे विस्तृत अध्ययन गर्नुभएको थियो। ती विषयमा उहाँले अलेक्सेइ तोल्सतोय र रोबर्ट भाइपरले लेखेका 'इभान ग्रोज्नी' लगायत रचना पढ्नुभएको थियो। प्राचीन इतिहासमा उहाँको विशेष दख्खल थियो। उहाँले प्राचीन इतिहासकार हेरोडोटसको दुई खण्डमा प्रकाशित पुस्तक 'इतिहासहरू' पढ्नुभयो। उहाँले रोमन साम्राज्यको उदय र पतनबारे गहिरो अध्ययन गर्नुभएको थियो। प्राचीन रोम, ग्रिस र पूर्वी सभ्यताबारे रोबट भाइपरले लेखेका पुस्तकहरू पनि उहाँको रोजाइमा परेका थिए।

स्तालिनले सैन्य इतिहास र सैन्य रणनीतिका पुस्तकको व्यापक अध्ययन गर्नुभयो। उहाँ जारकालीन सेनापतिहरू अलेक्सान्द्र सुभोरोभ र मिखाइल कुतुजोभका ठुला प्रशंसक हुनुहुन्थ्यो। नेपोलियनले रुसमा आक्रमण गर्दा जर्नेल कुतुजोभकै नेतृत्वमा रुसी जनता विजयी भएका थिए। उनको विषयमा स्तालिनले मिखाइल ब्रागिनले लेखेको 'पोल्कोभोदेत्स कुतुजोभ' पुस्तक पढ्नुभएको थियो। त्यस्तै, उहाँले विदेशी सैन्यविद्‌का रचना पनि पढ्नुभयो। उहाँले फ्रान्सेली जर्नेल फ्रेडरिक जर्ज हेरको तोपखानासम्बन्धी पुस्तक पढ्नुभएको थियो। सैन्य सिद्धान्तकार क्लाउवित्जको पुस्तक 'युद्धबारे' लाई स्तालिनले पुरानो भनी आलोचना गर्नुभयो भने रुसी सिद्धान्तकार हाइनरिख लीरको सैन्य सिद्धान्तमा बढी चाख लिनुभयो। उनका चार ग्रन्थको अध्ययन गर्नुभयो। उहाँले बोरिस शापोशिनकोभको 'सैन्य बुद्धि' पढ्नुभयो। शापोश्निकोभले 'फौजी तैनाथी नै युद्ध हो' भन्ने वाक्यांशलाई लोकप्रिय बनाएका थिए। त्यस्तै उहाँले युद्धकला र सैन्य इतिहासको विशद अध्ययन गरेकै हुनाले दोस्रो विश्व युद्धमा स्तालिनले सोभियत सङ्घको सफल सैन्य नेतृत्व गर्नुभयो।

रुसको बहुजातीय भूराजनीतिक बनोटबारे स्तालिन संवेदनशील हुनुहुन्थ्यो। यसकारण, उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मामिलाको मसिनो अध्ययन गर्नुहुन्थ्यो। उहाँ कूटनीतिका पनि गम्भीर अध्येता हुनुहुन्थ्यो। उहाँले जर्मन चान्सलर बिस्मार्कको 'आत्मसंस्मरण', भिस्काउट डिएबर्ननको 'डायरी', एनाबेल बुकरको 'अमेरिकी कूटनीतिहरूको सत्य' आदि पढ्नुभएको थियो। उहाँले ह्यारोल्ड निकोल्सनको कूटनीतिसम्बन्धी पुस्तकहरू पढ्नुभयो। बेलायतको विदेश नीतिमा उहाँको गहिरो चासो थियो। त्यस्तै, उहाँले अमेरिकाको संविधानको अध्ययन गरेर अमेरिकाको सङ्घीय प्रणालीलाई व्यवहारमा एकात्मक राज्य भन्नुभयो। उहाँले चर्चिल र रुजवेल्टको पनि अध्ययन गर्नुभएको थियो।

**चौतर्फी अध्ययन**

स्तालिनका प्रिय लेखक लेनिन हुनुहुन्थ्यो। आफ्नो पुस्तकालयमा उहाँले लेनिनका कृतिहरू राख्ने अलग्गै खण्ड बनाउनुभयो। लेनिनलाई उहाँ आफ्ना शिक्षक र आदर्श मान्नुहुन्थ्यो।

उहाँले लेनिनका 'एक पाइला अगाडि, दुई पाइला पछाडि', 'भौतिकवाद र अनुभवसिद्ध आलोचना' लगायत पुस्तकको गहिरो अध्ययन गर्नुभएको थियो। उहाँ लेनिनका रचनामा पाइने तर्कशक्तिको बेजोड प्रयोगबाट कायल हुनुहुन्थ्यो। लेनिनका पुस्तक तथा लेखमा स्तालिनले कतै पनि आलोचना गरेको पाइँदैन। बरु, आफूलाई लेनिनको योग्य शिष्य बनाउने लक्ष्यमा उहाँ आजीवन हिँडिरहनुभयो।

स्तालिनले त्रोत्स्कीका कृतिहरूको पनि मसिनो अध्ययन गर्नुभएको थियो। उहाँले त्रोत्स्कीले लेखका 'आतङ्कवाद र साम्यवाद', 'नयाँ बाटो', 'रुसी क्रान्तिदेखि ब्रेस्त लितोभ्स्कसम्मको इतिहास', 'समाजवाद वा पुँजीवाद ?', 'आठ वर्ष : परिणाम र दृष्टिकोण', 'हाम्रा नयाँ अभिभाराहरू' लगायत पुस्तक पढ्नुभएको थियो। ती पुस्तकमा उहाँले ठाउँठाउँमा टिप्पणीहरू लेख्नुभएको थियो। तीमध्ये कतै 'मूर्ख !' त कतै उहाँले स्वीकार्दै 'ठीक !' भनी लेख्नुभएको थियो। यसरी स्तालिनले विषयलाई विरोधीका कोणबाट पनि अध्ययन गर्नुहुन्थ्यो।

मार्क्स, एङ्गेल्स, लेनिनबाहेक उहाँले धेरै मार्क्सवादी विचारकहरूका कृतिको अध्ययन गर्नुभएको थियो। उहाँले प्लेखानोभको कृति 'इतिहासको एकाङ्की धारणा', रोजा लक्जेम्बर्गको 'आम हडताल', पाउल लाफार्जको 'अल्छी बन्ने अधिकार', 'भाषा र क्रान्ति' जस्ता कृतिको गम्भीर अध्ययन गर्नुभएको थियो। उहाँले आफ्ना समकालीन जिनोभियभ, बुखारिन, कामेनेभ, मोलोतोभ, कार्ल राडेक र लोजोभ्स्कीका धेरै मार्क्सवादसम्बन्धी रचना पढ्नुभएको थियो। कार्ल काउत्स्कीका पुस्तकहरूमा उहाँले 'झूट !', 'मूर्ख !' र 'हाहा !' भनी टिप्पणी गर्नुभएको भेटिन्छ।

**अध्ययन गर्ने शैली**

स्तालिन आफ्ना पुस्तक पढ्नुमात्र हुँदैनथ्यो, तिनलाई पचाउनु पनि हुन्थ्यो। यसको लागि उहाँले विशेष विधि निर्माण गर्नुभएको थियो। यही विधिमार्फत उहाँ आफूले पढ्ने पुस्तकका लेखकहरूसँग संवाद गर्नुहुन्थ्यो। खासगरी मार्क्सवादी साहित्यको अध्ययनमा उहाँले यो विधिको व्यापक उपयोग गर्नुभएको थियो।

आफूले पढेका पुस्तकहरूमा उहाँले प्रचुर मात्रामा विशेष चिह्न र टिप्पणी लेख्नुहुन्थ्यो। यिनलाई रुसी भाषामा 'पोमेत्की' भनिन्छ। यी पोमेत्कीहरूबाट उहाँको विचार प्रक्रिया र अध्ययन शैली थाहा पाउन सकिन्छ।

स्तालिनले पुस्तक पढ्ने बेला विभिन्न रङका कलम प्रयोग गर्नुहुन्थ्यो। खासगरी उहाँले नीलो, हरियो र रातो कलम प्रयोग गर्नुभयो। उहाँका टिप्पणी आफ्नो पूर्व जानकारीलाई व्यवस्थित पार्न गरिन्थे। जस्तै, एक सैन्यविद्‌को प्रशंसा गरिएको हरफको छेउमा उहाँले लेख्नुभयो - सबैभन्दा महत्त्वपूर्ण कुरा मार्क्सवादको ज्ञान हो। उहाँको तात्पर्य 'सैन्य नेतृत्व मात्र पर्याप्त नहुने' थियो।

स्तालिनले पुस्तकका धेरै स्थानमा 'ध्यान दिनुपर्ने' वा 'सबैलाई थाहा भएको कुरा' लेख्नुहुन्थ्यो। पुस्तकमा उहाँ बालसुलभ मनोभाव अभिव्यक्त गर्नुहुन्थ्यो। जस्तो, उहाँले 'हो', 'राम्रो', 'सही', 'हाहाहा', 'हो र ?', 'झूटो !', 'सहमत', 'हैट !' जस्ता आफ्ना भावावेगसमेत किताबका किनारमा लेख्नुहुन्थ्यो। यसबाट पुस्तक अध्ययनमा उहाँको लगाव अभिव्यक्त हुन्छ।

स्तालिनका पुस्तकहरूमा औँठाका छाप, चियाका दाग र कताकति चुरोटका खरानीसमेत भेटिन्छन्। त्यस्तै, उहाँ मार्जिनमा आफ्ना निजी विचार र विभिन्न चित्रहरू पनि कोर्नुहुन्थ्यो। यसबाट उहाँ सक्रिय पाठक हुनुहुन्थ्यो भन्ने बुझिन्छ। उहाँ 'कमजोरी', 'अल्छीपना' र 'मूर्खता' लाई मार्क्सवाद-लेनिनवादसँग मेल नखाने दुर्गुण ठान्नुहुन्थ्यो। उहाँ मार्क्सवादलाई सर्वोपरि मान्नुहुन्थ्यो र यसको ज्ञानबिना व्यक्ति बौद्धिक रूपमा कमजोर र अज्ञानी बन्ने ठान्नुहुन्थ्यो।

**लेखकहरूसँगको सङ्गत**

स्तालिनले साहित्यकार तथा लेखकहरूलाई 'मानव आत्माका इन्जिनियरहरू' को संज्ञा दिनुभयो। यी 'इन्जिनियर' हरूले मान्छेको स्वभाव र समाजलाई नै बदल्ने सामर्थ्य राख्छन् भन्ने उहाँको बुझाइ थियो। यसकारण, स्तालिनले प्रशस्त आख्यान साहित्यको अध्ययन गर्नुभयो। उहाँले हजारौँ कथा, कविता, नाटक र उपन्यासका पुस्तक सङ्कलन गर्नुभएको पाइएको छ।

सानोमा धार्मिक पाठशालामा पढेको हुनाले स्तालिनले सबैभन्दा गहिरो गरी पढेको पुस्तक बाइबल थियो। तिनैताका उहाँले धर्मइतर पुस्तक पढ्न थाल्नुभयो। फ्रान्सका साहित्यकार भिक्टर ह्युगोको उपन्यास 'समुद्रका दीनदुखीहरू' पढ्दै गर्दा उहाँलाई पक्राउ गरेर पाठशालाबाट निकालिएको थियो। जारकालीन रुसमा त्यो उपन्यास प्रतिबन्धित साहित्यमा पर्थ्यो। स्तालिनले जर्जियाली लेखक अलेक्सान्द्र काजबेगीबाट प्रभावित भएर आफ्नो छद्‌म नाम कोबा राख्नुभयो। तिनताका उहाँले जर्जियाली भाषामा देशभक्तिपूर्ण कविताहरू लेख्नुभएको थियो।

स्तालिनले तोल्सतोय, दोस्तोएभ्स्की, गोगोल, चेखोभ, शेक्सपियर, सर्भान्टेस, शिलर, हाइन, ह्युगो र बाल्जाकका साहित्य पढ्नुभयो। उहाँलाई म्याक्सिम गोर्कीको 'आमा' र 'मृत्यु र एक केटी' असाध्यै मन पर्थे। उहाँले व्यङ्ग्यकार स्चेद्रिनका अप्रकाशित रचना पढ्नुभएको थियो। त्यस्तै, डेनियल डेफो, रडयार्ड किप्लिङका उपन्यासहरू पनि स्तालिनको सङ्कलनमा भेटिएका छन्।

स्तालिनले रुसका महाकवि पुश्किन, उपन्यासकार दोस्तोएभ्स्की, तोल्सतोय, गोर्की र फ्रान्सका साहित्यकार अनातोली फ्रान्सका पुस्तक बारम्बार पढ्नुहुन्थ्यो। खासगरी आफ्नी पत्नीको निधनपछि उहाँको एक्लोपनका सहारा र बौद्धिक सङ्गतमा उहाँले यिनै लेखकलाई राख्नुभयो। उनीहरूका पुस्तकमा उहाँले प्रेम, विश्वास र मृत्युबारे गहन टिप्पणीहरू लेख्नुभएको थियो।

**एक अमिट छाप**

एक गम्भीर पाठक भएकै हुनाले स्तालिनले सोभियत विचारधारालाई आकार दिन सक्रिय र प्रत्यक्ष भूमिका खेल्नुभयो। उहाँले मार्क्सवादी सिद्धान्त, इतिहास, भाषाविज्ञान र अर्थशास्त्रका क्षेत्रमा अध्ययनको धार नै मोड्ने कृतिहरू लेख्नुभयो।

उहाँले रुसी कम्युनिस्ट आन्दोलनको पाठ्यपुस्तक 'सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्शेभिक) को इतिहास', 'इतिहासको मिथ्याकरण' लगायत पुस्तक तथा दस्तावेजको सम्पादन गर्नुभयो।

स्तालिनकै शासनकालमा रुसका बोल्शेभिक कम्युनिस्टहरूले 'पठन संस्कृति' लाई चरमचुलीमा पुर्‍याए। पुस्तक पढ्नु रुसी जनताको बानी नै बन्यो।

# स्तालिनको १४७औँ र माओको १३२औँ जन्म दिवस मनाउने क्रम जारी





**स्तालिन र माओको जन्म दिवसको अवसरमा प्रशिक्षण**

भक्तपुर । नेपाल कर्मचारी समाज र नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको संयुक्त आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू स्तालिनको १४७ औं र माओको १३२ औं जन्म दिवसको अवसरमा पुस १६ गते नगरपालिकाका कर्मचारीहरूबिच प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माओ र स्तालिन कामदारवर्गका इमानदार नेता हुन् भन्नुभयो ।

समाजवादी क्रान्तिको लागि अन्तर्राष्ट्रिय जगतमा माओ र स्तालिनले खेल्नुभएको योगदानको स्मरणमा भक्तपुर नगरपालिकाले कर्मचारीहरूबिच उहाँहरूको जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम आयोजना गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो ।

माओको जगमा चीन विश्वको उदीयमान देशको रूपमा अगाडि बढ्न सफल भएको औँल्याउँदै उहाँले शत्रुको जालझेल र धम्कीबाट अविचलित भई माओले चीनको विकासको लागि गरेको त्यागले चीनमा आमूल परिवर्तन सम्भव भएको बताउनुभयो ।

'बन्दुकको गोलीले जित्न नसकेका क्रान्तिकारी र कम्युनिस्टलाई गुलियो पोतेको चास्नीले बिगार्न सक्छ' भन्दै उहाँले एनजीओ तथा आइएनजीओहरू साम्राज्यवादीहरूको सशक्त आर्थिक हतियार भएको हुँदा डलरको लोभ देखाएर नयाँ पुस्ताको मानसिकता बिगार्ने यस्ता संस्थाहरूबारे नयाँ पुस्तालाई सचेत पार्नु आवश्यक छ भन्नुभयो ।

एमसीसी सम्झौता नेपालको लागि देशघाती र दूरगामी असर पार्ने सम्झौता हो भन्दै उहाँले विदेशी सहयोगमा उनीहरूको स्वार्थ लुकिएको हुन्छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले कुनै पनि विषयको सतही र एकतर्फी अध्ययनले नयाँ पुस्तालाई गलत बाटोमा लान सक्ने बताउँदै उहाँले सैद्धान्तिक विषयवस्तु अध्ययनको लागि पुस्तक अध्ययनमा जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले माओ र स्तालिनबारे सञ्चारमाध्यममा फैलाइएको भ्रम र झूटबारे सचेत हुनुपर्नेमा जोड दिँदै बताउँदै उहाँहरूको समाजवादी क्रान्तिमा खेलेको भूमिका र योगदानबाट प्रस्ट पार्नुभयो ।

स्तालिन सोभियतका जनतालाई अन्तिम समयसम्म देशको रक्षाको लागि लड्न उत्साहित गर्ने व्यक्तित्व हो भन्दै वडाध्यक्ष ज्याख्वले फागुनमा चुनाव हुने र नहुने भन्दा पनि देशलाई बङ्गलादेशको स्थितिमा पुऱ्याउनबाट रोक्नुपर्छ भन्नुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले समाजवादी देशहरूको जनमुखी नीतिका कारण त्यहाँका नागरिकहरूले सुखी जीवन उपभोग गर्ने अवसर पाएको बताउनुभयो । माओ र स्तालिनको जन्म दिवस मनाउनुको उद्देश्यमाथि प्रकाश पार्दै उहाँहरूको जीवनी अध्ययनबाट पनि धेरै प्रेरणा प्राप्त हुने उहाँले बताउनुभयो ।

समाजका उपाध्यक्ष काजीबहादुर पञ्च, नेपाल कर्मचारी एशोसियसन भनपा एकाइ समिति सदस्य गणेशलाल फाँजु, सचिव शिवराम धुख्वा र समाजका कोषाध्यक्ष दिव्यलक्ष्मी बज्राचार्यले माओ र स्तालिनको सङ्क्षिप्त जीवनी र योगदानबारे चर्चा गर्नुभयो ।

**कार्यकर्ताहरू मेहनती र सङ्घर्षशील हुनु आवश्यक**

भक्तपुर । नेपाल मजदुर किसान पार्टी - वंशगोपाल एकाइ समिति र नेपाल क्रान्तिकारी महिला सङ्घ - भनपा वडा नं ३ वडा एकाइ समितिको आयोजनामा मङ्गलबार विश्व सर्वहारावर्गका महान् गुरु जोसेफ स्तालिनको १४७ औं र माओ त्सेतुङको १३२ औं जन्म दिवसको अवसरमा पुस १६ गते प्रवचन कार्यक्रम भयो । कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंको प्रमुख आतिथ्यमा भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि गोसाईंले राजनीतिक कार्यकर्ता इमानदार भएको खण्डमा सरकारले भ्रष्टाचार गर्न नसक्ने बताउनुभयो । माओ र स्तालिनले गर्नुभएको त्याग, अथक सङ्घर्ष र मेहनतबाट प्रेरणा लिई कार्यकर्ताहरू मेहनती र सङ्घर्षशील हुनु आवश्यक छ भन्नुभयो । देश र समाजप्रति कुनै योगदान नभएका व्यक्तिहरू रहरमा पदको लागि राजनीतिमा आउनु दुःखद भएको उल्लेख गर्दै उहाँले त्यसप्रति कार्यकर्ताहरू सजग हुनुपर्नेमा जोड दिनुभयो । पर्दामा नेता बने अभिनेताहरूलाई राजनीतिमा नेता बन्नु रहर हुँदैमा नहुने र त्यसको लागि समाजप्रति योगदान आवश्यक रहेको उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका पुरुषोत्तम तमखु, नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर नगर समितिका मञ्जुमाया लाखा, नेमकिपा ३ वडाका रामसुन्दर खाताख्व, नेमकिपा वंशगोपाल समितिका कृष्णगोपाल चौगुठी, नेक्रामसङ्घ ३ वडाका सुनिता प्रजापति (अवाल) र श्रद्धा सिन्ताकलले पनि बोल्नुभएको थियो ।

**दैलेखमा स्तालिन र माओ जयन्ती**

दैलेख । नेपाल मजदुर किसान पार्टी महाबु गाउँपालिका समितिको आयोजनामा पुस १४ गते काप्री खोलामा स्तालिन र माओको जन्मजयन्ती मनाइयो ।

कार्यक्रममा नेमकिपा दैलेख जिल्ला समितिका सल्लाहकार बमबहादुर सिंहले सोभियत रुसमा जन्मिएका स्तालिन र चीनमा जन्मिएका माओ त्सेतुङको विश्वको समाजवादी आन्दोलनमा महत्त्वपूर्ण योगदान भएको हुँदा उहाँहरू विश्व सर्वहारावर्गका महान् नेता भएको बताउनुभयो ।

दुर्गबहादुर थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा मनबहादुर खत्री, भगिराम थापामगर, भुमा थापामगर र हेमन्त सिंहले माओ र स्तालिनको योगदान र जीवन सङ्घर्षबारे बोल्नुभएको थियो ।

**माओलाई युगौं युगसम्म सम्झिरहने छन्**

सुर्खेत । विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको १३२ औं जन्म दिनको अवसरमा पुस १६ गते प्रवचन कार्यक्रम वीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले मार्क्सवाद-लेनिनवादलाई चिनियाँ माटो अनुकूल प्रयोग गर्दै माओले चिनियाँ क्रान्ति सफल पारेको चर्चा गर्दै विदेशी हस्तक्षेप र स्वदेशी प्रतिक्रियावादीलाई परास्त गर्न खेल्नुभएको भूमिकालाई संसारले अनुसरण गर्नु उपयुक्त हुने बताउनुभयो ।

चीन आज विश्व शक्ति बन्न सफल भएकोमा अध्यक्ष माओको योगदान महत्त्वपूर्ण छ, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका उपाध्यक्ष लालबहादुर थापाले युवाहरूले हरेक आन्दोलनमा महत्त्वपूर्ण योगदान गर्नुपर्ने आवश्यकता औँल्याउँदै माओ त्सेतुङ चिनियाँ युवाको आदर्श व्यक्ति रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति सुर्खेतका उपाध्यक्ष डम्मर थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रेम थापा, अम्मर भण्डारी, जगत लामिछाने, अङ्गबहादुर शाही, देवीराम सिजापतिलगायतले बोल्नुभएको थियो ।

**जुम्लामा स्तालिन र माओको जन्मजयन्ती मनाइयो**

जुम्ला । विश्व सर्वहारावर्गका गुरुहरू जे.भी. स्तालिन र माओ त्सेतुङको पुस १२ गते जन्म जयन्ती मनाइयो ।

उक्त कार्यक्रममा यज्ञबहादुर बुढ्थापाले विश्व सर्वहारावर्गको लागि स्तालिन र माओको विचार र शिक्षा सही भएकोले विश्वका जनताले उहाँहरूको जयन्ती मनाउँदै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कामदारवर्गका जनतालाई दबाउनेहरू आफैं पतन हुनेछन् ।"

मनप्रसाद उपाध्यायले नेमकिपाको सिद्धान्त र विचार कामदारवर्गको पक्षमा छ भन्नुभयो ।

सन्तल सिंह रावतले नेमकिपा स्थापनाकालदेखि सिद्धान्त र विचारमा अडिग रही देश र जनताको पक्षमा सङ्घर्षरत रहेको बताउनुभयो ।

हर्क बोहराले इमानदारीपूर्वक र निःस्वार्थपूर्वक राजनीति गरिरहेको दललाई कार्यकर्ताले छोड्न नहुने विचार व्यक्त गर्नुभयो ।

राजेश्वर देवकोटाको सभापतित्वमा भएको सो कार्यक्रममा सन्तबहादुर खत्री र देवीबहादुर बुढ्थापाले पनि स्तालिन र माओले पुऱ्याएको देनबारे प्रकाश पार्नुभयो ।

**युवाहरू अरुको लहलहैमा लाग्न नहुने**

भक्तपुर । नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिको आयोजनामा अन्तरक्रिया कार्यक्रम पुस १६ गते सम्पन्न भयो ।

विश्व सर्वहारावर्गका महान् गुरु स्तालिनको १४७ औं र माओ त्सेतुङको १३२ औं जन्म दिवसको अवसरमा उक्त कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले युवाहरू चुनौतीदेखि नडराई सङ्घर्ष गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

अहिले प्रधानमन्त्री र मन्त्रीको उम्मेदवार बन्न अगाडि आइरहेकाहरू एमसीसीका समर्थक भएको उल्लेख गर्दै उहाँले उनीहरू विदेशी एनजीओ र आइएनजिओबाट सञ्चालित भएकोले सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले विचार र दृष्टिकोणले युवा बनिसकेपछि सही र गलत निर्धारण छुट्याउन सक्ने भएकोले देशको समसामयिक विषयका साथै विदेशीबाट सञ्चालित व्यक्तिहरूको बारेमा युवाहरूले बुझ्नु आवश्यक भएको बताउनुभयो ।

भदौ २३ र २४ गतेको घटना पूर्वनिर्धारित र नियोजित भएको हुँदा युवाहरू अरुको लहलहैमा नलाग्ने र लागेको भए त्यागनुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

नेमकिपा मधेस प्रदेश सदस्य राजकृष्ण गोराले नेपालका अधिकांश नेताहरू विदेशबाट सञ्चालित भएकाले आगामी चुनावमा त्यस्ता नेताहरूलाई बिर्सनुपर्ने बताउनुभयो । उहाँले युवाहरूले अध्ययनलाई जोड दिनुपर्ने र राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिलाई ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेक्रायुसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाको सभापतित्वमा भएको उक्त कार्यक्रममा सचिव रामेश्वर मचामसी, कृष्ण गरु, कृष्णप्रसाद सुवाल, राधिका बेकोजुलगायतले बोल्नुभएको थियो ।

**किसानहरूले सम्झे स्तालिन र माओलाई**

काठमाडौं । नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौं जिल्ला समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु जोसेफ स्तालिन र माओ त्सेतुङको जन्म जयन्ती पुस १७ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले पार्टी कार्यकर्ताहरू अध्ययनशील, लगनशील, मेहनती, इमानदार र अनुशासित हुनुपर्छ भन्नुभयो ।

उहाँले स्तालिनले विश्व तानाशाह हिटलर र मुसोलिनीजस्ता कुख्यात साम्राज्यवादीहरूलाई दोस्रो विश्वयुद्धमा हराएको र माओ त्सेतुङले चीनमा किसानहरूलाई सचेत र सङ्गठित गरी चिनियाँ क्रान्ति सम्पन्न गर्नुभएकोले विश्व सर्वहारा वर्गले उहाँहरूलाई कहिल्यै बिर्सँदैनन् भन्नुभयो ।

कार्यक्रम नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौं जिल्ला समितिका अध्यक्ष हरिशरण श्रेष्ठको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा गुनदास महर्जन, ममता महर्जन, कुलनारायण डंगोल, विष्णु खनाल, पूर्ण बुढाथोकी, बन्दना सेरेष्ठ, ज्ञानुमैया दराई, नरमान महर्जन, सैलेश डंगोललगायतले बोल्नुभएको थियो ।

**नेपाल क्रान्तिकारी मजदुर सङ्घ नगर समिति भक्तपुर पुनर्गठन**

भक्तपुर, १७ पुस । विश्व सर्वहारावर्गका गुरुहरू स्तालिन र माओको जन्म जयन्तीको अवसरमा नगरस्तरीय मजदुरहरूको भेला बुधबार भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका प्रतिनिधि गङ्गाराम ज्याख्वले पार्टीको मार्गनिर्देशक सिद्धान्तअनुसार व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्न कार्यकर्ताहरू अघि सार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष उपेन्द्र सुवालले मजदुर सङ्घमा विभिन्न पेसागत मजदुरहरू आबद्ध भएको उल्लेख गर्दै नेमकिपा स्वच्छ छविको पार्टी हो; शोषित पीडित जनताको भरोसा गर्ने पार्टी हो भन्नुभयो । नेमकिपा काम गरिखाने श्रमजीवी जनताको सङ्गठन भएको विचार व्यक्त गर्दै उहाँले सङ्घर्षलाई राजनीतिक सङ्घर्षमा विकास गर्न र गराउन पार्टी लागिरहेको बताउनुभयो ।

देशमा आर्थिक समानता ल्याउन सङ्घर्ष नगरी नहुने उहाँको भनाइ थियो ।

भेलामा मजदुर सङ्घका विष्णुराम दुमरु, बिक्रम ढुकुछु, रमेश दुमरु र रुद्रनारायण लाखाले पनि मजदुरहरूको समस्या र मजदुर आन्दोलनबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

भेलाले गणेशप्रसाद सुवालको अध्यक्षतामा १७ सदस्यीय नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर नगर समिति गठन गरेको थियो ।












# भेनेजुयलाको बोलिभारियाली गणतन्त्रको वक्तव्य

भेनेजुयलाको बोलिभारियाली गणतन्त्र संरा अमेरिकाको वर्तमान सरकारले भेनेजुयाली भूगोल तथा जनताविरुद्ध राजधानी काराकसका नागरिक तथा सैन्य क्षेत्रहरूका साथै मिरान्दा, अरागुआ र ला गुआइरा राज्यहरूमा अत्यन्त गम्भीर सैन्य आक्रमण गरेकोमा अन्तर्राष्ट्रिय जगतसामु अस्वीकार, निन्दा एवम् भर्त्सना गर्दछ। अमेरिकी कार्य संयुक्त राष्ट्रसङ्घको बडापत्रको खुला उल्लङ्घन हो। विशेषत: बडापत्रको दफा १ र २ मा (सदस्य देशहरूको) सार्वभौमसत्तालाई सम्मान, कानुनका नजरमा (सदस्य राज्यहरूको) समान हैसियत तथा (सदस्य राज्यविरुद्ध) बलप्रयोगलाई निषेध गरिएको छ।

यस्तो आक्रमणले अन्तर्राष्ट्रिय तथा विशेषत: ल्याटिन अमेरिका र क्यारिबियाको शान्ति र स्थिरतालाई गम्भीर खतरामा पार्नुका साथै करोडौँ जनताको जीवनलाई जोखिममा पारेको छ।

यस आक्रमणको उद्देश्य भेनेजुयलाको राजनीतिक स्वाधीनतालाई बलपूर्वक तोड्दै यहाँका रणनीतिक स्रोतसाधनमाथि कब्जा जमाउनु हो; विशेषगरी यहाँको इन्धन र खनिज सम्पदा कब्जा गर्नु हो। तिनीहरू सफल हुनेछैनन्। दुई सय वर्षसम्म स्वतन्त्र देशको रूपमा बाँचेका यहाँका जनता र यिनको वैध सरकार अहिले आफ्नो सार्वभौमसत्ता तथा आफ्नो भाग्यको निर्णय आफै गर्ने अविच्छिन्न अधिकारको रक्षा गर्न दृढ छन्।

फासीवादी सम्भ्रान्त वर्गसँगको मिलेमतोमा देशको गणतान्त्रिक सरकारलाई ध्वस्त गर्न बलजफ्ती उपनिवेशवादी युद्ध थोप्ने र बलात 'सत्तापलट' गर्न खोज्ने प्रयास अघिल्ला दुष्प्रयासहरूजस्तै विफल हुनेछ।

सन् १८११ यता भेनेजुयलाले विभिन्न साम्राज्यको सामना गरेको र तिनलाई परास्त गरेको छ। सन् १९०२ मा विदेशी शक्तिहरूले हाम्रा समुद्री तटहरूमा बमबारी गर्दा राष्ट्रपति सिप्रियानो क्यास्त्रोले घोषणा गर्नुभयो, "विदेशीको उद्दण्ड पाइलाले हाम्रो मातृभूमिको पवित्र भूमिलाई बिटुल्याएको छ।" आज बोलिभार, मिरान्डा र हाम्रा मुक्तिदाताहरूको नैतिकबलका साथ भेनेजुयली जनताले साम्राज्यवादी आक्रमणको सामना गर्दै आफ्नो स्वाधीनताको रक्षा गर्न उठेका छन्।

बोलिभारियाली सरकार देशका सम्पूर्ण सामाजिक र राजनीतिक



शक्तिहरूलाई परिचालित हुन र यो साम्राज्यवादी हमलाको प्रतिकार गर्न आह्वान गर्दछ। भेनेजुयलाका जनता र यहाँको बोलिभारियाली राष्ट्रिय सशस्त्र बल, जनता-सेना-प्रहरीको एकमना एकता प्रदर्शन गर्दै सार्वभौमसत्ता तथा शान्ति सुनिश्चित गर्न तैनाथ भएका छन्। 'शान्तिका लागि बोलिभारियाली कूटनीति' ले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्, यसका महासचिव, सेलाक र नामसमक्ष आफ्नो उजुरीपत्र बुझाउनेछ; संरा अमेरिकी सरकारको निन्दा गर्न तथा उसलाई जवाफदेही बनाउन माग गर्नेछ।

यस अर्थमा राष्ट्रपति निकोलस मादुरोले राष्ट्रको सरहदभरि बाह्य चलखेलको स्थिति रहेको घोषणा गर्दै आदेशमा हस्ताक्षर गर्नुभएको छ। जनताको हकअधिकारको रक्षा गर्न, यस गणतन्त्रका विभिन्न निकायको पूर्ण रूपमा सञ्चालित हुन तथा तत्कालै सशस्त्र सङ्घर्षमा जान उहाँले आदेश दिनुभएको छ। यो साम्राज्यवादी आक्रमणलाई परास्त गर्न समग्र देश नै सक्रिय हुनुपर्छ।

उहाँले देशका समग्र रक्षा कमान्डलाई सम्पूर्ण प्रान्त तथा नगरपालिकाहरूमा तत्कालै तैनाथ हुन आदेश दिनुभएको छ। संयुक्त राष्ट्रसङ्घको बडापत्रको दफा ५१ मा प्रतिबद्ध रहँदै भेनेजुयलाले आफ्ना जनता, भूभाग एवम् स्वाधीनताको रक्षा गर्ने वैध अधिकार प्रयोग गर्ने हक राख्छ।

राष्ट्रपति निकोलस मादुरोले भेनेजुयलाको बोलिभारियाली गणतन्त्रको संविधान, अपवाद परिस्थितिको मौलिक कानुन तथा राष्ट्रिय सुरक्षाको मौलिक कानुनमा उल्लेख प्रावधानहरूमा टेकेर उपयुक्त समय र परिस्थितिमा सम्पूर्ण राष्ट्रिय प्रतिरक्षा योजना कार्यान्वयन गर्ने प्रबन्ध मिलाउनुभएको छ।

हामी ल्याटिन अमेरिका, क्यारिबिया एवम् विश्वभरिका जनता तथा सरकारहरूलाई यो साम्राज्यवादी आक्रमणविरुद्ध सक्रिय ऐक्यबद्धता जनाइदिनुहुन आग्रह गर्दछौँ।

सर्वोच्च कमान्डर ह्युगो चाभेज फ्रायजले भन्नुभएको थियो, "साना-ठूला जत्रा हुन्, नयाँ जटिलताहरू आए भने सम्पूर्ण देशभक्तहरूले एउटै जवाफ दिन्छन् - एकता, सङ्घर्ष, लडाइँ र विजय।"

काराकस। ३ जनवरी, २०२५।

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन - १४

✍ रामरतन चौधरी

सन् २०२५ नोभम्बरमा संरा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले अमेरिकाको 'राष्ट्रिय सुरक्षा नीति' प्रकाशित गर्‍यो। उक्त नीतिमा अमेरिकालाई आउँदा दशकहरूमा पनि विश्वको सबैभन्दा धनी, सबैभन्दा शक्तिशाली र सबैभन्दा सफल मुलुक कसरी बनाउने भन्ने उल्लेख छ। हरेक सिद्धान्त र कार्यमा अमेरिका र अमेरिकीहरू सधैँ पहिलो स्थानमा आउनुपर्छ भन्ने मान्यता डोनाल्ड ट्रम्पको प्रशासनले राख्छ। यो सुरक्षा रणनीति हेर्दा अमेरिकाले आफूलाई 'दोस्रो' स्वीकार्न नसक्ने स्पष्ट हुन्छ। आफूलाई पहिलो बनाउन अमेरिकाले विश्वमा गर्दै आएको 'छद्म युद्ध' बुझ्न अमेरिकाको 'राष्ट्रिय सुरक्षा नीति' अध्ययन गर्नु सान्दर्भिक हुनेछ।

### अहस्तक्षेपवादको कठोर पालना सम्भव नभएको जिकिर

डोनाल्ड ट्रम्प नेतृत्वको अमेरिकी सरकारले कम्बोडिया र थाइल्याण्ड, कोसोभो र सर्बिया, प्रजातान्त्रिक गणतन्त्र कङ्गो र रुवाण्डा, पाकिस्तान र भारत, इजरायल र इरान, इजिप्ट र इथियोपिया, अर्मेनिया र अजरबैजानबिच शान्ति वार्ता गर्नुका साथै गाजाका जीवित बन्धकहरूलाई घर फर्काएर युद्ध समाप्त गरेको दाबी गर्‍यो।

सुरक्षा रणनीतिमा मानवहरूले ईश्वर प्रदत्त समान प्राकृतिक अधिकारको उपभोग गर्न पाएजस्तै विश्वका सबै मुलुकले प्रकृतिप्रदत्त अधिकार उपभोग गरी समान स्थानको निम्ति हकदार हुन पाउने भन्दै 'अहस्तक्षेप' को विषय उठाएको छ। तर, "अमेरिकाजस्तो असङ्ख्य तथा विविध हित भएको देशका लागि अहस्तक्षेपवादको कठोर पालना सम्भव छैन" भन्ने पनि उल्लेख गर्‍यो। यसबाट "अमेरिकाले जहाँ पनि जहिले पनि हस्तक्षेप गर्न पाउनुपर्छ, अमेरिकाबाहेकका देशले होइन" भन्ने अर्थ लाग्छ।

### विश्वको सबैभन्दा बलियो अर्थतन्त्र बनाउने चाहना

विश्वको सबैभन्दा बलियो, सबैभन्दा गतिशील, सबैभन्दा नवीन र सबैभन्दा उन्नत अर्थतन्त्र निर्माण गर्ने परिकल्पना अमेरिकी सुरक्षा रणनीतिमा छ। विश्वको सबैभन्दा बलियो औद्योगिक आधार, सबैभन्दा बलियो उत्पादक र नवीन ऊर्जा क्षेत्रको रूपमा अमेरिकालाई अगाडि बढाउने विषय पनि रणनीतिमा उल्लेख छ। अमेरिकालाई विश्वको सबैभन्दा वैज्ञानिक र प्राविधिक रूपमा उन्नत तथा नवीन देश बनाउने लक्ष्य राखिएको छ। सन् २०२५ मा अहिलेको ३० ट्रिलियन डलरको अर्थतन्त्रबाट सन् २०३० को दशकमा ४० ट्रिलियन डलरको अर्थतन्त्रमा अमेरिकालाई पुर्‍याइने लक्ष्य रणनीतिमा उल्लेख छ।

### अर्को पुस्ताको क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली

सैन्य शक्तिबाट नै स्थापित हुन सकिने भन्दै अमेरिकाले संसारकै अत्यन्त शक्तिशाली, घातक र प्राविधिक रूपमा उन्नत तथा सक्षम सैनिक तैनाथ गर्नुपर्ने मान्यता राख्छ। नाटो देशहरूको भार अमेरिकाले मात्रै बोकेको भन्दै नाटो देशहरूले आफ्नो गार्हस्थ उत्पादन (GDP) को ५ प्रतिशत अमेरिकी नेतृत्वको रक्षा मामिलामा योगदान गर्नुपर्ने विषय पनि रणनीतिमा उठान गरिएको छ।

अमेरिका आफ्नो सेनाको कम क्षतिमा निर्णायक युद्ध जित्न चाहन्छ। त्यसैले त उसले विश्वका विभिन्न देशमा रङ्गीन क्रान्ति (Colour Revolution) नाममा 'छदम् युद्ध' लड्दै छ। अमेरिका विदेशमा रहेका अमेरिकी सम्पत्ति र अमेरिकी सहयोगीहरूको सुरक्षाको निम्ति 'गोल्डेन डोम' सहित अर्को पुस्ताको क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली मजबुत बनाउने पनि भन्दै छ।

### 'डलर' लाई विश्वको आरक्षित मुद्रा बनाउने उद्देश्य

अमेरिकी प्रविधि विशेष गरी एआई, बायोटेक र क्वान्टम कम्प्युटिङ्गले संसारलाई अगाडि बढाओस् भन्ने अमेरिका चाहन्छ। कम आय भएका देशहरूलाई पुँजीबजार विकास गर्न र तिनीहरूको मुद्रालाई डलरसँग बाँध्न प्रोत्साहित गर्दै डलरलाई विश्वको आरक्षित मुद्राको रूपमा सुनिश्चित गर्न चाहन्छ।

संरा अमेरिकाले विश्वका अन्य मुलुकलाई अमेरिकाभन्दा प्रभुत्वशाली बन्न नदिने स्पष्ट उल्लेख गरेको छ। आफ्ना प्रमुख विरोधीहरूको उदयलाई रोक्न, विश्वका ठूला र मध्यम शक्तिहरूलाई सन्तुलनमा राख्न अमेरिकाले रगत र धन खर्च नगरी आफ्ना सहयोगीहरूसँग छद्म ढङ्गले काम गर्न चाहन्छ।

आफ्नो हित सुरक्षाको निम्ति विश्वका महत्त्वपूर्ण खनिज तथा प्राकृतिक स्रोतहरूमा पहुँच विस्तार गर्ने उद्देश्यले अमेरिकी गुप्तचरहरूले अमेरिकी सुरक्षा र समृद्धिमा आउने जोखिम र खतराहरू पहिचान गर्न विश्वभरका आपूर्ति श्रृङ्खला र प्राविधिक प्रगतिहरूको निगरानी गरोस् भन्ने चाहन्छ।

अमेरिका विश्वका विभिन्न देशबाट हुने सामूहिक बसाइँसराइले घरेलु स्रोतहरूमा तनाव सिर्जना गरेको, सामाजिक एकता कमजोर बनाएर श्रम बजार र अमेरिकी राष्ट्रिय सुरक्षालाई खलबल्याएको निष्कर्षसहित सामूहिक बसाइँसराइको युग समाप्त भएको बताउँदै छ। ट्रम्प प्रशासनले विश्वव्यापी प्रतिभा खोज्ने नाममा अमेरिकी श्रम बजार विश्वका लागि खोल्न नचाहने स्पष्ट पारेको छ।

### एसिया तथा इन्डो-प्यासिफिक क्षेत्रमा निगरानी

संरा अमेरिका इन्डो-प्यासिफिक क्षेत्रमा आफ्नो पहुँच कायम राख्दै अमेरिकी अर्थतन्त्रमा अन्य मुलुकको प्रभावलाई रोक्न चाहन्छ। सबै समुद्री नेभिगेसनमा आफ्नो महत्त्वपूर्ण तथा प्रभावशाली उपस्थिति स्थापित गर्न चाहन्छ। विश्वको लगभग आधा जीडीपीको स्रोत रहेको हिन्द-प्रशान्त आर्थिक र भूराजनीतिक दृष्टिकोणले महत्त्वपूर्ण सङ्घर्षको क्षेत्र हो। यसकारण, इन्डो-प्यासिफिक क्षेत्रमा अर्को शताब्दीको निम्ति पनि सफलतापूर्वक प्रतिस्पर्धा गर्न सकियोस् भन्ने हेतुले अमेरिका सैन्य गठबन्धन निर्माण गर्न प्रयासरत छ।

ट्रम्प प्रशासन चीनलाई अमेरिकी बजार खुला गरेर अमेरिकी व्यवसायीहरूलाई चीनमा लगानीको निम्ति प्रोत्साहित गर्ने, अमेरिकी उत्पादनलाई कमजोर पार्ने 'नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था' उचित नभएको जिकिर गर्दै छ। सन् १९७९ मा चिनियाँ अर्थतन्त्र विश्वमा पुन: खुलेपछि चीन र अमेरिकाबिचको व्यावसायिक सम्बन्ध असन्तुलित रहेको ट्रम्प प्रशासनको विश्लेषण छ। सन् २०२० र २०२४ को बिच कम आय भएका मुलुकहरूमा चीनको निर्यात दोब्बर भयो। यसकारण, ट्रम्प प्रशासनले चीनसँगको व्यापार सन्तुलन गर्नुपर्ने विषय अमेरिकाको सुरक्षा रणनीतिमा उल्लेख गर्‍यो।

अमेरिका भारतलाई हिन्द-प्रशान्तीय क्षेत्रको सैन्य गठबन्धनमा संलग्न गराउन अस्ट्रेलिया, जापान, अमेरिका (द क्वाड) सँगको गठजोडलाई बढावा दिने भन्दै छ। इन्डो-प्यासिफिक क्षेत्रमा दीर्घकालीन रूपमा आर्थिक तथा प्राविधिक प्रतिस्पर्धा जित्न अमेरिकाले आफ्ना साझेदारहरूबाट ठूलो सैन्य लगानी गर्नु आवश्यक रहेको ठानेको छ। अमेरिकाले हिन्द-प्रशान्तीय क्षेत्रमा प्रतिस्पर्धी राष्ट्रको प्रभुत्व रोक्नको निम्ति आफ्ना सहयोगी र साझेदारहरूलाई पङ्क्तिबद्ध गर्ने र यस क्षेत्रका प्राकृतिक स्रोतहरूमाथिको अमेरिकी पहुँचलाई सुनिश्चित गर्ने नीति लिएको छ।

दक्षिण पूर्वी एसिया, ल्याटिन अमेरिका, र मध्यपूर्वमा चीनको बढ्दो आर्थिक पहुँचलाई न्यूनीकरण गर्न युरोप, जापान, कोरिया, अस्ट्रेलिया, क्यानडा, मेक्सिको र अन्य प्रमुख मुलुकहरूलाई चीनको अर्थतन्त्रलाई सन्तुलित तथा नियन्त्रण गर्ने व्यापार नीति अपनाउन प्रोत्साहित गर्ने विषय पनि उल्लेख छ।

ताइवानले उत्तरपूर्वी र दक्षिणपूर्वी एसियालाई विभाजन गरेको छ। वार्षिक रूपमा दक्षिण चीन सागरबाट विश्वव्यापी ढुवानीको एक तिहाइ सामान आवतजावत गर्दछ। जसले अमेरिकी अर्थतन्त्रमा पनि महत्त्वपूर्ण प्रभाव पार्दछ। अहिले ट्रम्प अमेरिकाले ताइवानमाथिको कुनै पनि एकपक्षीय परिवर्तनलाई समर्थन नगर्ने भन्दै छ। यसको अर्थ चीनले ताइवानलाई आफूमा समायोजन गर्न नसकोस् भन्ने मनसायका साथ अमेरिकाको ताइवान जलडमरुमाथि चासो बढ्दै गरेको रणनीति अध्ययन गर्दा स्पष्ट हुन्छ।

### 'मुनरो सिद्धान्त' को अवलम्बन

युरोपेली सभ्यताको आत्मविश्वास र पश्चिमी पहिचान पुन:स्थापित गर्न युरोपका अमेरिकी सहयोगीहरूलाई संरक्षण तथा प्रोत्साहित गर्ने विषय रणनीतिमा उल्लेख छ। ट्रम्प प्रशासनले जलवायु परिवर्तन र नेट शून्य विचारधाराले अमेरिकाको विरोधीहरूलाई अनुदान दिने, युरोपलाई हानी पुर्‍याउने र संरा अमेरिकालाई धम्की दिने आरोप लगाउँदै यसलाई अस्वीकार गर्ने बतायो।

अमेरिका विश्वका प्रमुख रणनीतिक स्थानहरूमा आफ्नो निरन्तर पहुँच सुनिश्चित गर्न चाहन्छ। पश्चिमी गोलार्द्धमा अमेरिकी प्रधानता पुन:स्थापना गर्न र पश्चिमी गोलार्द्धका प्रमुख भौगोलिक क्षेत्रहरूमा अमेरिकी पहुँचको रक्षा गर्न 'मुनरो सिद्धान्त' आवश्यक रहेको रणनीतिमा उल्लेख छ। अमेरिकाले पश्चिमी गोलार्द्धमा अन्य गैरगोलार्द्धवासीहरूको सेना राख्ने र महत्त्वपूर्ण सम्पत्तिहरूको स्वामित्त्व लिने वा नियन्त्रण गर्ने प्रयासलाई स्वीकार नगर्ने बताएको छ।

सुरक्षा र समृद्धिको दृष्टिकोणले पश्चिमी गोलार्द्धमा संरा अमेरिका अग्रणी हुनुपर्ने ट्रम्पको दाबी छ। यस क्षेत्रमा अमेरिकालाई आवश्यक पर्ने ठाउँमा जहिले पनि आफूलाई स्थापित गर्न पाउनुपर्ने दाबी गर्छ। सन् १९९० मा २५ प्रतिशत विश्वव्यापी गार्हस्थ उत्पादन (GDP) रहेको युरोपेली महादेश अहिले १४ प्रतिशतमा घटेको छ। युरोपले आर्थिक गिरावटको सामना गरिरहेको छ।

युरोप सांस्कृतिक र रणनीतिक रूपले अमेरिकाको लागि महत्त्वपूर्ण क्षेत्र हो। अमेरिकाको लागि युरोप ट्रान्सएटलान्टिक व्यापार, विश्वव्यापी अर्थतन्त्र र अमेरिकीहरूको समृद्धिको निम्ति एक बलियो स्तम्भ हो। उत्पादन, प्रविधि, ऊर्जासम्मका युरोपेली क्षेत्रहरू विश्वका सबैभन्दा बलिया क्षेत्र थिए। युरोप अत्याधुनिक वैज्ञानिक अनुसन्धान र विश्वका सांस्कृतिक संस्थाहरूको पनि अग्रणी घर हो। यसकारण, युरोपमा कुनै पनि प्रतिद्वन्द्वीलाई प्रभुत्व जमाउनबाट अमेरिका रोक्न चाहन्छ। अमेरिका आफ्नो वस्तु र सेवा बिक्रीको निम्ति युरोपेली बजार खुला गरेर युरोपलाई हतियार बिक्री, सांस्कृतिक तथा शैक्षिक आदानप्रदान गर्ने थलो पनि बनाउन चाहन्छ।

### मध्यपूर्वको प्राकृतिक स्रोतमा आँखा

अमेरिका मध्यपूर्वको तेल, ग्यास आपूर्ति र मध्यपूर्वबाट पार गर्ने चेकप्वाइन्टहरूमा अमेरिका विरोधी शक्तिलाई प्रभुत्व जमाउनबाट रोक्न चाहन्छ। कम्तीमा आधा शताब्दीदेखि अमेरिकी विदेश नीतिले संसारका अन्य क्षेत्रलाई भन्दा मध्यपूर्वलाई बढी प्राथमिकतामा राखेको छ। दशकौँसम्म मध्यपूर्व विश्वका प्रमुख ऊर्जा आपूर्तिकर्ताको रूपमा रहेको कारण महाशक्तिहरूको प्रतिस्पर्धाको मैदान थियो।

संरा अमेरिका खाडी मुलुकको ऊर्जा आपूर्ति आफ्नै हातमा रहोस् भन्ने सुनिश्चित गर्न हर्मुजका जलडमरु, लालसागरको जलयात्राको क्षेत्रलाई नियन्त्रणमा राख्न चाहन्छ। त्यसको निम्ति इजरायल सुरक्षित रहोस् भन्ने अमेरिकाको मुख्य स्वार्थ रहेको छ। अमेरिकीहरूसँग 'अब्राहम सम्झौता' लाई मध्यपूर्वका धेरै राष्ट्र तथा मुस्लिम संसारका अन्य देशमा विस्तार गर्ने स्पष्ट चासो रहेको पनि सुरक्षा रणनीतिमा उल्लेख छ।

### अफ्रिकामा अमेरिकी चासो

अफ्रिकाको आणविक ऊर्जा, पेट्रोलियम पदार्थ, ग्यास तथा प्रविधिहरूको विकासलाई अमेरिका आफ्नो पोल्टामा पार्न चाहन्छ। अमेरिकी पुँजीपतिहरूको दृष्टि त्यसबाट आउने नाफामा अडेको छ। अफ्रिकाको प्रचुर प्राकृतिक स्रोतहरू उपयोग गर्न र त्यहाँको आर्थिक सम्भावनालाई उपयोग गर्न चुनिएका देशहरूसँग अमेरिकाले साझेदारी गर्न चाहन्छ। अफ्रिकाका केही भागमा पुनरुत्थान भइरहेको इस्लामवादी गतिविधितर्फ पनि अमेरिकी प्रशासन सतर्क रहनुपर्छ भन्ने मान्यता 'सुरक्षा रणनीति' ले राखेको छ।

*२०८२ पुस २० गते*

# माओ त्सेतुङ विचारधाराबारे अध्यक्ष माओ

केही समयअघि हामीले माओ त्सेतुङ विचारधाराबारे लेखिएका माओ त्सेतुङका केही लिखतहरू अध्ययन गर्‍यौं र थुप्रै कुरा पनि सिक्यौं । माओ त्सेतुङ विचारधारा र सत्यको सिद्धान्तको प्रश्नबारे हालैका अध्ययनमा यी कागतपत्रहरू अमूल्य र ठुलो महत्त्वको छ भन्ने कुरामा हामी विश्वास गर्छौं । माओ त्सेतुङको ८६ औँ जन्म दिवसको स्मृतिमा लेखिएका हाम्रा अध्ययनका टिपोटहरू यी हुन् - चिनियाँ क्रान्तिको अनुभवमा मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका सिद्धान्तहरूका साथसाथै पार्टी केन्द्रीय समितिको कागतपत्रले निश्चित गरिएको बाटो र नीतिहरूको आधारमा चिनियाँ कम्युनिस्टहरूले लेखेका केही पुस्तिकाहरू समावेश छन् ।



सिद्धान्तलाई व्यवहारसँग मिलाउने कुरा माओ त्सेतुङले अगुवाइ गर्नुभएको हाम्रो पार्टीको काम गर्ने तीन मुख्य शैलीमध्ये एक हो । मार्क्सवाद – लेनिनवाद र माओ त्सेतुङ विचारधारा अध्ययन गर्दा हामीले त्यसलाई बुझ्नुपर्दछ र त्यसलाई व्यापक ढङ्गले र ठीकसित लागू गर्नुपर्छ । हामीले त्यसका अडान, दृष्टिकोण र तरिकाहरू सिक्नुपर्छ र तिनीहरूलाई हाम्रो क्रान्ति र निर्माण, सैद्धान्तिक र काम गराइका समस्याहरूलाई सुल्झाउनमा प्रयोग गर्नुपर्छ र मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओ त्सेतुङका रचनाहरूबाट कण्ठ गरिएका हरफहरूलाई भट्याउनु हुन्न ।

१९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको सबै काममा मार्क्सवाद - लेनिनवादको विश्वव्यापी सत्यतालाई निर्देशक नीतिको रूपमा चिनियाँ क्रान्तिको खास व्यवहारलाई एक गरिएको छ । माओ त्सेतुङ यस्तो एकताको सबभन्दा ठुलो प्रतिनिधि हुनुहुन्छ । माओ त्सेतुङ विचारधारा चिनियाँ क्रान्तिको महान सङ्घर्षहरूमा मार्क्सवाद - लेनिनवादको प्रयोग र विकास हो । यो चिनियाँ क्रान्तिको खास व्यवहारसँग मार्क्सवाद - लेनिनवादको विश्वव्यापी सत्यको एकताको फल हो ।

माओ त्सेतुङले चिनियाँ जनताको जीत र हारहरूको अनुभव र शिक्षाहरूको सार झिक्नुभयो र चेन तु स्यु, वाङ मिङ र अरूहरूद्वारा प्रतिनिधित्व गरिएको अवसरवादको विरोधको सङ्घर्षमा, सिद्धान्तलाई वास्तविकतासँग जोड्ने प्रश्नलाई अध्ययनको एक तरिकाको रूपमा प्रस्ट रूपले अगाडि ल्याउनुभयो । १९३९को सुरुमा 'कम्युनिस्टको परिचय' भन्ने आफ्नो लेखमा उहाँले सबभन्दा पहिले मार्क्सवादी - लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको खास व्यवहारसँग एक गर्ने सूत्रलाई अगाडि ल्याउनुभयो । त्यस लेखबाट के देखाउनुभयो भने हाम्रो पार्टीको इतिहासमा जब - जब मार्क्सवादले लेनिनवादको विश्वव्यापी सच्चाइलाई चिनियाँ क्रान्तिको खास व्यवहारसँग एक गर्‍यो, क्रान्तिले विकास गर्‍यो र विजय प्राप्त गर्‍यो । त्यसो नगर्दा क्रान्ति पछि पर्‍यो र हार खायो । माओ त्सेतुङ आफ्नो सैद्धान्तिक दृष्टिकोणमा साह्रै होसियार र बुद्धिमान हुनुहुन्थ्यो । धेरै लामो समयसम्म माओ त्सेतुङ विचारधाराको प्रस्तावहरूसँग उहाँ सहमत हुनुभएन ।

१९४३ मा अध्ययनद्वारा येनानमा सुधार आन्दोलनको बेला उल्लेखनीय ढङ्गले सारा पार्टीको मार्क्सवादी - लेनिनवादी स्तरलाई पनि उठाइएको थियो । पार्टीभित्रका झन् बढी कामरेडहरूले के देखे भने माओ त्सेतुङद्वारा प्रतिनिधित्व गरिएको मार्क्सवादी - लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको वास्तविक परिस्थितिसँग गाँस्ने विचारमात्रै सही थियो, जसले चिनियाँ क्रान्तिलाई विजयसम्म लैजान सक्थ्यो । त्यस वर्ष हाम्रो पार्टी २२ वर्षको थियो र माओ त्सेतुङ ५० वर्षको हुनुहुन्थ्यो । पार्टीभित्र केही कामरेडहरूले उहाँको जन्म दिवस मनाउने कुरा निकाले र माओ त्सेतुङ विचारधारालाई प्रचार गर्ने प्रस्ताव उठाए ।

पार्टी केन्द्रीय समितिको मातहतको प्रचार विभागका प्रमुख फङले माओ त्सेतुङलाई त्यस सुझावबारे रिपोर्ट गरे । उहाँले न जन्म दिवस मनाउने कुरो स्वीकार गर्नुभयो न त माओ त्सेतुङ विचारधाराको उल्लेख गर्ने कुरो मान्नुभयो । पछिल्लो प्रश्नमा फङलाई जवाफ दिँदै २३ अप्रिलको आफ्नो पत्रमा उहाँले भन्नुभयो, “मेरो विचार (मार्क्सवाद - लेनिनवाद) आफै परिपक्व भएको छैन भन्ने म अनुभव गर्छु, यो अझै सिक्ने अवस्थामै छ - प्रचार गर्ने अवस्थामा होइन । यदि प्रचार गर्नु छ भने खालि (सुधार आन्दोलनका जस्ता केही कागत - पत्रहरूको) केही भागहरू प्रचार गर्न सुहाउँछ, यसलाई एक विचारको रूपमा प्रचार गर्नु उपयुक्त छैन किनभने मेरो विचारधारा अझसम्म परिपक्वतामा पुगेको छैन । १९४५ जून महिनामा हाम्रो पार्टीको संविधानमा तलका हरफ गाँसिएको थियो - चीनको कम्युनिस्ट पार्टीले मार्क्सवादी - लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको व्यवहारसँग एक गर्ने विचार माओ त्सेतुङ विचारधारालाई आफ्नै सबै कामहरूको निर्देशक सिद्धान्तको रूपमा लिन्छ र कोरा सिद्धान्तवादी या प्रयोगसिद्ध अनुभववादी झुकावहरूलाई विरोध गर्छ । पछि माओ त्सेतुङले माओ त्सेतुङ विचारधाराप्रति गरिने अवास्तविक उल्लेखहरूलाई विरोध गर्दै जानुभयो, जसलाई उहाँले पार्टी र जनताको सामूहिक सङ्घर्षहरूको फल हो भन्दै जानुभयो ।”

माओ त्सेतुङका यी विचारहरूलाई ये चिईलेङले जनवादी गणतन्त्र चीनको स्थापनाको ३० औँ वर्ष समारोहको बैठकमा प्रस्ट पारिदिनुभएको थियो - माओ त्सेतुङ विचारधारा माओ त्सेतुङको व्यक्तिगत बुद्धिको मात्रै फल होइन, यो उहाँको सहयोद्धाहरू, पार्टी र क्रान्तिकारी जनताको बुद्धिको फल हो र उहाँले एकचोटि भन्नुभएजस्तै यो पार्टी र जनताको सामूहिक सङ्घर्षहरूबाट अघि बढेको हो ।

हाम्रो लेखा विभागमा राखिएको माओ त्सेतुङका लेखोटहरूबाट हामीले के पायौं भने १९४८ अगष्ट महिनामा देशव्यापी मुक्तिको अवसरमा विजयको खुशीयालीमा, उ युचङले माओ त्सेतुङ विचारधाराप्रतिको आस्थास्वरूप उत्तरी चीन विश्वविद्यालयको उद्घाटन भाषणमा माओ त्सेतुङ विचारधारालाई माओ त्सेतुङवादमा फेर्ने विचार व्यक्त गर्नुभएको थियो । माओ त्सेतुङलाई एक तार पठाउँदै उहाँले यसबारे निर्देशनहरू मागे र जवाफ यस्तो थियो - यो अभिव्यक्ति सबभन्दा अनुपयुक्त छ । माओ त्सेतुङवाद भन्ने कुनै वस्तु छैन । यो विषय खास गरेर माओ त्सेतुङवादका अध्ययन गर्ने कुरा नभई मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका सिद्धान्तहरू र चिनियाँ क्रान्तिको अनुभवलाई अध्ययन गर्न, विद्यार्थीहरूलाई अध्ययन गर्न आह्वान गर्न जरुरी हुँदै छ । यहाँ उल्लिखित चिनियाँ क्रान्तिका अनुभवमा मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनको सिद्धान्तहरूमा आधारित (माओ त्सेतुङ) चिनियाँ कम्युनिस्टहरूले लेखेका पुस्तिकाहरू र पार्टी केन्द्रीय समितिको सिद्धान्त र नीतिलाई बताउने केही कागतपत्रहरू समावेश छन् ।

लिन प्याओ र चार जनाको गुटले अर्कै उद्देश्य राखेर आफूलाई देवताजस्तो तारिफ गर्ने कोसिसजस्ता गतिविधिबाट माओ त्सेतुङ साह्रै असन्तुष्ट हुनुहुन्थ्यो । माओ त्सेतुङ विचारधारालाई बयान गर्न 'सर्वोच्च' 'सबभन्दा रचनात्मक ढङ्ग' र 'विकासको सर्वोच्च चुली' जस्ता अवैज्ञानिक अभिव्यक्तिहरू जोड्ने कुरालाई उहाँ मन पराउनुहुन्नथ्यो र विरोध गर्नुहुन्थ्यो । २५ जुलाई १९६६ को दिन माओ त्सेतुङले कागज पत्रमा तलको टिपोट लेख्नुभयो - 'कृपया ध्यान दिनुस् र अबदेखि सर्वोच्च सबभन्दा रचनात्मक ढङ्गले ... ' 'विकासको सर्वोच्च चुली' र सबभन्दा माथिल्ला निर्देशन' जस्ता भाषाहरूलाई रोक्नुहोला । ८ जनवरी १९६८ को दिन बाहिर पठाउने समाचारको पाठलाई जाँच्नु हुँदा माओ त्सेतुङले तलका दुई हरफहरूमा गाढा पङ्क्तिले काट्नुभएको थियो, “माओका शब्दहरू सबभन्दा उँचो स्तरका, सबभन्दा शक्तिशाली हुन्छन्, उहाँको हरेक वाक्य सत्य छ र एउटा सिङ्गो वाक्य दस हजार वाक्यको बराबर छ । माओले बोल्नुभएको वा लेख्नुभएको हरेक वाक्य सत्य हो र एक सिङ्गो वाक्य दस हजार वाक्यको बराबर छ ।”

हाम्रा कार्यकर्ताहरूमध्ये साह्रै कम तिनीहरू आफूलाई सही पक्षका भन्ने सोच्छन् । यसको एउटा कारण हो, तिनीहरू मार्क्सवादी सिद्धान्तको ज्ञानलाई बुझ्दैनन् । यसकारण, ठुलो धैर्यले त्यस्ता ... प्रचार गर्नु आवश्यक छ ।

आफ्नो क्रान्तिकारी व्यवहारको लामो वर्षमा माओ त्सेतुङ मार्क्सवादी सिद्धान्तको ज्ञानलाई प्रचार गर्ने ठुलो आवश्यकतासँग सम्बन्धित हुनुहुन्थ्यो । सन् १९३७ मा उहाँले येनानको जापानविरोधी सैनिक, राजनैतिक कलेजमा प्रवचन दिइरहनुहुँदा उहाँले लिनुभएका विषयहरूमध्ये एउटा व्यवहारबारे थियो । येनानमा सुधार आन्दोलन चलिरहँदा अध्ययनको निम्ति कागजपत्रहरूको एक सङ्गालो थियो, जसमा माओ त्सेतुङले लेख्नुभएका धेरै महत्त्वपूर्ण लेखहरू समावेश थिए । तिनीहरू हुन् - हाम्रो अध्ययनलाई सुधार पार्टीको कामको तरिकामा सुधार गर । पुरानो ढङ्गले पार्टी लेखनलाई विरोध गर, साहित्य र कलाबारे येनान गोष्ठीमा प्रवचन र नेतृत्वको शैलीसम्बन्धी केही प्रश्नहरू । यी रचनाहरू २२ अप्रिल १९४३ को दिन फङलाई माओ त्सेतुङको पत्रमा उल्लिखित 'सुधार र आन्दोलनका केही कागजपत्रहरू' हुन् । यस लेखमा उल्लेख गरिएको छ ।

यी रचनाहरूमा माओ त्सेतुङले सिद्धान्तको ज्ञानसम्बन्धी प्रश्नहरूलाई स्पष्ट गर्न ध्यान दिनुभयो । द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तलाई प्रयोग गरेर हरेक कुरालाई वास्तविकताबाट हाम्रो पार्टीको सैद्धान्तिक नीति निश्चित गर्न तथ्यहरूबाट सत्य खोज्न र सिद्धान्तलाई वास्तविकतासँगै गाँस्न उहाँले आश्चर्यजनक रूपले प्रस्ट गरिदिनुभयो । यो पनि द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सैद्धान्तिक निर्देशन, माओ त्सेतुङ विचारधाराको सही सार हो ।

सिद्धान्तलाई व्यवहारसँग मिलाउने कुरा माओ त्सेतुङले अगुवाइ गर्नुभएको हाम्रो पार्टीको काम गर्ने तीन मुख्य शैलीमध्ये एक हो । मार्क्सवाद - लेनिनवाद र माओ त्सेतुङ विचारधारा अध्ययन गर्दा हामीले त्यसलाई बुझ्नुपर्दछ र त्यसलाई व्यापक ढङ्गले र ठीकसित लागू गर्नुपर्छ । हामीले त्यसका अडान, दृष्टिकोण र तरिकाहरू सिक्नुपर्छ र तिनीहरूलाई हाम्रो क्रान्ति र निर्माण, सैद्धान्तिक र काम गराइका समस्याहरूलाई सुल्झाउनमा प्रयोग गर्नुपर्छ र मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओ त्सेतुङका रचनाहरूबाट कण्ठ गरिएका हरफहरूलाई भट्याउनु हुन्न ।

डिसेम्बर १९६० मा सैनिक कमिसनको लामो बैठकको 'सेनाको राजनैतिक र सैद्धान्तिक कार्यलाई बलियो बनाउने प्रस्ताव' मा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको टिप्पणी पढ्नु हुँदा र मूल हस्तलिपिलाई जाँच्नु हुँदा माओ त्सेतुङले त्यसमा एक साह्रै महत्त्वपूर्ण हरफ जोड्नुभयो - केही शैक्षिक पृष्ठभूमि रहेका सशस्त्र सेनाका कार्यकर्ताहरूले मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका मौलिक रचनाहरू अध्ययन गर्नुपर्छ । अध्ययनको तरिका भने हाम्रो कार्यको आवश्यकताअनुसार अध्ययन गर्ने खालको हुनुपर्छ, त्यसको अर्थ हो चिनियाँ र अन्तर्राष्ट्रिय समस्याहरू सुल्झाउने उद्देश्यले मार्क्स, लेनिन र स्तालिनलाई सहायता लिनुपर्छ न कि अध्ययन अध्ययनकै निम्ति होस् अथवा किताबको कीराजस्तै पढ्न । बरु, मार्क्सवाद-लेनिनवादको सार बुझ्नको निम्ति पढ्नुपर्छ । माओ त्सेतुङका रचनाहरू पढ्ने तरिकामा पनि त्यही अपनाउनुपर्छ ।

सही विचार कहाँबाट आउँछ भन्ने रचना मार्क्सवाद-लेनिनवादका जाज्वल्यमान विचारहरू चम्केको एक रचना हो । २ हजारभन्दा पनि कम शब्दहरू भएको त्यस सानो निबन्धले मार्क्सवाद-लेनिनवादी सैद्धान्तिक ज्ञानलाई गम्भीर रूपमा अगाडि ल्याउँछ । यो मूल रूपमा १९६३ मईमा अध्यक्ष माओले हाम्रो वर्तमान गाउँले इलाकाको काममा केही समस्यामाथि चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको खेस्रा निर्णयमा एक नोट लेख्नुभएको थियो । त्यस कागतपत्रको चौथो हस्तलिपिमा अहिले हामीहरूले के भेट्टायौं भने माओ त्सेतुङले एक खास पङ्क्ति थप्नुभएको थियो - सत्यलाई जाँच्ने अर्को उपाय छैन ।

२५ सेप्टेम्बर १९६४ को दिन माओ त्सेतुङले केन्द्रीय समितिको एक जिम्मेवार साथीद्वारा खेस्रा गरिएको एक कागत-पत्रमा एक साह्रै महत्त्वपूर्ण टिपोट लेख्नुभयो - हाम्रा कार्यकर्ताहरूमध्ये साह्रै कम आफूलाई नै ठीक छन् भन्ने सम्झन्छन् । यसको कारण के हो भने तिनीहरू मार्क्सवादी सिद्धान्तको ज्ञानलाई बुझ्दैनन् । यसकारण, मार्क्सवादी सिद्धान्तको ज्ञानलाई ठुलो धैर्यपूर्वक प्रचार गर्नु आवश्यक छ । यसलाई सजिलोसित भन्ने हो भने, यसको अर्थ हो जनसमुदायबाट जनसमुदायमा तल जान र एक खास ठाउँमा बस्न तिनीहरूले आफ्नो मनलाई बलियो पार र तिमीहरूले जनसमुदायका आवाजलाई सुन्न सक्नेछौ, व्यवहारबाट वास्तविक सत्यलाई विस्तारै बुझ्नेछौ । त्यसलाई मानसिक सत्य बनाऊ र तब यसले काम गर्छ कि गर्दैन भनेर हेर्न फेरि व्यवहारमा लैजाऊ । भएन भने फेरि एकचोटि व्यवहारमा जनसमुदायसँग गएर छलफल गर्नुपर्ने हुन्छ । यसप्रकार बनिबनाउ कुराको समस्या अथवा कोरा सिद्धान्तवादको समस्यालाई सुल्झाउन सकिने छ र अनि अन्धविश्वास रहनेछैन । यसरी काम गरिएन भने जति उँचो ओहदाको हाकिम हुन्छ उति उति कम सच्चाइ हुन्छ । यही कुरा माथिल्ला हाकिमहरूलाई लागू हुन्छ र तल्ला हाकिमहरूलाई पनि यही कुरा लागू हुन्छ ।

त्यसको लगत्तै १८ अक्टोबर १९६४ को दिन माओ त्सेतुङले त्यस टिपोटमा अर्को हरफ थप्नुभयो - भौतिक सत्यलाई जान्नु भन्नुको हाम्रो अर्थ हो - व्यवहारले मानिसको वस्तु र बाहिरी भौतिक संसारको सारलाई प्रतिबिम्बित पार्नु, जो पछि क्रमिक र ठुलठुला परिवर्तनहरूबाट यो मानसिक सत्यमा भएको क्रमिक हेरफेरहरूमा वास्तविक भौतिक सच्चाइ (अर्थात् नियम) प्रतिबिम्बित भएको छ वा छैन भनेर जान्न चाहन्छौ भने हामी फेरि व्यवहारमा गएर यसले काम गर्छ वा गर्दैन भनेर हेर्नु आवश्यक छ ।

माओ त्सेतुङको टिपोटले एकचोटि फेरि बढी धैर्यपूर्वक मार्क्सवादी सिद्धान्तको ज्ञानलाई प्रचार गर्नु आवश्यक छ भन्ने जोड दियो । यसले एकचोटि फेरि जनसमुदायबाट आउने, जनसमुदायमा जाने, व्यवहारबाट सत्यलाई जान्ने र व्यवहारबाटै सत्यलाई जाँच्ने सिद्धान्त बुझ्न सजिलो बाटोलाई व्याख्या गर्‍यो । यसले हाम्रा केही साथीहरूमा भएको 'बनाइएका नियमहरू', 'कोरा सिद्धान्तहरू' र 'अन्धविश्वास' लाई हटाई आवश्यकतालाई अगाडि बढायो । सूक्ष्म परीक्षणबाट के देखाउँछ भने मार्क्सवादी सिद्धान्तको ज्ञानबाट टाढा गएपछि उँचो दर्जाका हाकिमहरू कम सच्चाइमा हुन्छन् ।

दस वर्षमा लिन प्याओ र चार जनाको गुटले ठुलो आतङ्क मच्चाउँदा माओ त्सतुङले हुर्काउनुभएका र लामो समयको सङ्घर्षबाट बनाउनुभएका हाम्रो पार्टीका परम्पराहरू, तथ्यबाट सच्चाइ खोज्ने र जननीतिको परम्परालाई जथाभावी कुल्चिदिए । त्यसको परिणाम अनियन्त्रित आदर्शवाद र अध्यात्मवाद थियो, पार्टीलाई कहिले नभएको जस्तो नोक्सान भयो र देश र जनताले ठुलो आपत्ति भोग्नुपर्‍यो । यो हो - हामीले कहिले बिर्सन नहुने कष्टपूर्ण शिक्षा ।

***स्रोत : लर्को, २०५७ असोज***

# आगामी निर्वाचन र नेमकिपाको निर्वाचन उपयोग नीति

विवेक

नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनपछिको पहिलो केन्द्रीय परिषद् पुस १८ र १९ गते सम्पन्न भयो। परिषद्मा पार्टी केन्द्रीय सदस्यहरू, जनवर्गीय र पेशागत सङ्गठनका प्रमुखहरूबाट सङ्गठनात्मक प्रतिवेदनहरू प्रस्तुत गरियो। पार्टी सचिव प्रेम सुवालद्वारा प्रस्तुत पार्टी प्रतिवेदनमाथि समूहगत छलफल गरी सुझावसहित पारित गरियो। प्रतिवेदनमा देशको राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय परिस्थितिको साथै वर्तमान सरकारले घोषणा गरेको निर्वाचनलाई उपयोग गर्ने विषय पनि उल्लेख गरिएको छ। परिषद्ले घोषणापत्र तयारी समिति र निर्वाचन प्रचारप्रसार समिति पनि गठन गरेको छ।

यतिबेला आगामी फागुन २१ गते घोषित निर्वाचनलाई लिएर विभिन्न राजनैतिक दलहरू प्रचारप्रसारमा सक्रिय छन्। कतिपय दलहरू गठनबन्धनमा चुनाव लड्ने तयारी पनि गर्दै छन्। दलहरूबिच पार्टी एकता, संयुक्त मोर्चा र निर्वाचन गठबन्धनका प्रक्रियाहरू भइरहेका समाचारहरू पनि आइरहेका छन्। यस अघि नेपाली काङ्ग्रेस, एमाले र माओवादीहरू गठबन्धनमा चुनाव लडेको भनी सत्तोसराप गर्ने रास्वपा पनि यतिबेला विभिन्न पार्टीहरूसित समायोजन सभा, पार्टी भित्र्याउने र अन्य समूहसित एकीकरणको अभियानमा व्यस्त देखिन्छ। निर्वाचनको सङ्घारमा बसेको नेमकिपाको केन्द्रीय परिषद्मा भने देश र जनताको इमानदारीपूर्वक सेवामा पार्टी कार्यकर्ताहरू लाग्नुपर्नेमा जोड दिनेबाहेक चुनावबारे त्यति चर्चा नै भएन।

### नेमकिपाले चुनावमा किन भाग लिन्छ ?

नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादमा विश्वास गर्ने एउटा कम्युनिस्ट पार्टी हो। कम्युनिस्टहरूले कहिल्यै पनि निर्वाचनबाट समाजवाद स्थापना हुने विश्वास गर्दैनन्। बरु निर्वाचनलाई जनताको राजनैतिक स्तर उठाउन एउटा विश्वविद्यालयको रूपमा मात्र उपयोग गर्छन्। नेपाल मजदुर किसान पार्टीले त्यही काम गर्दै आइरहेको छ। पार्टी स्थापनाकालदेखि हालसम्म प्रतिक्रियावादी सङ्घ संस्थामा गएर जनताको सेवा गर्ने उद्देश्यले मात्रै निर्वाचनलाई प्रयोग गर्दै आएको हो। चुनावमा जितेर सरकारमा जाने, शासक बन्ने र अकुत सम्पत्ति आर्जन गर्नेजस्ता कुनै पनि गलत मनसाय नेमकिपाका नेता कार्यकर्ताहरूले राखेका छैनन्।

देशको विभिन्न समयमा भएको राजनैतिक आन्दोलन र परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्दै आएको नेमकिपा अहिलेसम्म पुँजीवादी सरकारमा सहभागी भएको छैन। पार्टीको सिद्धान्त र विचारमा अविचलित रहेर पुँजीवादको विरुद्ध पार्टी निरन्तर सङ्घर्षरत छ। त्यस क्रममा नेमकिपाका नेताहरूलाई प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री बन्नका लागि आमन्त्रण नगरिएको पनि होइन। तर, निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार समाजवादी विचारको निरन्तर प्रचारप्रसार गर्दै प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको छ। पार्टीहरू सरकारमा जानका लागिमात्र होइन निर्वाचनलाई वैचारिक सङ्घर्षको रूपमा पनि भाग लिन सक्छन् भन्ने नेमकिपा एक उदाहरण हो। कुनै स्वार्थ नलिई देश र जनताको सेवामा समर्पित भएर काम गर्नु नै राजनीति हो भन्ने मान्यता पनि नेमकिपाले स्थापित गरेको छ।

भदौ २३ र २४ गते युवाहरूको विध्वंशात्मक प्रदर्शनपछि नेपालमा अप्रत्यासित ढङ्गले सरकार परिवर्तन भयो। दुई दिनको प्रदर्शनीमा खरबौँको भौतिक क्षति र ७६ जनाको ज्यान गयो। विदेशी तत्त्वहरू नेपालका युवाहरूबिच भित्रभित्र काम गरिरहेको हाम्रा शासक दलहरूले कुनै सुइकोसम्म पाएनन्। त्यो योजनाबद्ध ढङ्गले नेपालको सरकार परिवर्तन गराइएको भन्ने कुरा बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, तिब्बती शुद्ध रगत (टिओबी) जस्ता संस्थाहरू सतहमा आएपछि मात्र प्रस्ट भयो। यो विभिन्न देशहरूमा साम्राज्यवादीहरूले गर्दै आएका रङ्गीन क्रान्तिको सिलसिला मात्र भएकोमा अब कुनै भ्रम रहेन।

अहिले सरकार संविधानभन्दा बाहिरबाट बनेको छ। दलीय शासन व्यवस्थामा निर्दलीय चरित्रको सरकार छ। यो सङ्क्रमणकालीन समय जति लम्बिन्छ, त्यति नै देश र जनता थप सङ्कटमा पर्दै जानेछन्। त्यसैले यो राजनैतिक अस्थिरताको अन्त्य छिटो गरिनु आवश्यक छ। त्यसैले फागुन २१ गते हुने निर्वाचनलाई पनि नेपाल मजदुर किसान पार्टीले उपयोग गर्ने नीति लिएको हो।

पार्टी स्थापनाकालदेखि नै नेमकिपाले निर्वाचनलाई प्रतिक्रियावादी शासकहरूले गर्दै आएको जनविरोधी क्रियाकलापहरूलाई नङ्ग्याउने, जनतालाई राजनैतिक रूपले सचेत पार्ने र समाजवादी विचार प्रचार गर्ने मञ्चको रूपमा उपयोग गर्दै आएको हो। निर्वाचनको बेला तुलनात्मक रूपमा जनताले राजनीतिप्रति चासो राख्ने हुनाले त्यो अवसरलाई नेमकिपाले उपयोग गर्दै आएको हो।

बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, महँगीविरोधी आन्दोलनजस्ता जनताको जनजीविकाको सवाललाई लिएर समय समयमा गरेको आन्दोलन र साम्राज्यवादी देशले अर्का कमजोर देशमाथि गर्ने थिचोमिचो, हस्तक्षेप र आक्रमणको विरोधमा हुने सङ्घर्ष जस्तै नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई पनि एउटा वर्ग सङ्घर्ष र राजनैतिक सङ्घर्षको रूपमा अगाडि बढाउँदै छ।

### संसद् पनि वर्ग सङ्घर्ष र राजनैतिक सङ्घर्षको थलो

नेमकिपा संसद्लाई एक बौद्धिक अध्यासको थलो बनाउनुपर्छ भन्ने मान्यता राख्छ। संसद् संसद् जस्तै रहेन। नेका, एमाले र माओवादी पालैपालो सरकारमा गए पनि उनीहरूले व्यापक जनताको हितमा काम गरेनन्। देशका सारा उद्योगधन्दाहरू निजीकरण गर्ने उद्देश्यले प्रस्तुत लगानी बोर्ड विधेयक, विदेशीहरूले समेत नेपालमा असीमित घर जग्गा राख्न पाउने गरी प्रस्तुत घरजग्गा कारोबार विधेयक, एनजीओ र आइएनजीओका प्रतिनिधिहरू सञ्चालकमा रहने ग्रामीण खानेपानी विधेयक, विदेशीहरूको शतप्रतिशत लगानीमा नेपालमा बैङ्क खोल्न पाउने बैङ्क तथा वित्तीय संस्थासम्बन्धी विधेयक संसद्मा प्रस्तुत हुँदा नेमकिपाका सांसदहरूले विरोध गर्नुभयो। ती विधेयकहरू पारित भएपछिको परिणाम के भयो सारा नेपाली जनतासामु छर्लङ्ग छ।

देशघाती एमसीसी सम्झौता र विदेशी नागरिकलाई सहज नेपाली नागरिकता प्रदान गर्ने उद्देश्यले प्रस्तुत देशघाती नागरिकता विधेयकलगायत थुप्रै विधेयक र सन्धि सम्झौताहरूको पनि नेमकिपाका सांसदहरूले सशक्त रूपमा विरोध गर्नुभएको थियो।

२०४६ सालपछि बनेको सरकारले सांसदहरूलाई पनि पेन्सन सुविधासम्बन्धी प्रस्ताव, प्राडो पजेरो सुविधाजस्ता प्रस्तावहरूको नेमकिपाले सदनमा चर्को विरोध गरेर सबैलाई सचेत पारेको थियो। यसरी नेमकिपाले व्यवस्थापिका संसद्मा निर्वाचित भएर सेवा सुविधामा रमाउने होइन देश र जनताको इमानदारीपूर्वक सेवा गर्न सबैलाई पाठ सिकाएको छ। नेपालको राजनैतिक पार्टीहरूमा नेमकिपाले एक छुट्टै पहिचान कायम गर्न सफल भएको छ।

नेपालको संविधान निर्माणको बेला पनि संविधानसभामा रहेर देश र जनताको हितमा संविधान निर्माण गर्न नेमकिपाका सभासदहरूले महत्त्वपूर्ण योगदान गर्नुभयो। शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क, रोजगारीका सुनिश्चितता, उद्योगहरूको सामाजिकीकरण, सम्पत्तिमा सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थाको लागि नेमकिपाका सांसदहरूले संविधानसभामा निरन्तर जोड दिनुभयो। तर, नेका, एमाले र माओवादीहरूको अत्यधिक बहुमत भएको त्यस सभाले नेमकिपाले अगाडि सारेका ती प्रस्तावहरूलाई ध्यान दिएन। परिणाम आज दैनिक हजारौँ युवाहरू रोजगारीको निम्ति विदेश जान बाध्य भए भने वर्षको लाखौँ विद्यार्थीहरू उच्च शिक्षाको लागि विदेश जानुपर्ने वातावरण बन्यो।

अझ संविधानसभामा माओवादीहरूले जातीय राज्य र आत्मनिर्णयको अधिकारको प्रस्ताव राख्दा नेमकिपाले त्यसको सशक्त विरोध गरेको थियो। देश आत्मनिर्णयसहितको जातीय राज्यमा गएको भए आज नेपालको अवस्थामा के हुन्थ्यो ? अहिले संसारका विभिन्न देशहरूमा भइरहेका जातीय द्वन्द्वहरूबाट नेपालीहरूले शिक्षा लिएको हुनुपर्छ।

यसरी नेपाल मजदुर किसान पार्टीले संसद् र संविधानसभामा गएर जनताको हितमा कानुन निर्माण गर्न जोड दिने र प्रतिगामी विधेयकहरू र सम्झौताहरूको विरोध गर्ने नीतिलाई व्यवहारमा उपयोग गर्दै आएको छ।


### सांसद किनबेचको फोहोरी खेलबाट टाढा

संसदीय व्यवस्थासँग सांसद किनबेचको फोहोरी खेल हुनु अस्वाभाविक होइन। जनताबिच राजनीति गरेको आधारमा होइन कि पैसाका बलमा सांसद हुनेहरू बढी देखिएका छन्। अहिले संसद्मा शासन सत्ता पल्टाउन जेलनेलको पर्वाह नगरी सम्पूर्ण जीवन पार्टीमा समर्पित भएर लागेका इमानदार कार्यकर्ताहरूभन्दा करोडौँ रुपैयाँ पार्टीलाई 'चन्दा' सहयोग गर्न सक्ने धनाढ्य व्यापारीहरू, ठेकेदारहरू, तस्कर र भ्रष्टाचारीहरूको बोलवाला हुन थालेका छन्। विनोद चौधरी, राज्यलक्ष्मी गोल्छा, राजेन्द्र खेतानजस्ता व्यक्तिहरू पार्टीलाई करोडौँको सहयोग दिएर सांसद र संविधानसभा सदस्य बन्नेछन्। यसले संसद् प्रतिक्रियावादीहरूको लागि आवश्यकताअनुसार नयाँ नयाँ कानुन निर्माण गर्ने सञ्चालक समिति मात्र सावित भएको छ। नेपाल मजदुर किसान पार्टी संसद्लाई समाजवादी क्रान्तिको वातावरण निर्माण गर्ने एक आन्दोलन गर्ने थलोको रूपमा मात्र लिन्छ अर्थात् पार्टीले क्रान्तिकारी संसद्वादको अभ्यास गर्दै छ।

नेपाल मजदुर किसान पार्टीले निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा घोषणापत्रअनुसार काम गर्दै छ। कति शासक दलहरूले आफू निर्वाचित भएपछि घोषणापत्रलाई पल्टाएर हेर्नेसम्म गर्दैनन्। तर, नेमकिपा भने जनतालाई दिएको वचन अक्षरश: पालना गर्दै अगाडि बढ्दै छ।

संसदीय चुनावलाई प्रतिक्रियावादीहरूलाई नङ्ग्याउने र जनतालाई समाजवादी विचारबारे प्रस्ट पार्ने एक अभियानको रूपमा सिद्धान्त र विचारमा अविचलित रही नेमकिपा सङ्घर्षरत छ। नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनको एक 'प्रकाश स्तम्भ' को रूपमा नेपालको राजनीतिमा उदाएको छ।

# नवप्रवेशी शाखा अधिकृतहरूको टोलीद्वारा भक्तपुरका सांस्कृतिक सम्पदाहरू अवलोकन



भक्तपुर। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी शाखा अधिकृतहरूको ६ महिना अवधिको 'आधारभूत प्रशासन प्रशिक्षण' का प्रशिक्षार्थी अधिकृतहरूको टोलीले पुस २० गते भक्तपुर नगरपालिकाका पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गऱ्यो।

सोही क्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले प्रशिक्षार्थी अधिकृतहरूलाई मार्गनिर्देश गर्दै भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी शैक्षिक संस्थाहरू सञ्चालन गरेकै कारण आज भक्तपुर ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो।

उहाँले नपाबाट सञ्चालित उक्त कलेजहरूमा देशका ७७ जिल्लाबाट विद्यार्थीहरू अध्ययन गरिरहेको बताउँदै २०५६ सालमा ख्वप मावि स्थापनासँगै हाल ख्वप विश्वविद्यालय सञ्चालन गर्ने अवस्थामा नगरपालिका पुगेको बताउनुभयो। उहाँले नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू भक्तपुर नगरपालिकामा निर्वाचित भएर आइसकेपछि 'एक घर एक स्नातक' उद्देश्य पूरा गर्न शैक्षिक संस्थाहरू सञ्चालन गरेको र यसबाट नगरको मात्र नभई देशभरिकै युवाहरूले उच्च शिक्षाका लागि बिदेसिन नपर्ने हुँदा यहाँको सम्पूर्ण जनताको सेवा भइरहेको प्रस्ट पार्नुभयो। नगरपालिकाले सञ्चालन गरेका शैक्षिक संस्था र अस्पतालमार्फत हाल सम्पूर्ण जनताको सेवा भइरहेको पनि बताउनुभयो। नेपाल मजदुर किसान पार्टीको उद्देश्य पनि देश र जनताको नि:स्वार्थ सेवा गर्नु हो उहाँले भन्नुभयो।

रुसले समाजवादी व्यवस्था स्थापनापछि २० वर्षमा विश्वकै दोस्रो अर्थतन्त्र बनाउन सफल भएको जानकारी दिनुभयो। तर, नेपालमा २०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्था प्राप्तपछि ३५ वर्षमा ठुला भनाउँदा पार्टीहरूले देशको विकासभन्दा देशलाई झण्डै २८ खर्ब ऋणको भार बोकाएको बताउनुभयो। विदेशी ऋण र विदेशी सहयोगमार्फत देश उपनिवेश हुने खतरा हुनेबारे पनि उहाँले सचेत हुन जोड दिनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नारालाई सार्थक बनाउन विदेशी सहयोगको मुख नताकीकन यहाँकै जनताको जनसहभागिता र सहयोगमा यहाँको सम्पदा संरक्षण गर्न सफल भएको बताउनुभयो। सांस्कृतिक सम्पदा संरक्षणमा ठेका पत्ताबाट नभई यहाँकै स्थानीयबासीहरूको उपभोक्ता समितिमार्फत काम गर्दा जनसहभागिता तथा जनश्रमदान प्राप्त हुने र यसले अपनत्व प्राप्त भई काम प्रभावकारी हुने पनि बताउनुभयो। पुरानो पुस्ताद्वारा सिर्जित सम्पदा संरक्षण, पुन: निर्माण तथा जीर्णोद्धार गरी आफ्नो मौलिक कला र संस्कृतिमार्फत हाम्रो पहिचान देखाई पर्यटन विकास सम्भव भएको हो र यसले नयाँ पुस्ताको सेवा गरिरहेको पनि बताउनुभयो। उहाँले सबै नवप्रवेशी अधिकृतहरूले पनि आगामी दिनमा देश र जनताको नि:स्वार्थ सेवा गर्न शुभकामना दिनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरका जनताको सहयोगबाट २०७२ सालको भूकम्पबाट क्षति पुगेका सम्पदाहरू कुनै पनि विदेशी सहयोगबिना झण्डै ९० प्रतिशत पुन: निर्माण गरिसकेको र हरेक पुन: निर्माणको आयव्यय पारदर्शी गरेको कुरा बताउनुभयो। उहाँले नवनियुक्त अधिकृत प्रशिक्षार्थीहरूलाई नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेसप्रताप मल्लले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालबाट जनतालाई न्यून शुल्कमा नै विशेषज्ञ सेवा प्रदान गरिरहेको जानकारी दिनुभयो। उहाँले नि:शुल्क अक्सिजन वितरणदेखि ख्वप अस्पतालबाट प्रदान गरिरहेको सेवा प्रवाहबारे जानकारी दिनुभयो।

अवलोकन भ्रमणको सहजीकरण भक्तपुर पर्यटक सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले गर्नुभएको थियो। उहाँले भक्तपुर नगरपालिकाले पर्यटक सेवा शुल्क सङ्कलन गरी यहाँको कला संस्कृति, सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य र सरसफाइमा खर्च गरिरेहको र यहाँको सम्पदाहरूबारे पनि विस्तृतमा जानकारी दिनुभयो। अवलोकन भ्रमणमा पर्यटक सूचना तथा सेवा केन्द्रका अधिकृत शरद खत्री र मुरज दिदियाले सम्पदा अवलोकनमा पथप्रदर्शक भई भक्तपुरको कला संस्कृति र सम्पदाबारे जानकारी दिनुभयो। भ्रमणमा प्रतिष्ठानका अधिकृत, नेपाल प्रहरीका प्रशिक्षक र प्रशिक्षकसहित करिब १२० जनाको उपस्थिति थियो।

देशलाई...

तोडफोड एवम् आगजनी गर्नु परिवर्तन र आन्दोलन होइन। भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण हुने र ठुला भ्रष्टाचारीहरूलाई जेल सजायसहित कडा कारबाही हुने कानुन आवश्यक छ।"

चुनावमा देश र जनतालाई सही बाटो देखाउने पार्टी र उम्मेदवारहरू निर्वाचित नभए समाजमा शान्ति सुरक्षा कायम नहुने स्पष्ट पार्दै पार्टी सचिव सुवालले भन्नुभयो, "राजनीति देश र जनताको नि:स्वार्थ सेवा हो। नेमकिपा यही राजनीतिमा समर्पित छ। नेमकिपाको घोषणापत्रअनुसार निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले २६ वर्षयता ख्वप कलेजहरू सञ्चालन गरी ७७ जिल्लाका जनताको सेवा गर्दै छन्।"

भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले वक्तव्यमा सरकारमा गएकाहरूले देश र जनताको समस्या समयमा समाधान नगरेको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न असफल भएको उल्लेख गरेको उहाँले जानकारी दिनुभयो।

सचिव सुवालले भन्नुभयो, "फागुन २१ गतेको निर्वाचनपूर्व नै प्रधानमन्त्री र पार्टी सभापति भाग लगाउनेहरू एक भएर देश र जनतालाई धोका दिँदै छन्; यसबारे नेपाली जनता सचेत हुनु पर्दछ। यस्ता दल र उम्मेदवारलाई दिएको मतले देशसमेत नरहने अवस्था आउन सक्छ। नेपाली जनताले विदेशीसामु घुँडा टेक्ने दल र उम्मेदवारलाई मत दिनुहुँदैन। सिद्धान्तहीन चुनावी मोर्चालाई नेपाली जनताले अस्वीकार गर्नुपर्छ।"

कार्यलयमा राजस्व कार्यालय भक्तपुरका प्रमुख उषा पोखरेलले कर प्रशासन र व्यवसायी एक अर्काको सहयोगी भएको बताउनुभयो।

भक्तपुर जिल्ला इँटा उद्योग सङ्घका अध्यक्ष नातिभाइ ह्योम्बाको सभापतित्वमा भएको उक्त सभामा उद्योग वाणिज्य कार्यालय भक्तपुरका प्रमुख रामप्रसाद कुस्मा, इँटा व्यवसायी विश्वराम कवां, आशाकाजी त्वानावासु, ट्रक व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष लक्ष्मीप्रसाद गोरा, वातावरणविज्ञ भूषण तुलाधार, इँटा व्यवसायी सङ्घ केन्द्रका कार्यवाहक अध्यक्ष राजेन्द्र प्रजापति र उद्योग वाणिज्य सङ्घ भक्तपुरका अध्यक्ष रोशनीमैया धौबन्जारलगायतले बोल्नुभएको थियो। उक्त सभामा सचिव आशराम वैद्यले स्वागत मन्तव्य राख्नुभएको थियो।




**आर्थिक...**

विषय अध्ययन अध्यापनको विषय बनाएर लानुपर्ने धारणा राख्नुभयो ।

सबैको साथ र सहयोगकै कारण वागीश्वरी कलेजले जिल्लामा पहिलोपटक सामुदायिक कलेजतर्फ क्यूएए प्राप्त गर्न सफल भएको चर्चा गर्दै उहाँले आवश्यकताअनुसार भौतिक पूर्वाधार थपिने क्रम जारी रहेको र अहिले पनि अपुग भइरहेको जानकारी दिनुभयो ।

त्रिविको लापरबाहीका कारण विद्यार्थीहरू निराश भएर मुलुक छोड्ने गरेका कारण ख्वप विश्वविद्यालयको माग गरेकोमा मन्त्रीपरिषद्मा पुगेपछि कानुनको अभाव देखाउँदै सरकारले बाधा हालेकोमा उहाँले आक्रोश व्यक्त गर्नुभयो ।

सरकारले रोके पनि विश्वविद्यालयस्तरको शिक्षा दिन लागिपरेको बताउँदै उहाँले ख्वप विश्वविद्यालयमा आबद्ध हुनसक्ने शैक्षिक संस्थाहरूसँग विद्यार्थी र जनशक्तिका हिसाबले २४ वटा विश्वविद्यालयस्तरका निकायहरूमा चौथो स्थानमा रहेको जानकारी दिनुभयो ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले ३५ वर्षमा सरकारमा गएका दलहरूले नवउदारवादको नाममा राम्रो बनाउने भन्दै ध्वस्त पारेका कारण नयाँ पुस्ता विद्रोहमा आएको धारणा राख्नुभयो । नयाँ पुस्ताको आन्दोलनलाई अमेरिकी साम्राज्यवादको साथ र प्रशिक्षण रहेको घटनाक्रमले पुष्टि गर्दै लगेको उहाँले स्पष्ट पार्नुभयो ।

अमेरिकी सरकारलाई रिझाउन र खुसी पार्नको लागि एमसीसी र इन्डोप्यासिफिक रणनीतिलाई सरकारमा गएका दलहरूले निम्त्याएकै कारण अहिले समीकरण बनिरहेको र सरकार फेरबदलमा चलखेल गर्न अमेरिकालाई सहज भएको उहाँको टिप्पणी रहेको छ ।

सरकारमा जाने ठुला दलहरूले ठेकेदार र म्यानपावर कम्पनीका सञ्चालकहरूलाई सांसद र नेता बनाएकै कारण राजनीतिमा फोहोर पसेको र उनीहरूलाई एमाले काङ्ग्रेस र माओवादीले गंगाजल छर्केर चोख्याउन खोज्दा देश नै खतरामा पुगेको उहाँले बताउनुभयो ।

अहिले समाजमा व्यक्तिवादी प्रवृत्ति हाबी हुँदै आएको र राजनीति भनेको फोहोरी खेल भन्नेहरू नै मन्त्री प्रधानमन्त्री बन्छु भनेर आउन थालेकोमा उहाँले आश्चर्य व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेशकै सांसद सृजना सैंजूले वागीश्वरीको भूमिका र योगदान अतुलनीय भएको बताउँदै शिक्षा क्षेत्रको ज्वलन्त उदाहरणको रूपमा वागीश्वरी अघि बढिरहेको धारणा राख्नुभयो ।

अहिले विश्वविद्यालयले विश्वविद्यालयको जस्तो काम नगरेको र विदेशी सम्बन्धन प्राप्त कलेजहरूको लुटतन्त्र छरपस्ट हुन थालेको दृष्टान्त सांसद सैंजूले पेस गर्नुभयो ।

पश्चिमा सामाजिक सञ्जालले दिग्भ्रमित बनाउने भएकाले विद्यालय कलेजले वास्तविक ज्ञान प्रदान गर्न पाठ्यपुस्तकबाहेकका शिक्षाहरू पनि दिनुपर्ने धारणा उहाँले राख्नुभयो ।

अमेरिकी साम्राज्यवादले ५० भन्दा बढी मुलुकमा सत्ता उथलपुथलको प्रयास गरेकोमा ९० प्रतिशत सफल भएको र बङ्गलादेश श्रीलङ्कापछि नेपालमा पनि अमेरिकी रणनीतिले भूमिका खेलेको उहाँले बताउनुभयो । अमेरिकालाई इराक र अफगानिस्तानको सत्ता उथलपुथल महँगो भएका कारण अहिले नयाँ शैलीमा प्रस्तुत भएको र चीन घेर्ने नीतिअनुसार नेपालमा आन्दोलन गराएको आरोप उहाँले लगाउनुभयो ।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले वागीश्वरीमा सीटीईभीटीका कक्षा, प्राविधिक कक्षा, खुला विद्यालय र अन्य तालिमहरू पनि सञ्चालन भइरहेको जानकारी दिनुभयो । वागीश्वरीले शैक्षिक गन्तव्य बनाउन प्रयास गरिरहेको बताउँदै उहाँले अन्य सफल विद्यालयहरूको सफलतालाई अङ्गीकार गर्दै विद्यालयलाई थप उचाइमा पुऱ्याउने बताउनुभयो ।

वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिले वागीश्वरीले पूर्वाधार थप गर्ने क्रममा भवन र जग्गा खरिदका कार्य भइरहेको जानकारी दिँदै नमुना शिशुस्याहार केन्द्र बनाउने गरी कार्य भइरहेको बताउनुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रममा मानविकी सङ्काय प्रमुख राजन फेलुले पनि बोल्नुभएको थियो ।

**जिम्मेवारीबाट...**

परिषद्मा पेस भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरूलाई अन्तिम रूप दिने जिम्मेवारी पार्टी केन्द्रीय सचिवालयलाई दिइएको छ ।

शनिबार पार्टी केन्द्रीय सदस्य, जिल्ला समिति र वर्गीय तथा पेसागत सङ्गठनको प्रतिवेदनहरू बैठकमा पेस गरिएका थिए ।

यसअघि परिषद् पुस १८ गते भक्तपुरमा सुरु भएको थियो । परिषद्को अध्यक्षता ग्रहण गर्दै परिषद्मा पार्टी अध्यक्ष बिजुक्छेँले नेता र कार्यकर्ताहरूले संसारका मुख्य-मुख्य आन्दोलन र सङ्घर्षका इतिहास तथा क्रान्तिकारी नेताहरूको जीवनी र उहाँहरूको जीवन सङ्घर्षबाट सिक्न आवश्यक छ भन्नुभयो ।

फ्रान्सेली राज्य क्रान्तिको १० वर्षमा ४ ओटा संविधान बनेको उल्लेख गर्दै उहाँले देश र जनताको हितमा काम नगरेका नेपोलियन परिवारलाई फ्रान्सको चुनावमा उम्मेदवार हुन नदिने व्यवस्थासमेत गरेको बताउनुभयो ।

सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिबारे जानकारी दिँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “रुसका बोल्शेभिक सांसदहरू जनताको सङ्गठन र सङ्घर्षमा समर्पित भएर लागेका थिए । त्यसबेला एक जना गुप्तचर पनि बोल्शेभिक सांसद भए । उनले पार्टी र जनतालाई धोका दिएको हुँदा क्रान्तिपछि अदालतबाट उनलाई ज्यान सजाय भएको थियो ।”

नेपालमा पनि देश र जनतालाई विश्वासघात गर्ने सांसद र मन्त्रीहरूलाई क्रान्तिपछि सजाय हुने धारणा अध्यक्ष बिजुक्छेँले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “भदौ २३ र २४ गतेको घटनापछि नेका र एमालेको दुईतिहाइको सरकार तासको घरजस्तै ढल्यो । त्यसबेला नेका र एमालेका समर्थक दाबी गरेका शिक्षक-कर्मचारीहरूबाटै सरकारलाई सहयोग भएन । शासकहरूले ती शिक्षक र कर्मचारीहरूलाई आ-आफ्नो सुविधा बढाउन काठमाडौँमा आन्दोलन मात्र गराए । इतिहासमा विध्वंसको घटना हुँदा ठुल ठुला प्रतिरोध आन्दोलन भएका उदाहरणहरू छन् । नेपालमा शासक दलका नेता र कार्यकर्ताहरू आफ्नै दलको सरकार ढालिँदा पनि मौन बसे ।”

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, “शिक्षक र कर्मचारीहरूले विद्यार्थी, युवा र सर्वसाधारण जनतालाई सुसंस्कृत समाज निर्माणबारे शिक्षित गर्नु जरुरी छ ।”

पार्टी कार्यमा घर छोडेर कति दिन खटिएँ, नयाँ कार्यकर्ताहरू कति जना तयार गरेँ भन्ने विषयमा कार्यकर्ताहरूले आत्ममूल्याङ्कन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “शासक दलहरूले कार्यकर्तालाई जागीर, ठेक्का, वैदेशिक रोजगारीको लोभ देखाउने, अपराधको निम्ति दण्ड सजायबाट समेत मुक्त गरिदिने आश्वासन दिइरहेका छन् । नेमकिपाले कार्यकर्तालाई सुरुदेखि नै देश र जनताको नि:स्वार्थ सेवा गर्न सिकाउनुपर्दछ । पार्टी कार्यकर्ताले पार्टीको अडान बोल्ने हो, व्यक्तिगत फाइदा खोज्ने होइन ।”

चुनावमा बहुमत आएर समाजवाद नआउने स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले शासक दलहरूले चुनावमा सामान र पैसा बाँडेर दुईतिहाइ पुऱ्याएको र सरकारमा गएर भ्रष्टाचार गरेको हुँदा सरकार ढालिए पनि तिनका नेता र कार्यकर्ता कोही बचाउन निस्कन नसकेको बताउनुभयो ।

सोभियत समाजवादको विघटनबारे चर्चा गर्दै उहाँले भन्नुभयो, “साम्राज्यवादीहरूले समाजवादविरुद्ध मनोवैज्ञानिकरूपमा भित्रभित्रै जनतालाई भड्काउने शीत युद्ध चलाए । यसकारण, पनि सोभियत सङ्घ विघटन भयो र १५ ओटा पुँजीवादी देशमा विभाजन भयो ।”

प्रतिक्रियावादीहरूले देश र जनताको नि:स्वार्थ सेवा गर्नेहरूलाई बाधा अवरोध तेर्स्याउनेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले पञ्चायती निरङ्कुश सरकारले नेमकिपाका नेता र कार्यकर्ताहरूविरुद्ध झूटा ज्यान मुद्दा चलाएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “मागेर मजदुर वर्गको राज्य संसारमा कहाँ दिइएको छ ? जनताको हित हुने बन्दोबस्तको लागि सङ्घर्ष गर्नैपर्दछ । सङ्घर्षको लागि जनताबिच सङ्गठन गर्नैपर्दछ ।”

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “मुख्य मुख्य पदमा बसेर देश र जनताको सेवा नगर्नेहरू इतिहासमा दोषी साबित हुनेछन् । जनताको सेवामा लागिरहेकाहरूसमेत सङ्कट आउनासाथ ‘राजनीति नगर्ने’ भनी कागज गरेर प्रतिक्रियावादीहरूसँग झुकेका छन् । देश र जनताविरोधीहरूसँग लड्न नसके कार्यकर्ताहरू जीउँदो लासजस्तै हुनेछन् । नेमकिपाको उद्देश्य देश र जनताको नि:स्वार्थ सेवाबाहेक अर्को छैन ।”

परिषद्मा सचिव प्रेम सुवालले पार्टी केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । सचिव सुवालले प्रस्तुत गर्नुभएको प्रतिवेदनमाथि समूहगत छलफल गरिएको थियो ।

**उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।**

- वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।
- गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
- झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
- उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
- उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
- उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
- सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
- अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
- उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** — प्रधान

# प्रजातन्त्र र अधिनायकतन्त्रमा फरक के हो ?

‘अमेरिकाद्वारा भेनेजुयलामा भीषण सैन्य आक्रमण’, ‘राष्ट्रपति मादुरो दम्पती पक्राउ’, ‘आतङ्कवाद अभियोगमा अमेरिकामा मुद्दा’ (राजधानी - २१ पुस, २०८२) ।

‘भेनेजुयलामा अमेरिकी आक्रमण’, ‘राष्ट्रपति मादुरो नियन्त्रणमा’, ‘आक्रमणको सर्वत्र विरोध र निन्दा’ (नेपाल समाचारपत्र - २७ पुस, २०८२) ।

‘भेनेजुयलामा अमेरिकी हमला, राष्ट्रपति मादुरो कब्जामा’, ‘न्युयोर्कमा लागुऔषधलगायत मुद्दा चलाउने तयारी’ (नयाँ पत्रिका - २० पुस, २०८२) ।

माथिका सबै नेपाली दैनिक खबर कागजले भेनेजुयलामाथि अमेरिकी आक्रमण र राष्ट्रपति एवं श्रीमती राष्ट्रपतिलाई समेत अपहरण शैलीमा न्युयोर्क लगेको कार्यलाई कसैले पनि राम्रो नमानेको प्रस्ट भयो । यो नै त्यस घटनाबारे नेपाली जनमत हो ।

प्रश्न उठ्छ - के एक स्वतन्त्र र सार्वभौम देशमाथि तुलनात्मकरूपले शक्तिशाली देशले अर्को सानो देशमाथि आफूले चाहेको मानिस वा कम्पनीलाई तेल र खनिजको मालिक बनाउने र आफूले चाहेको भाउ र भनेजस्तो व्यापार नगरेकोमा त्यस देशको राष्ट्रपति र श्रीमती राष्ट्रपतिलाई समेत ‘अपहरण’ शैलीमा न्युयोर्कमा लानु के एक राष्ट्रपति वा एउटा राज्यको सर्वोच्च पदाधिकारीलाई सुहाउने काम हो ?

हरेक पश्चिमी शैलीको संसदीय बन्दोबस्त र राष्ट्रपतीय बन्दोबस्तमा राष्ट्रपतिको पद र कार्यशैली टोल र गाउँको एक गुण्डाजस्तो र हुल्लडबाज लबस्तरोको जस्तै हुने गरेको सुन्नमा आएको छैन र पढेको वा सुनिएको पनि छैन । एक प्रतिष्ठित व्यक्तिले पदअनुसारको व्यवहार भएन भने जरुर आश्चर्यमा पर्नु र प्रश्न उठ्नु स्वाभाविक छ । नेपालमा पनि कहिलेकाहीँ सम्भवत: भर्खर लागू भएको संसदीय व्यवस्थामा राजदरबारको एक कार्यक्रममा ‘सांसद दम्पती’ बोलाएको कार्यक्रममा एकजना पूर्वमन्त्रीका छोरा सांसदले एक बाहिरी महिलालाई सँगै लैजाँदा बुझेका र चिनेका मानिसहरूले खल्लो अनुभव गरेका थिए । गल्ती ‘छोरो’ माननीयको होइन बरु पूर्वमन्त्रीको हो । जुन राजनैतिक दलको कार्यकर्ता र सांसद बनाउने नेतृत्वको दोष हो । यस्तो निर्लज्जताबारे नेपालीहरू नै सचेत थिए भने राष्ट्रपतिबाट वा प्रधानमन्त्रीहरूको तर्फबाट नेपालमा देखाइएको गैरजिम्मेवारीप्रति ‘जेन-जी’ काण्डको सिलसिलामा सबै छताछुल्ल भएकोमा सबै सचेत जनता र बुद्धिजीवी समुदायमा भोलि पनि चर्चाको विषय हुनेछ ।

३७ वर्ष पहिले पनि १७ डिसेम्बर, १९८९ मा पानामामाथि आक्रमण गरी राष्ट्रपति म्यान्युअल नोरेगालाई ‘लागुऔषध तस्करी’ को अभियोगमा नियन्त्रणमा लिएको थियो -संयुक्त राज्य अमेरिकाले । ‘लागुऔषध’ आरोप आजभोलि अमेरिकाले हरेक विदेशी शासक दलका नेताहरूलाई ‘निहुँ’ खोजेको रूपमा लिइने गरेको देखियो । (दक्षिण एसियाली देशमा अहिले पक्राउ परेका गाँजा र पक्राउ नपरेका गाँजा सबभन्दा बढी अमेरिकी गाँजा बताइन्छ ।) पानामाको नहर १०० वर्षपछि अमेरिकाले नफर्काएकोमा असन्तोष व्यक्त गर्नु हरेक देशभक्त र राष्ट्रपतिले उठाउनु स्वाभाविक हो । तर, पानामाका राष्ट्रपति अमेरिकी जेलमा सन् २०१७ मा मृत्यु भएको खबर पनि धेरै दिनपछि मात्रै परिवार र देशका जनताले थाहा पाए ।

संयुक्त राज्य अमेरिकी राष्ट्रपति पदको आफ्नै स्तरका मित्र देशका नेताहरूलाई गरिने व्यवहारबारे युक्रेनका राष्ट्रपति जेलेन्स्की र अन्य राष्ट्रपतिहरूप्रति गरेका घटनाहरूको सूची नै समाचारपत्रमा आउँदा पाठकहरू स्तब्ध भए । धम्की र आतङ्कले शक्तिराष्ट्रको कूटनैतिक स्तरको नापो प्रस्ट हुन्छ - समय मात्रै पर्खिनु आवश्यक छ, सच्चाइ पनि पुस्टिँदै जानेछ ।

ल्याटिन अमेरिकी देशका नेताहरूलाई संयुक्त राज्य अमेरिकी राष्ट्रपतिको आरोप ‘आतङ्कवादीहरूसँगको संलग्नता’ हो । अब यस्ता ‘निहुँ खोज्ने’ र ‘कनिका बोकाउने’ अमेरिकी कूटनीति पुरानो हुँदै गएको देखिन्छ ।

‘साम्राज्यवादी’ नीतिकै विरोध हुँदा संयुक्त राज्य अमेरिकी राष्ट्रपति ट्रम्प रिसाउने हो भने अमेरिकी स्वतन्त्रता आन्दोलनका जर्ज वासिङ्गटन र अन्य सबै नेताहरू बेलायती साम्राज्यवादका विरोधी थिए र त्यही सङ्घर्षको कारण संयुक्त राज्य अमेरिकाको स्थापना भएको हो ।

त्यस्तै समाजवादी नीति, तेल उद्योगलाई राष्ट्रियकरण गर्ने, खाद्यान्नको कमी र औषधिको कमीको बन्दोबस्त र मुद्रास्फीतिलाई नियन्त्रण गरेकै कारण मादुरोलाई पक्राउ गर्न पाँच करोड डलरको ‘पुरस्कार घोषणा’ स्वयं विदेशी घरेलु मामलामा हस्तक्षेप हो । त्यसैलाई राष्ट्रपति ट्रम्पले ‘ब्रिलियन्ट अपरेसन’ को संज्ञा दिनु पनि भलादमीहरूको निम्ति नसुहाउने विषय हो ।

कूटनीतिक मर्यादालाई नै भुलेर ठुलो शक्ति र ठुलो पदका व्यक्तिले भन्ने गरेका सबै सत्य हो भने माथिल्लो स्तरका नेताहरूले अमेरिकी कारबाहीमा रुस, चीन, इरान, क्युवा, कोलम्बिया, बोलिभिया, चिली, मेक्सिको आदि देशका राष्ट्रपति र नेताहरू पनि के सबै अमेरिकाविरोधी नै हुन् ? संसारका जनता ‘अमेरिकी जनताविरोधी’ होइनन् बरु अमेरिकी आक्रमक नीतिका विरोधी हुन् ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३